नेपाल कम्युनिष्ट पार्टी (मसाल)को मुखपत्र

# मसाल

अंक-७१ / २०६८ श्रावण

प्रकाशक

**नेपाल कम्युनिष्ट पार्टी (मसाल)**

केन्द्रीय कार्यालय

Website : www.cpnmashal.org





## • यसभित्र


१. सम्पादकीय : संविधानसभाको विघटनको खतरा

२. शान्ति, संविधान र गणतन्त्रको समस्याः अहिले त्यो समस्याको समाधान नभए भावी पुस्ताले त्यसका लागि लामो र कठिन संघर्ष गर्नुपर्नेछ - **मोहनविक्रम सिंह** ३-१०

३. "वाम" ध्रुवीकरण वा राष्ट्रिय सहमति ? - **वीर सिंह** ११-१३

४. बलियो संगठन निर्माणको प्रश्न - **उत्तम** १४-१५

५. पार्टी सुदृढीकरण र अनुशासन - **विश्वराम** १५-१६

६. राज्य पुनर्संरचना र स्थानीय निकाय - **बोध** १७-२०

७. मोर्चा तथा जनवर्गीय संगठनका गतिविधिहरू २१-२९

- आन्दोलनका पक्षधर शक्तिहरूको एकता आज पनि आवश्यक छ - **चित्रबहादुर के.सी.**
- युवक संघ राष्ट्रिय जागरण अभियानमा
- जनगणनाको विषयमा ज्ञापनपत्र
- संघीयताका विरुद्ध सभाहरू सम्पन्न
- उत्तर भारतमा क्षेत्रीय सम्मेलन सम्पन्न
- पूर्वी भारत क्षेत्रीय सम्मेलन सम्पन्न
- मध्य दक्षिण भारत सम्मेलन सम्पन्न
- हिमाचल राज्य सम्मेलन सम्पन्न
- पश्चिमोत्तर क्षेत्रीय सम्मेलन सम्पन्न
- सहिद मित्रमणि आचार्यको शालिक अनावरण
- अखिल (छैठौं)को राष्ट्रिय परिषद् बैठक सम्पन्न
- अन्टुकको बैठक सम्पन्न
- दुर्गाप्रसाद योगीको निधन
- समताको शिविर सम्पन्न
- अखिल (छैठौं)को अभियान जारी
- राजमोको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न
- पूर्वोत्तर क्षेत्रीय सम्मेलन सम्पन्न
- दक्षिण भारतमा क्षेत्रीय सम्मेलन सम्पन्न
- पश्चिम र मध्यपश्चिम भारत क्षेत्रीय सम्मेलन सम्पन्न
- सुदुरपश्चिमोत्तर क्षेत्रीय सम्मेलन सम्पन्न
- संघीयता विरूद्धमा खुल्ला अन्तर्क्रिया
- राष्ट्रिय जनमोर्चाको "राष्ट्रिय जनअभियान"
- रक्तिमको दोस्रो राष्ट्रिय भेला सम्पन्न
- अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइयो
- ढुंगानाप्रति श्रद्धाञ्जली
- समयमै संविधान निर्माणका लागि दवाव दिन राजमोका देशव्यापी विरोध सभाहरू

८. नेपाल कम्युनिष्ट पार्टी (मसाल)का महामन्त्री का. मोहनविक्रम सिंहद्वारा जारी वक्तव्यहरू ३०-३६

# संविधानसभाको विघटनको खतरा

अहिले संविधानसभाको विघटनको गम्भीर खतरा उत्पन्न भएको छ । संविधानको निर्माण नगरिकन त्यसको विघटन भयो भने त्यो अत्यन्त ठूलो राजनीतिक क्षति हुनेछ । त्यसबाट सबैभन्दा ठूलो आघात गणतन्त्रलाई संस्थागत गर्ने कार्यमा पर्नेछ ।

अहिले देशमा जुन प्रकारको स्थितिको सिर्जना भइरहेको छ, त्यो अवस्थामा त्यसको विघटनको सम्भावना झन् पछि झन् बढ्दै गइरहेको छ । संविधानको निर्माणका लागि पहिले दुई वर्षको अवधि तोकिएको थियो । त्यो अवधिमा संविधान बन्न सकेन । पछि एकवर्षको अवधि थपियो । त्यो अवधिमा पनि संविधानको निर्माण हुन सकेन । अहिले तीन महिनाको अवधि थपिएको छ । त्यो अवधिका लागि शान्ति प्रक्रिया र संविधानको निर्माण सम्बन्धी जुन प्रतिवद्धता प्रकट गरिएको छ, त्यो दिशामा पनि संतोषजनक प्रगति भएको देखिंदैन । त्यो अवस्थामा यो गम्भीर आशंका पैदा भएको छ : पहिले झैं तीन महिनाको थपिएको अवधिमा पनि निर्धारित कार्य अपूरो रहने ता होइन ? तीन महिनाभित्र ती कार्यहरु पूरा नभएमा संविधानसभाको औचित्यता बारे पनि गम्भीर प्रश्न उठ्ने छ । त्यो सिलसिलामा यो प्रश्न पनि उठ्न थालेको छ : भाद्र १४ गतेसम्म निर्धारित कार्य पूरा हुन नसकेमा संविधानसभाको नै विघटन हुनेता होइन ?

संविधानसभा २००७ सालको राजनीतिक परिवर्तन वा २००७ सालको अन्तरिम संविधानको शिशु हो । तात्कालिक राजाहरूले प्रारम्भदेखि नै त्यसको हत्याको प्रयत्न गरे र अन्तमा त्यसको हत्या गरियो । तर त्यसको आन्दोलन अगाडि बढिरह्यो । त्यो आन्दोलनको लामो, ऐतिहासिक र गौरवपूर्ण इतिहास छ । अन्तमा २०६२-६३ सालको आन्दोलनपछि संविधानसभाको चुनाव भयो । त्यो संविधानसभाको करिब ६ दशक लामो आन्दोलनको अत्यन्त ठूलो र ऐतिहासिक उपलब्धि थियो । तर यो विडम्बनाको कुरा हो कि अहिले स्वयं संविधानसभा पक्षधर शक्तिहरूको कार्यविधिले त्यसको विघटनको परिस्थितिको सिर्जना गर्दैछ ।

राजावादीहरूले संविधानसभाको म्याद बढाउने कुराको विरोध गर्दै त्यसको विघटनको माग गर्दै आएका छन् । उनीहरूको त्यससित जन्मजात शत्रुतापूर्ण सम्बन्ध रहेको छ । राजाहरूलाई यो कुराको डर थियो, संविधानसभाको चुनाव भयो र सार्वभौमसत्ता जनतामा हस्तान्तरण भयो भने त्यसको प्रयोग उनीहरूका विरूद्ध वा राजतन्त्रको अन्तका लागि पनि हुन सक्नेछ । अन्तमा त्यही भयो । संविधानसभाले राजतन्त्रको अन्त गरेर गणतन्त्रको स्थापना गर्‍यो । त्यो राजावादीहरूको सबैभन्दा मन नपर्ने कार्य थियो । संविधानसभा संविधानको निर्माणको कार्यमा जति जति असफल हुँदै गइरहेको छ, त्यति त्यति त्यसको विघटनका लागि आवाज उठाउन आधार र जनमत पनि तयार हुँदै गइरहेको छ । त्यो अवस्थाबाट फाइदा उठाएर राजावादीहरूले झन्पछि झन् सशक्त प्रकारले संविधानको विघटन र राजतन्त्रको पुनर्स्थापनाका लागि आवाज उठाउँदै गइरहेका छन् ।

राजावादीहरूले संविधानसभाको विघटनका लागि खुला प्रकारले आवाज उठाएको भएपनि त्यसका लागि वास्तविक खतरा राजावादीहरूबाट होइन, संविधानसभा र गणतन्त्र पक्षधर प्रमुख राजनीतिक शक्तिहरूबाट नै छ । संविधानसभाको चुनावपछि उनीहरूले मुख्य ध्यान संविधानको निर्माणमा केन्द्रित गर्नुभन्दा सत्ताको प्रतिस्पर्धामा लगाउने गरेका छन् वा संविधानसभालाई आफ्ना संकीर्ण र दलीय स्वार्थहरूको पूर्तिको लागि प्रयोग गर्ने प्रयत्न गरेका छन् । त्यस सन्दर्भमा सबै प्रमुख राजनीतिक शक्तिहरूलाई समान रूपले दोषी ठहराउनु सही हुने छैन । तर यहाँ हामी संविधानको निर्माण हुन नसक्नुका पछाडि उनीहरु मध्ये कुन राजनीतिक शक्ति कति कम र बढी दोषी छ ? भन्ने कुरा बारे विचार गर्ने पट्टि लाग्दैनौं । मुख्य कुरा यो हो कि समग्र रूपमा संविधानसभा आफ्नो जिम्मेवारी पूरा गर्न असमर्थ हुनुका पछाडि सर्वप्रथम स्वयं संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरु नै जिम्मेवार छन् ।

संविधानसभा आफ्नो जिम्मेवारी पूरा गर्न असफल हुनुको परिणामस्वरूप जनतामा व्यापक रूपमा त्यसका विरूद्ध जनमत तयार हुँदै गइरहेको छ । त्यस सन्दर्भमा यो प्रश्न झन्पछि झन् जोडदार रूपले उठ्न थालेको छ : संविधानसभाले संविधान बनाउने काम गर्दैन भने त्यसको उपयोगिता के छ ? त्यसको म्याद बढाउदै जानुको के अर्थ छ ? यदि भाद्र १४ गतेसम्म पनि शान्ति र संविधान सम्बन्धी प्रतिवद्धता पूरा गरिएन भने त्यो आवाज पुनः जोडदार रूपमा उठ्ने छ र त्यो अवस्थामा संविधानसभाको विघटनको खतरा गम्भीर रूपमा उपस्थित हुनेछ । अहिले संविधानसभाको विघटनको खतरा जसरी गम्भीर रूपमा देखापर्दैछ, त्यसका लागि राजावादीहरूलाई मात्र दोष दिएर पुग्दैन । त्यस प्रकारको परिस्थितिको सिर्जना गर्नुमा मुख्य रूपले संविधानसभाका प्रमुख राजनीतिक शक्तिहरु नै दोषी छन् । संविधानसभालाई खालि आफ्ना दलीय स्वार्थ पूरा गर्न मात्र प्रयोग गर्ने र त्यसैका लागि नै लगातार त्यसको म्याद थप्दै जाने - त्यसरी उनीहरूले त्यसलाई अर्थहीन बनाउँदै लगिरहेका छन् । त्यसरी जनताको ६ दशक लामो आन्दोलनद्वारा प्राप्त ऐतिहासिक उपलब्धि, संविधानसभाको आफ्नो जिम्मेवारी पूरा न गरिकन विघटन हुन्छ भने त्यसबाट राजावादीहरूको उद्देश्य पूरा गर्न मद्दत पुग्नेछ ।

हामीले यो आशा, कामना र प्रयत्न गर्नुपर्दछ कि आफ्नो जिम्मेवारी पूरा नगरिकन संविधानसभाको विघटन नहोस् । त्यसका लागि तात्कालिक रूपमा सर्वप्रथम यो आवश्यक छ कि तीन महिनाको अवधिमा पूरा गर्ने भनिएका प्रतिवद्धता समयमा नै पूरा गरियोस् । त्यसो भएमा त्यसपछि थपिने समयमा संविधानको निर्माणका लागि आधार तयार

बाँकी २० पेजमा

# शान्ति, संविधान र गणतन्त्रको समस्याः

## अहिले त्यो समस्याको समाधान नभए भावी पुस्ताले त्यसका लागि लामो र कठिन संघर्ष गर्नुपर्नेछ

**– मोहनविक्रम सिंह**

**अहिले** देशको राजनीतिक परिस्थिति अत्यन्त गम्भीर, अन्यौलपूर्ण र जटिल छ । यसको समाधान के हो ? अहिलेको स्थितिको निकास के हो ? यी गम्भीर प्रश्नहरू देशका अगाडि छन् । त्यसको अर्को पक्ष पनि कम महत्वपूर्ण छैन । अहिलेको अवस्थाको कुनै निकास निस्केन वा समाधान हुन सकेन भने त्यसको परिणाम के हुनेछ ? त्यस प्रकारको परिणामस्वरूप देशमा कुन प्रकारको स्थितिको सिर्जना हुनेछ ?

देशको अहिलेको अवस्थाको ठीक निकास, समाधान वा जवाफ खोज्नका लागि त्यसभन्दा पहिले यो कुरामा स्पष्टताको आवश्यकता छ : समस्याको कारण के हो ? आजको देशको अन्यौलपूर्ण र जटिल, अझ स्पष्ट शब्दमा भन्ने हो भने झन् पछि झन् विग्रदै गइरहेको तथा अनिश्चित र अन्धकारपूर्ण भविष्यतिर बढिरहेको देशको स्थितिको गम्भीरता तथा त्यसको समाधानको उपायलाई ठीकसित बुझ्नका लागि केही व्यवहारिक उदाहरणहरूको चर्चा गर्नु शायद अप्रासांगिक हुने छैन ।

पहिलो, कुनै रोगको ठीक उपचार गर्नका लागि सर्वप्रथम त्यसको कारण पत्ता लगाउनु पर्ने आवश्यकता हुन्छ । दोस्रो, कुनै रोग जति गम्भीर हुन्छ, त्यसको उपचार पनि त्यति नै गम्भीर हुनुपर्दछ । कसैलाई सामान्य प्रकारको रूघा, खोकी वा ज्वरो आएको छ भने त्यसको उपचार सामान्य प्रकारले नै हुन सक्दछ । तर कसैलाई टी.वी., क्यान्सर आदि कठिन रोग लागेको छ भने त्यस अनुसार नै उच्च र गम्भीर प्रकारको उपचार पद्धति अपनाउनु पर्ने आवश्यकता हुन्छ । यदि टी.वी. वा क्यान्सरको उपचारमा सामान्य रूघा, काँसो वा ज्वरोको जस्ता उपचार गर्न थालियो भने त्यसबाट रोग निको नहुने मात्र होइन, शरीर झन्पछि झन् जीर्ण, कमजोर हुँदै जाने तथा छिटै मृत्यु हुने पनि सम्भावना हुन्छ । कैयौंपल्ट बाहिरबाट सामान्य देखिने रोगहरू पनि वास्तविक रूपमा अत्यन्त गम्भीर प्रकृतिका हुन्छन् । गाउँघरमा कैयौं यस्ता उदाहरणहरू पाइन्छन् । कसैलाई गम्भीर रोग लागेको हुन्छ । तर रोगको

> माओवादीहरूको नेतृत्वमा चलेका सशस्त्र संघर्ष शान्ति सम्झौतामा टुंगियो । त्यो सकारात्मक पक्ष हो । तर उनीहरूका बीचमा पहिलेको सशस्त्र संघर्षको बेलाको उग्र"वामपन्थी" मानसिकताको अवशेष अहिले पनि विद्यमान छ ।

गम्भीरता थाहा हुँदैन वा बाहिरबाट सामान्यजस्तो देखिने रोगमा काम गरिरहेको गम्भीर कारणबारे केही जानकारी हुन्न । फलतः रोग ठीक हुन्न र छिटै मृत्यु हुन्छ ।

काठमाडौंको सेन्ट्रल जेलमा एकजना राजबन्दी थिए । उनलाई टाउको दुख्ने रोग थियो । उनले कपाल दुख्दा खाने सामान्य दुखाई कम गर्ने ट्याबलेटहरू खाने गर्दथे । एकदिन उनलाई धेरै नै टाउको दुख्यो । उनलाई वीर अस्पताल लैजाँदा बाटामा नै मृत्यु भयो । उच्च रक्तचापका कारणले उनको टाउको दुख्ने गरेको रहेछ । त्यस्तै हालै निधन भएका का. देवेन्द्र बारे पनि भयो । उनलाई ब्रेन ट्यूमर रहेछ । तर पहिले त्यो कुरा थाहा भएन । थाहा भएपछि वीर अस्पतालमा उनको अपरेशन भयो । अपरेशन गरेपछि उनलाई क्यान्सर भएको कुरा पनि थाहा भयो । एक महिनाजति उनलाई होस आएन । आखिर डाक्टरहरूले जवाफ दिए । उनका भाई र छोराहरूले उनलाई आफ्नो घर प्यूठान, ओखरकोट लगे । घर पुगेको दुई दिनपछि उनको मृत्यु भयो । सेन्ट्रल जेलको राजवन्दी वा का. देवेन्द्र बारे कमजोरी के भयो भने समयमा रोगको ठीक निदान र रोगको प्रकृति अनुसार उपचार हुन सकेन र उनीहरूको असामयिक मृत्यु भयो । यी दुई उदाहरणहरूले अहिलेको देशको राजनीतिक स्थितिको गम्भीरता, जटिलता वा अहिलेको स्थितिको कारण पत्ता लगाउन वा समयमा नै उपचार हुन नसकेमा त्यसबाट सम्भावित परिणामहरूको गम्भीरतालाई बुझ्न धेरै नै मद्दत पुऱ्याउन सक्दछन् ।

२०६२-६३ को जनआन्दोलनको सकारात्मक र ऐतिहासिक महत्व छ । तर यो कुरा पनि प्रष्ट छ, त्यो आन्दोलन देशको राजनीतिक स्थितिमा तात्कालिक समाधानका लागि गरिएको प्रयत्न मात्र हो । त्यो आन्दोलनले विघटित संसदको पुनर्स्थापना गऱ्यो । निरंकुश राजतन्त्रलाई अन्त गऱ्यो । बहुदलीय व्यवस्थाको पुनर्स्थापना गऱ्यो । संविधानसभाको चुनाव सफल पाऱ्यो । राजतन्त्रको अन्त भयो र गणतन्त्रको स्थापना भयो । अब

संविधानसभाका अगाडि संविधानको निर्माणको जिम्मेवारी छ । यी सबै कार्यहरू सूचारू रूपले समाधान भएपनि त्यसबाट देशको अहिलेका आधारभूत समस्याहरूको समाधान सम्भव छैन । माथिका सबै कार्यहरू सफलतापूर्वक सम्पन्न भएपछि पनि देश अझै पनि अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक अवस्थामा नै रहन्छ । त्यो अवस्थामा देशमा वास्तविक अर्थमा पूँजीवादी प्रजातान्त्रिक व्यवस्था कायम हुन्न । बुहदलीय व्यवस्था कायम भएपनि खालि पूँजीवादी प्रजातान्त्रिक प्रकारको मात्र हुनेछ । पूँजीवादी प्रजातान्त्रिक र पूँजीवादी प्रजातान्त्रिक प्रकारको-यी दुबैका बीचमा आधारभूत अन्तर छ । प्रथम, देशमा सही अर्थमा पूँजीवादी प्रजातान्त्रिक व्यवस्था, जो नयाँ जनवादी व्यवस्था नै हुनेछ, कायम गर्नका लागि पुन: लामो क्रान्तिकारी आन्दोलनको बाटोमा जानु आवश्यक हुनेछ । द्वितीय, अहिलेको बहुदलीय व्यवस्था पूँजीवादी प्रजातान्त्रिक “प्रकारको” मात्र भएपनि सामन्ती राजतन्त्रका तुलनामा प्रगतिशील व्यवस्था हो । त्यसैले हामीले विद्यमान अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक व्यवस्थालाई समाप्त गर्नका लागि आन्दोलनात्मक कार्यक्रमहरू अगाडि बढाउँदै तत्काल देशमा कायम भएको गणतन्त्रलाई संस्थागत र सुदृढ पार्न तथा त्यसका लागि संविधानको निर्माणका कार्यहरूको महत्वलाई अलिकति पनि कम गर्न हुनेछैन । किनभने ती तात्कालिक कार्यहरूको सफलताले नै उच्च क्रान्तिकारी कार्यहरूको आधार तयार पार्नेछन् ।

अहिले ०६२-६३ को आन्दोलनका तात्कालिक उपलब्धिहरूको सफलतामा पनि अनिश्चयताको अवस्था छ । संविधानसभाले संविधानको निर्माणका लागि दुई वर्षको अवधि तोकेको थियो । त्यो अवधिमा संविधानको निर्माण हुन सकेन । पछि थपिएको एक वर्षको अवधिमा पनि त्यो कार्य पूरा हुन सकेन । अहिले पुन: तीन महिनाको अवधि थपिएको छ । त्यो अवधिका लागि पनि निर्धारित शान्ति प्रक्रिया र संविधानको निर्माण सम्बन्धी कार्यहरू पूरा हुन सक्ने दिशामा कुनै खास प्रगति भएको देखिन्न । त्यो अवस्थामा यो गम्भीर प्रश्न उठिरहेको छ : भाद्र १४ गतेसम्म पनि ती कार्यहरू पूरा हुन सकेनन् भने संविधान, संविधानसभा, गणतन्त्र समेतको भविष्य के हुनेछ र देश कता जानेछ ? संविधानको निर्माणमा देखापरेको अनिश्चयताले देशको सम्पूर्ण राजनीतिक परिस्थितिलाई नै अन्यौलपूर्ण बनाएको छ ।

अहिले देशमा देखापरेको अन्यौलपूर्ण राजनीतिक परिस्थितिको कारण के हो ? त्यसबारे विचार गर्दा हाम्रो ध्यान सर्वप्रथम दुईवटा पक्षहरू माथि जानु पर्दछ । प्रथम, अहिले देशमा जुन गणतन्त्र कायम भएको छ, त्यसको प्रकृति पूँजीवादी प्रकारको छ । त्यसको त्यस प्रकारको प्रकृति भएकाले उच्च क्रान्तिकारी कार्यक्रममा जोड दिएर अहिलेका तात्कालिक जिम्मेवारीहरूको अवमूल्यन गर्ने प्रवृत्ति पनि हाम्रो देशको राजनीतिमा पाइन्छ । द्वितीय, माओवादीहरूको नेतृत्वमा चलेका सशस्त्र संघर्ष शान्ति सम्झौतामा टुंगियो । त्यो सकारात्मक पक्ष हो । तर उनीहरूका बीचमा पहिलेको सशस्त्र संघर्षको बेलाको उग्र“वामपन्थी” मानसिकताको अवशेष अहिले पनि विद्यमान छ । उक्त दुवै कुराहरू अहिले देशमा कायम भएको अन्यौलपूर्ण अवस्थाका लागि काफी हदसम्म जिम्मेवार छन् ।

आजको अवस्थामा कसैले वा कुनै संगठनले उच्च क्रान्तिकारी नीति वा नारामा जोड दिन्छ भने त्यो आकर्षक कुरा हुन सक्दछ । रणनीतिक दृष्टिले त्यस प्रकारको सोंचाई सही हुन सक्दछ । तर त्यस प्रकारका नीति वा नाराहरूलाई तात्कालिक कार्यनीति वा राजनीतिक लाइनको विषय बनाउने सोंचाईले वस्तुस्थितिसित मेल खान्न । २०६२-६३ को आन्दोलन कुनै क्रान्तिकारी नीति वा कार्यक्रमका आधारमा चलेको थिएन । त्यो आन्दोलन वामपन्थी वा क्रान्तिकारी शक्तिहरूको संयुक्त आन्दोलन थियो । जुन प्रकारका शक्तिहरूको एकता वा जुन प्रकारका नीति र कार्यक्रमका आधारमा त्यो आन्दोलन चलेको थियो, त्यसका उपलब्धिहरू क्रान्तिकारी चरित्रका हुन नसक्ने कुरा प्रष्ट छ । देशमा क्रान्तिकारी परिवर्तनहरू ल्याउनका लागि ०६२-६३ को आन्दोलनभन्दा उच्च क्रान्तिकारी चरणबाट आन्दोलन प्रारम्भ गर्नुपर्ने आवश्यक हुनेछ । त्यसका लागि त्यही प्रकारका शक्तिहरूको क्रान्तिकारी मोर्चा बन्नु पर्नेछ । भविष्यमा हामीले त्यो कार्य गर्नुपर्नेछ - क्रान्तिकारी उद्देश्यहरू पूरा गर्न ०६२-६३ को आन्दोलनभन्दा माथिल्लो चरणबाट र क्रान्तिकारी शक्तिहरूको मोर्चाबन्दी गरेर आन्दोलन प्रारम्भ गर्नुपर्नेछ । तर तत्कालको परिस्थितिमा उच्च क्रान्तिकारी नीति वा कार्यक्रमका नाममा ०६२-६३ को आन्दोलन वा त्यसका उपलब्धिहरूप्रति नकारात्मक दृष्टिकोण अपनाउनु आत्मघाती कार्य हुनेछ । त्यो आत्मघाती यस कारणले हुनेछ कि त्यस प्रकारको कार्यनीतिबाट ०६२-६३ को आन्दोलनद्वारा प्राप्त उपलब्धिहरू माथि कुठाराघात हुनेछ । त्यो सोंचाई गलत छ । तर अहिले कतिपय शक्तिशाली संगठन वा शीर्षस्थ राजनीतिक नेताले त्यस प्रकारको सोंचाई अपनाएको पाइन्छ । त्यो सोंचाई यहाँसम्म चरम रूपमा देखापर्ने गरेको छ कि त्यस प्रकारको सोंचाईले ०६२-६३ को आन्दोलनसम्म प्रति नकारात्मक दृष्टिकोण अपनाउँछ ।

माओवादीहरूले करिब एक दशकसम्म सशस्त्र संघर्ष चलाए । त्यो आन्दोलनले वस्तुस्थितिसित मेल खाँदैनथ्यो । त्यसकारण उनीहरू सशस्त्र संघर्षको बाटो छाडेर शान्तिपूर्ण आन्दोलनको पक्षमा आउनु पर्‍यो । तर सैद्धान्तिक दृष्टिले उनीहरू यो कुरामा अझै स्पष्ट हुन सकेका छैनन् : उनीहरूले अपनाएको सशस्त्र संघर्षको नीति सही थियो वा गलत ? त्यो प्रश्नमा स्पष्ट हुन नसकेकाले अहिले पनि उनीहरू यसबारे स्पष्ट हुन सकेका छैनन् : देशमा कायम भएको लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न बहुदलीय व्यवस्था अन्तर्गत शान्तिपूर्ण प्रकारले काम गर्ने वा पुन: सशस्त्र संघर्षको बाटोमा जाने ? निश्चय नै, बहुदलीय व्यवस्था र शान्तिपूर्ण आन्दोलनको माध्यमद्वारा

क्रान्तिकारी उद्देश्यहरू पूरा हुन सक्दैनन् । त्यसकारण अन्ततः हामीले बहुदलीय व्यवस्थाका ठाउँमा क्रान्तिकारी व्यवस्था कायम गर्न लामो सशस्त्र संघर्षको बाटो समात्नुको विकल्प छैन । तर प्रश्न यो हो : तात्कालिक अवस्थामा त्यस प्रकारको नीतिले अहिलेको वस्तुस्थिति र ऐतिहासिक आवश्यकतासित मेल खान्न । त्यसैले अहिले त्यस प्रकारको नीति अपनाउनुको अर्थ हुनेछ : वर्तमान बहुदलीय व्यवस्था वा ०६२-६३ को आन्दोलनका उपलब्धिहरू, जसभित्र संविधानसभा र गणतन्त्र दुवै आउँछन्, को विरोध वा तिनीहरूमाथि आक्रमण ।

उपरोक्त दुवै नीतिहरू, अर्थात् विद्यमान वस्तुगत र ऐतिहासिक आवश्यकतासित मेल नखाने उच्च क्रान्तिकारी नीति र कार्यक्रमहरू तथा सशस्त्र संघर्षको मानसिकता, दुवैले अहिलेको राष्ट्रिय महत्वका जिम्मेवारीहरू, शान्ति प्रक्रिया, संविधानको निर्माण र गणतन्त्रको सुदृढीकरणको कार्यमा बाधा पुऱ्याइरहेका छन् । स्पष्ट र खुला शब्दमा भन्ने हो भने माओवादी भित्रको एउटा पक्षले त्यस प्रकारको दृष्टिकोण अपनाएको कुरा दिनको उज्यालो झै स्पष्ट छ । उनीहरूले खुला रूपले नै अहिलेको शान्ति र संविधानको कार्यदिशाको विरोध गर्दै जनविद्रोहको कार्यदिशा अपनाउनुपर्ने कुरामा जोडदिइरहेका छन् । यो कुरा निश्चित छ, जबसम्म देशको एउटा ठूलो र प्रभावशाली राजनीतिक शक्तिको त्यस प्रकारको दृष्टिकोणमा सुधार हुँदैन वा त्यस प्रकारका प्रवृत्तिहरू माथि विजय प्राप्त हुन्न, शान्ति प्रक्रिया, संविधानको निर्माण तथा गणतन्त्रको सुदृढीकरणका कार्यहरूमा सफलता प्राप्त गर्नु मुश्किल हुनेछ - यहाँ जानी बुझिकन नै असम्भव हुनेछ शब्दको प्रयोग गरिएको छैन । किनभने हामीले विषयवस्तु प्रति त्यस प्रकारको पूरै नै नकारात्मक र निराशावादी दृष्टिकोण अपनाउन चाहँदैनौं । तैपनि ती दुवै समस्याहरू यथावत रूपमा कायम रहन्छन् भने वास्तविकता करिब करिब त्यस्तै हुनेछ : अहिलेका तात्कालिक ऐतिहासिक महत्वका राष्ट्रिय जिम्मेवारीहरू पूरा गर्नु "असम्भव" जस्तै हुनेछ ।

आखिरमा देशमा, संविधानसभा भित्र वा देशको राजनीतिमा प्रभावशाली स्थान भएको माओवादी जस्तो राजनीतिक संगठनको एउटा प्रभावशाली पक्षले लगातार नै शान्ति प्रक्रिया, संविधानको निर्माण र गणतन्त्र तथा देशमा विद्यमान बहुदलीय व्यवस्था र शान्तिपूर्ण आन्दोलन प्रति नै नकारात्मक दृष्टिकोण अपनाउँछ र तिनीहरूमा बाधा पुराउने प्रयत्न गरिरहन्छ भने त्यो अत्यन्त गम्भीर समस्या हो र त्यो स्थितिमा जुनसुकै प्रकारले भएपनि सुधार वा नियन्त्रण नहुँदासम्म उक्त प्रश्नहरूमा सफलताको आशा कमै हुनेछ । अहिलेको समस्याको मूलभूत कारण यो हो कि माओवादी भित्रको एउटा प्रभावशाली पक्षले आफ्नो "वामपन्थी" संकीर्णवादी अर्थात् वस्तुस्थितिसित मेल नखाने "क्रान्तिकारी" सोंचाई तथा सशस्त्र संघर्ष सम्बन्धी उग्र"वामपन्थी" मानसिकताका कारणले शान्ति प्रक्रिया, संविधानको निर्माण र गणतन्त्रको सुदृढीकरणमा बाधा हाल्न पूरा शक्ति लगाइरहेको छ । त्यसको अर्को सकारात्मक र आशाजनक पक्ष पनि छ, त्यो संगठनभित्र शान्ति र संविधानमा जोड दिने सोंचाईहरू पनि देखापरिरहेका छन् । तर त्यो संगठनभित्रका "वामपन्थी" संकीर्णवादी तथा उग्र"वामपन्थी" सोंचाईहरूका कारणले एकातिर, त्यो संगठनभित्रका शान्ति, संविधान र गणतन्त्र पक्षधर शक्तिहरूका लागि आफ्ना उद्देश्यहरू पूरा गर्न कठिन भइरहेको छ भने, अर्कोतिर, त्यो कारणले देशमा शान्ति, संविधान र गणतन्त्रको सम्पूर्ण प्रक्रिया प्रभावित भइरहेको छ । यो नै अहिलेको समस्या वा रोगको मूल कारण हो । त्यो समस्याको ठीकसित समाधान नभइकन शान्ति, संविधान र गणतन्त्रको सुदृढीकरणको दिशामा वाञ्छित परिणाम आउने कम सम्भावना रहने छ ।

अहिलेको राजनीतिक परिस्थितिलाई ठीकसित बुझ्न बहुदलीय व्यवस्था, संविधानसभा, गणतन्त्र र संविधानको निर्माण समेतका कार्यहरूसित जोडिएका तीन बेग्ला-बेग्लै वैचारिक धारहरू, अर्थात् माओवादी, ने.का. र राजावादी शक्तिहरूका वैचारिक धारहरू, बारे केही विचार गर्नुपर्ने आवश्यकता छ । यो थाहा भएको कुरा हो कि मार्क्सवादी-लेनिनवादीहरूले बहुदलीय व्यवस्थालाई सैद्धान्तिक र रणनीतिक रूपले स्वीकार गर्दैनन् । तर कुनै खास ऐतिहासिक परिस्थितिमा कार्यनीतिक रूपमा त्यसलाई समर्थन पनि गर्ने गर्दछन् । त्यही नीति अनुसार अहिलेको अवस्थामा कार्यनीतिको रूपमा त्यसलाई समर्थन गर्ने मार्क्सवादी-लेनिनवादीहरूको नीति हुन्छ र हुनुपर्दछ । हाम्रो रणनीति विद्यमान पूँजीवादी प्रकारको व्यवस्था वा गणतन्त्र समेतलाई समाप्त गरेर त्यसको ठाउँमा पुनः उच्च क्रान्तिकारी व्यवस्था कायम गर्ने नै हुनेछ, जो अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक व्यवस्थाको अन्त भएर कायम हुने नयाँ जनवादी व्यवस्था वा नयाँ जनवादी गणतन्त्र नै हुनेछ । तैपनि हाम्रो तात्कालिक कार्यनीति विद्यमान बहुदलीय व्यवस्था, गणतन्त्र वा त्यसलाई सुदृढ पार्नका लागि गणतान्त्रिक संविधान निर्माण गर्ने नै हो ।

माओवादीहरूले विद्यमान बहुदलीय

**एक मधेश, एक प्रदेश बनेमा र नबनेमा दुवै अवस्थामा उनीहरु (मधेशवादी राजनीतिक शक्तिहरू) द्वारा देशको अखण्डताका लागि गम्भीर खतरा छ । अन्य दुई कारणहरूले त्यो खतरालाई अरु गम्भीर बनाउने छ : प्रथम, त्यसका पछाडि काम गरिरहेको भारतीय विस्तारवादको रणनीति । द्वितीय, नेपालका प्रमुख राजनीतिक शक्तिहरूको मधेशवादी राजनीतिक शक्तिहरु तथा भारतीय विस्तारवादप्रतिको सम्झौतापरस्त नीति ।**

व्यवस्था, लोकतान्त्रिक प्रणाली, संविधासनसभा, गणतन्त्र वा अहिले बन्ने संविधानप्रति प्रतिवद्धता प्रकट गरेका छन् । अझ वास्तविकता ता यो हो कि संविधानसभा र गणतन्त्रको स्थापनामा उनीहरूको महत्वपूर्ण योगदान रहने छ । तर समस्या के छ भने उनीहरूभित्रको एउटा पक्षले यी सबै कुराहरूप्रति नकारात्मक दृष्टिकोण राख्ने गरेको छ र एक वा अर्को प्रकारले तिनीहरूको सफलतामा बाधा पुराउने गरेको छ । अर्को शब्दमा, माओवादी भित्रको "वामपन्थी" संकीर्णवादी र उग्र"वामपन्थी" सोंचाईले यी सबै कुराहरूलाई, बहुदलीय व्यवस्था, गणतन्त्र र संविधानको निर्माण मात्र होइन, ०६२-६३ को आन्दोलनलाई पनि स्वाभाविक रूपले ग्रहण गर्न सकेको छैन । यो माओवादी भित्रको गम्भीर वैचारिक समस्या हो । तर उनीहरू भित्र जुन अन्तरविरोध चलिरहेको छ, त्यो खालि सैद्धान्तिक समस्या मात्र हो भन्न पनि मुश्किल पर्दछ । उनीहरू भित्रका व्यक्ति, पद र विभिन्न प्रकारका फाइदाहरूका लागि पनि चरम प्रकारको प्रतिस्पर्धा वा गुटबन्दी चल्ने गरेको छ । उनीहरूभित्र वैचारिक रूपमा देखापर्ने मतभेदहरूका पछाडि त्यस प्रकारका कारणहरूले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले काम गरिरहेको वा व्यक्तिगत अन्तरविरोधहरूलाई उनीहरूले सैद्धान्तिक रूप दिने प्रयत्न गरेको सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न ।

राजावादीहरूको मूल मुद्दा राजतन्त्र हो । अहिले उनीहरूले वैधानिक राजतन्त्रको कुरा गरिरहेका छन् । तर उनीहरूका लागि वैधानिक राजतन्त्र सधैं निरंकुश राजतन्त्रमा पुग्ने एउटा माध्यम नै रहने गरेको छ । २००७ साल वा २०४६ मा कायम भएको वैधानिक राजतन्त्रलाई उनीहरूले निरंकुश राजतन्त्रमा बदलेको तथ्यहरूबाट त्यो कुरामा कुनै शंका रहन्न । आफ्नो राजावादी दृष्टिकोणका कारणले उनीहरूले बहुदलीय व्यवस्था वा संविधानसभा, गणतन्त्र र गणतान्त्रिक संविधानको निर्माणसित वैचारिक रूपले मौलिक विरोध राख्दछन् र घोषित तथा खुलारूपले नै उनीहरूले संविधानसभा र गणतन्त्रको अन्तका लागि आन्दोलन चलाई रहेका छन् ।

> हामीले विद्यमान अर्ध–सामन्ती र अर्ध–औपनिवेशिक व्यवस्थालाई समाप्त गर्नका लागि आन्दोलनात्मक कार्यक्रमहरु अगाडि बढाउँदै तत्काल देशमा कायम भएको गणतन्त्रलाई संस्थागत र सुदृढ पार्न तथा त्यसका लागि संविधानको निर्माणका कार्यहरुको महत्वलाई अलिकति पनि कम गर्न हुनेछैन । किनभने ती तात्कालिक कार्यहरुको सफलताले नै उच्च क्रान्तिकारी कार्यहरुको आधार तयार पार्नेछन् ।

माओवादीहरूको "वामपन्थी" संकीर्णवादी पक्षले उच्च क्रान्तिकारी नीति, कार्यक्रम वा नाराका आडमा विद्यमान बहुदलीय व्यवस्था, गणतन्त्र र संविधानको निर्माणका कार्यहरूलाई कमजोर पार्ने वा तिनीहरूको कार्यान्वयनमा बाधा पुराउने काम गरिरहेको छ । उनीहरूले खुला र घोषित रूपले आफ्ना त्यस प्रकारका सोंचाईहरूलाई बाहिर ल्याएका छैनन् । तैपनि उनीहरूले बाहिर ल्याउने गरेका अभिव्यक्तिहरूबाट वर्तमान व्यवस्थालाई उनीहरूले पचाउन नसकेको कुरा बुझ्न गाह्रो पर्दैन । उनीहरूको त्यस प्रकारको नीतिलाई, एकातिर, मार्क्सवादी-लेनिनवादीहरू र, अर्कातिर, दक्षिणपन्थी संशोधनवादीहरूको त्यस सम्बन्धी नीतिसित तुलना गरेर हेर्नु राम्रो हुनेछ । मार्क्सवादी-लेनिनवादीहरूले सैद्धान्तिक र रणनीतिक रूपले बहुदलीय व्यवस्थालाई अस्वीकार गर्दछन् । तर कुनै खास अवस्थामा - तर सधैं होइन - कार्यनीतिक रूपले त्यसलाई समर्थन गर्दछन् । दक्षिणपंथी संशोधनवादीहरूले सैद्धान्तिक, रणनीतिक र कार्यनीतिक रूपमा पनि त्यसलाई समर्थन गर्दछन् । "वामपन्थी" संकीर्णवादीहरूले सैद्धान्तिक, रणनीतिक र कार्यनीतिक सबै तरिकाले त्यसको विरोध गर्दछन् । त्यही दृष्टिकोण अनुसार उनीहरूले अहिलेको अवस्थामा कार्यनीतिक रूपले पनि बहुदलीय व्यवस्थालाई विरोध गर्दछन् । त्यो सोंचाईले राजावादीहरूको सोंचाईसित मेल खान्छ । तर त्यस सम्बन्धी उनीहरूका दृष्टिकोणहरू बेग्ला-बेग्लै छन् । माओवादी भित्रको "वामपन्थी" संकीर्णवादी पक्षले "क्रान्तिकारी" कोणबाट त्यस प्रकारको विरोधलाई अगाडि बढाउँछ भने राजावादी पक्षले प्रतिगामी कोणबाट आक्रमण गर्दछ । तर परिणाम एउटै हुन्छ : दुवैले विद्यमान बहुदलीय व्यवस्था, गणतन्त्र र संविधानको निर्माण कार्यक्रमको विरोध गर्दछन् । यस सिलसिलामा "वामपन्थी" संकीर्णवादी र दक्षिणपंथी संशोधनवादीहरूका बीचमा भएको एउटा अन्तरमाथि पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । बहुदलीय व्यवस्था बारे ती दुवै पक्षहरू परस्परमा एकदम विपरीत ध्रुवमा उभिएका हुन्छन् - पहिलो पक्षले त्यसलाई पूरै समर्थन गर्दछ भने दोस्रोले त्यसलाई पूरै विरोध गर्दछ ।

जहाँसम्म ने.का.को प्रश्न छ - यो आमरूपमा थाहा भएको कुरा हो - त्यसको बहुदलीय व्यवस्था, गणतन्त्र र संविधानको निर्माण वा संविधानको पूँजीवादी प्रकृतिसित कुनै वैचारिक मतभेद छैन । पहिले त्यसले वैधानिक राजतन्त्र माथि विश्वास राख्दथ्यो र त्यस प्रकारका सोंचाईहरूका अवशेषहरू अहिले पनि त्यसभित्र पाइन्छन् । त्यो दल भित्र गणतन्त्रको नीतिलाई अपनाइसकेपछि पनि बी.पी. कोइरालाको मेलमिलापको नीतिको कुरा उठाउँदै गणतन्त्रको राजनीतिक लाईनलाई छाडेर पुन: वैधानिक राजतन्त्रको नीति अपनाउने आवाज पनि उठ्ने गरेको छ । वास्तवमा बी.पी.को मेलमिलापको नीति अहिलेको राजनीतिक परिस्थितिमा असान्दर्भिक कुरा हो । दरबार हत्याकाण्ड तथा राजा ज्ञानेन्द्रद्वारा वैधानिक राजतन्त्रको

अन्त गरेर निरंकुश राजतन्त्रको स्थापना गरेको परिस्थितिमा नै गिरिजा प्रसादको नेतृत्वमा ने.का.ले गणतन्त्रको नीति अपनाएको थियो । जुन प्रकारको परिस्थितिमा ने.का.ले गणतन्त्रको नीति अपनायो, बी.पी. कोइराला जीवित रहेको भए उनले वैधानिक राजतन्त्रको नै पक्ष लिन्थे वा गणतन्त्रलाई समर्थन गर्दथे ? अहिले त्यो प्रश्न माथि त्यसरी विचार गर्नु काल्पनिक कुरा हुनेछ । तैपनि स्वयं राजतन्त्रले नै वैधानिक राजतन्त्रलाई समाप्त गरेपछि ने.का.ले गणतन्त्रको नीति अपनाएको परिस्थितिमा बी.पी.ले पहिले अगाडि ल्याएको मेलमिलापको नीतिको कुरा उठाएर राजतन्त्रको पुनर्स्थापनामा जोड दिने सोंचाई निश्चित रूपले प्रतिगामी सोंचाई हो । ने.का. भित्र अहिले पनि त्यसरी सोंच्ने राजावादी तत्वहरू छन् र उनीहरूले गणतन्त्रको लाइनलाई बदलेर पुन: वैधानिक राजतन्त्रको लाइन अपनाउनु पर्ने कुरामा जोड दिइरहेका छन् । त्यसले ने.का.को गणतन्त्र र गणतान्त्रिक संविधानको निर्माणको कार्यमा बाधा पुराउने प्रयत्न गर्नेछ । तैपनि समग्ररूपमा भन्ने हो भने पूँजीवादी प्रकारको बहुदलीय व्यवस्था, गणतन्त्र र संविधानको निर्माणका कार्यहरूसित त्यसको (ने.का.को) कुनै वैचारिक मतभेद नभएको कुरा प्रष्ट छ । वास्तवमा तात्कालिक रूपमा मात्र होइन, वैचारिक र रणनीतिक रूपले नै पूँजीवादी प्रकारको बहुदलीय व्यवस्था त्यसको राजनीतिक चरित्र स्वभाविक विशेषता हो । तैपनि, एकातिर, उनीहरूको सामन्तवर्ग र दलाल पूँजीपति वर्गसितको वर्गीय सम्बन्ध र, अर्कातिर, उनीहरूको ढुलमुल, अवसरवादी र सम्झौतापरस्त चरित्रका कारणले आफ्नो त्यो वैचारिक दृष्टिकोण अनुसार अहिलेको पूँजीवादी प्रकारको भएपनि बहुदलीय व्यवस्था, गणतन्त्र र संविधानको निर्माणमा लगातार र दृढतापूर्वक काम गर्नु उनीहरूका लागि मुस्किल हुनेछ । उनीहरूको त्यस प्रकारको चरित्रले पनि अहिले देशका अगाडि भएका जिम्मेवारीहरू पूरा गर्ने कार्यमा समस्या पैदा भएको छ ।

यस सन्दर्भमा यो पनि उल्लेखनीय छ कि राजावादीहरू वा उनीहरूका नजिकका पत्रपत्रिकाहरूले, एकातिर, माओवादीहरू भित्रको एउटा पक्षको विद्यमान गणतन्त्र समेतको विरोध गरेर जनगणतन्त्र, जनवादी संविधानमा जोड दिने वा शान्ति र संविधानको कार्यदिशाको ठाउँमा जनविद्रोहको कार्यदिशामा जोड दिने र, अर्कातिर, ने.का. भित्रको बी.पी.कोइरालाको मेलमिलापको नीतिलाई आधार बनाएर वैधानिक राजतन्त्रको पुनर्स्थापना गर्ने सोंचाईमा जोड दिने नीतिलाई जोडदाररूपले समर्थन र प्रचार गरेको पाइन्छ । माओवादी भित्रको जनविद्रोहको कार्यदिशा वा ने.का. भित्रको बी.पी.को मेलमिलापको नीतिलाई राजावादीहरूले यतिधैरै समर्थन गर्नुका पछाडि उनीहरूको पुनरूत्थानवादी रणनीतिले काम गरेको कुरा बुझ्न गाह्रो पर्दैन ।

> **तात्कालिक रूपमा माओवादीहरूका कारणले पैदा भएको समस्या सबैभन्दा गम्भीर प्रकारको भएपनि कुनै खास अवस्थामा मधेशवादी शक्तिहरूबाट राष्ट्रिय अखण्डताका अगाडि गम्भीर खतरा उत्पन्न भएमा वा गणतन्त्रका लागि राजावादी शक्तिहरूबाट गम्भीर खतरा उत्पन्न भएमा क्रमशः मधेशवादी वा राजावादीहरूद्वारा सम्भावित खतराहरू नै प्रमुख रूप लिन सक्दछन् ।**

आज देशका अगाडि भएका जिम्मेवारीहरू पूरा गर्ने सन्दर्भमा मधेशवादीहरूका तर्फबाट पनि गम्भीर समस्या उपस्थित भएको छ । उनीहरूले आत्मनिर्णयको अधिकार सहितको एक मधेश, एक प्रदेशको माग पूरा नभएमा संविधान नै बन्न नदिने वा बने पनि अस्वीकार गर्ने कुरा गरिरहेका छन् । उनीहरूसित जोडिएको अर्को गम्भीर समस्या यो हो कि उनीहरूले संविधानसभाद्वारा संवैधानिक प्रक्रियाद्वारा आफ्ना मागहरू पूरा गराउनेभन्दा त्यसभन्दा बाहिर दबाब दिएर वा एक नेपाल पनि रहन नदिने जस्ता धम्कीद्वारा आफ्नो माग पूरा गराउने प्रयत्न गर्ने गरेका छन् । शान्ति प्रक्रियाका सन्दर्भमा पनि उनीहरूले ठूलो संख्यामा आफ्ना लडाकूहरूलाई समूहगत रूपमा नेपाली सेनामा सामेल गर्न जोड दिने गरेका छन् । त्यसरी उनीहरूका तर्फबाट उपस्थित खतरा पनि अहिले देशका अगाडि भएका जिम्मेवारीहरू पूरा गर्न गम्भीर समस्या बन्न गएको छ । मधेशवादी राजनीतिक शक्तिहरूबाट सम्भावित त्यस प्रकारको खतराप्रति माओवादी, एमाले, ने.का. समेतको ध्यान गएको छैन भन्ने होइन । घोषित रूपमा उनीहरूमध्ये कोही पनि आत्मनिर्णयको अधिकार सहितको एक मधेश एक प्रदेशका मागहरू मान्न तयार छैनन् । तर उनीहरू मधेशवादी संगठनहरूका तर्फबाट उपस्थित दवावका अगाडि लाचार जस्तै बन्दै गएका छन् ।

संविधानसभा भित्र वा देशको राजनीतिमा राजावादी राजनीतिक शक्तिहरूको स्थिति तुलनात्मक रूपले कमजोर छ । तैपनि संविधानसभा, संविधानको निर्माण, गणतन्त्र समेतका विरूद्ध उनीहरू सबैभन्दा अग्रिम पंक्तिमा उभिएका छन् । वाह्य रूपमा उनीहरूको शक्ति कमजोर जस्तो देखिए पनि वर्गीय रूपमा अझै पनि उनीहरूको बलियो आधार छ । त्यसकारण राजावादी शक्तिहरूद्वारा उपस्थित खतरालाई पनि कम आँक्नु गलत हुनेछ ।

त्यसरी शान्ति प्रक्रिया, संविधानको निर्माण र गणतन्त्रलाई संस्थागत गर्ने कार्यहरू सजिला छैनन् । माओवादीहरूको संविधानसभा र देशको राजनीतिमा समेत प्रभावशाली उपस्थिति माथि ध्यान दिंदा उनीहरूमा देखापरेका “वामपन्थी” संकीर्णवादी र उग्र“वामपन्थी” मानसिकताले पैदा गरेको समस्या सबैभन्दा गम्भीर प्रकृतिको छ । त्यसपछि मधेशवादी र राजावादी शक्तिहरूबाट उपस्थित समस्या

वा बाधाहरू उल्लेखनीय छन् । तात्कालिक रूपमा माओवादीहरूका कारणले पैदा भएको समस्या सबैभन्दा गम्भीर प्रकारको भएपनि कुनै खास अवस्थामा मधेशवादी शक्तिहरूबाट राष्ट्रिय अखण्डताका अगाडि गम्भीर खतरा उत्पन्न भएमा वा गणतन्त्रका लागि राजावादी शक्तिहरूबाट गम्भीर खतरा उत्पन्न भएमा क्रमशः मधेशवादी वा राजावादीहरूद्वारा सम्भावित खतराहरू नै प्रमुख रूप लिन सक्दछन् । यस सन्दर्भमा एउटा अर्को पक्षप्रति पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । अहिलेको स्थितिमा शान्ति, संविधान र गणतन्त्रको सुदृढीकरणको कार्यमा माओवादीका तर्फबाट नै सबैभन्दा बढी समस्या पैदा भएको भए पनि तिनीहरूभित्र उक्त प्रश्नहरूमा सकारात्मक दृष्टिकोण राख्ने पक्ष पनि क्रियाशील छ र उनीहरूले उक्त विषयहरूलाई तार्किक निष्कर्षमा पुऱ्याउन प्रयत्न गरिरहेका छन् । तर मधेशवादी वा राजावादी शक्तिहरूमा त्यस प्रकारको प्रगतिशील प्रकारको कुनै प्रवृत्ति पाइन्न । त्यसैले माओवादीहरूका सन्दर्भमा त्यसभित्र सकारात्मक दृष्टिकोण राख्ने पक्षका शान्ति र संविधान सम्बन्धी प्रयत्नहरूलाई समर्थन गर्ने हाम्रो नीति हुन्छ र हुनुपर्दछ भने अन्य दुई शक्तिहरूका विषयमा त्यस प्रकारको कुनै सम्भावना देखिन्न ।

माओवादीद्वारा पैदा भएको समस्याको समाधान कसरी गर्ने ? त्यसको सबैभन्दा उपयुक्त विधि स्वयं त्यो संगठन भित्रबाट शान्ति प्रक्रिया, संविधान र गणतन्त्रमा बाधा पुराउने प्रकारका विचारहरूमा सुधार वा नियन्त्रण हो । त्यो संगठन भित्र त्यो दिशामा प्रयत्न भएको देखिन्छ । तर त्यस प्रकारको प्रयत्नको सफलता बारे निश्चित रूपले केही भन्न सक्ने अवस्था छैन । प्रथमता त्यस भित्र जुन पक्षले शान्ति र संविधान बारे सकारात्मक दृष्टिकोण अपनाउँदै त्यसका लागि प्रयत्न गरिरहेको छ, त्यो पक्षमा नै उक्त प्रश्नहरूमा आवश्यक वैचारिक स्पष्टता र दृढताको कमी पाइन्छ । द्वितीय, उक्त विषयहरूमा क्रान्तिकारिताका नाममा नकारात्मक दृष्टिकोण राख्ने पक्षको पनि त्यो संगठनभित्र बलियो स्थिति भएकाले उनीहरूले शान्ति, संविधान र गणतन्त्रका प्रश्नहरूमा प्रसस्त बाधा पुराउन सक्ने सम्भावना छ । त्यसले गर्दा माओवादी भित्र एउटा पक्षले उक्त प्रश्नहरूमा केही सकारात्मक दृष्टिकोण अपनाए पनि त्यो संगठनले उक्त विषयमा पूरै नै सकारात्मक योगदान दिनेछ भन्ने पूरै आशा गर्न मिल्ने अवस्था छैन, यद्यपि हामी त्यसबारे पूरै निराश पनि हुनु हुँदैन ।

माओवादीहरूले शान्ति, संविधान र गणतन्त्रबारे सकारात्मक दृष्टिकोण नअपनाए शान्ति, संविधान, गणतन्त्रको समस्याको कसरी हल हुनेछ ? त्यो प्रश्नको तत्काल कुनै जवाफ वा निकास देखिदैन । उनीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले लगातार यो कुरामा प्रयत्न गरेको पाइन्छ : उनीहरूको नेतृत्वमा सरकार नबने वा उनीहरूले भने जस्तो संविधान बन्न सक्ने सम्भावना नरहेमा सम्पूर्ण शान्ति वा संविधानको निर्माणको प्रक्रियालाई उनीहरूले सहयोग गर्ने छैनन् र जनविद्रोहको कार्यदिशा अपनाउने छन् । पुनः सशस्त्र संघर्षको नीति अपनाउने छन् । यो स्पष्ट छ कि उनीहरूले ०६२-६३ को आन्दोलन, त्यसका उपलब्धि वा त्यो बेला बनेको राजनीतिक सन्तुलनको सीमाको अतिक्रमण गरेर कुनै नीति अपनाउन खोजेमा र त्यस अनुसार कुनै कार्य गर्न खोजेमा ०६२-६३ को आन्दोलनका बेलामा बनेको राजनीतिक सन्तुलन खलबलिने छ वा टुट्ने छ । त्यो अवस्थामा त्यो बेला नजिक आएका राजनीतिक शक्तिहरू टाढा-टाढा हुनेछन् र आफ्ना-आफ्ना प्रकारले आफ्ना राजनीतिक क्रियाकलापहरू अगाडि बढाउन प्रयत्न गर्नेछन् । त्यो अवस्थामा देश अग्रगमनको दिशामा होइन, पुनः प्रतिगमनको दिशामा जाने सम्भावना हुनेछ । त्यस्तो भयो भने अहिले प्राप्त भएका उपलब्धिहरू प्राप्त गर्न हामीले वा नयाँ पुस्ताले १०, २० वा ५० वर्ष पछाडि फर्केर पुनः आन्दोलन नयाँ प्रकारले सफल पार्न प्रयत्न गर्नुपर्नेछ ।

अहिले संविधानसभा र देशको पनि राजनीतिक अवस्था यस्तो छ कि माओवादीहरूले सकारात्मक दृष्टिकोण नअपनाएसम्म शान्ति, संविधान र गणतन्त्रलाई संस्थागत गर्ने प्रक्रिया अगाडि बढ्न सक्ने अवस्था छैन । यदि माओवादीहरू साँच्चि नै उनीहरू भित्रको "वामपन्थी" संकीर्णवादी वा उग्र"वामपन्थी" मानसिकताबाट मुक्त हुन सकेनन् भने उनीहरूले लगातार जनविद्रोह वा सशस्त्र संघर्षको कार्यदिशा अपनाउने नीतिमा जोड दिइरहे वा तत्काल त्यस प्रकारको कार्यदिशा नअपनाए पनि त्यस प्रकारको मानसिकताका कारणले लगातार शान्ति, संविधान र गणतन्त्रलाई संस्थागत गर्ने कार्यहरूमा बाधा पुऱ्याउने नीति अपनाइरहे भने - सम्पूर्ण देश वा शान्ति, संविधान र गणतन्त्र पक्षधर शक्तिहरूले त्यसको जवाफ खोज्नुको कुनै विकल्प रहने छैन । कुरा खालि यति मात्र हो : हामी तत्काल नै त्यसबारे प्रभावशाली कदम उठाएर त्यसो गर्न सफल हुनेछौं वा भविष्यमा देशले र सम्बन्धित राजनीतिक शक्तिहरूले पनि धेरै क्षति उठाएपछि मात्र ? यस सन्दर्भमा यो कुरा प्रष्ट छ, माओवादीहरूले जनविद्रोह वा सशस्त्र संघर्षको कार्यदिशा अपनाए पनि अहिलेको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा उनीहरू क्रान्तिकारी उद्देश्यहरू प्राप्त गर्न ता सफल हुने छैनन्, तर शान्ति, संविधान र गणतन्त्रलाई सुदृढ पार्ने कार्यमा बाधा पुऱ्याउन काफी हदसम्म सफल हुनेछन् ।

मधेशवादी राजनीतिक शक्तिहरूद्वारा सम्भावित खतरा पनि अत्यन्त गम्भीर प्रकारको छ । प्रश्न यो छ : त्यो खतराको सामना कसरी गर्ने ? उनीहरूले लगातार आत्मनिर्णयको अधिकार र एक मधेश-एक प्रदेशमा जोड दिइरहेका छन् । उनीहरूले जुन प्रकारका अभिव्यक्तिहरू बाहिर ल्याइरहेका छन्, त्यसबाट उनीहरूको माग अनुसार एक मधेश, एक प्रदेश वा मधेश स्वायत्त प्रदेश बनेमा आत्मनिर्णयको अधिकार प्रयोग गर्दै त्यसलाई 'सुडान' बनाउने अत्यधिक सम्भावना रहने छ । यदि उनीहरूको त्यो मागलाई संविधानसभाले अस्वीकार गऱ्यो भने पनि उनीहरूले एक

मधेश, एक प्रदेश नबनेमा एक नेपाल पनि नरहने अभिव्यक्ति अनुसार नेपाललाई टुक्राउने प्रयत्न गर्ने सम्भावना रहने छ। त्यसरी एक मधेश, एक प्रदेश बनेमा र नबनेमा दुवै अवस्थामा उनीहरू (मधेशवादी राजनीतिक शक्तिहरू) द्वारा देशको अखण्डताका लागि गम्भीर खतरा छ। अन्य दुई कारणहरूले त्यो खतरालाई अरू गम्भीर बनाउने छ : प्रथम, त्यसका पछाडि काम गरिरहेको भारतीय विस्तारवादको रणनीति। द्वितीय, नेपालका प्रमुख राजनीतिक शक्तिहरूको मधेशवादी राजनीतिक शक्तिहरू तथा भारतीय विस्तारवादप्रतिको सम्झौतापरस्त नीति।

मधेशवादी राजनीतिक शक्तिहरूबाट सम्भावित खतराको कसरी सामना गर्ने ? प्रथमता, तराई/मधेशका जनता माथिको सामन्ती शोषण, उत्पीडन र भेदभावलाई हटाउन प्रभावशाली कदमहरू उठाउनु पर्दछ। द्वितीय, मधेशवादी शक्तिहरूका तर्फबाट सम्भावित खतराबाट देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको रक्षाका लागि सबै देशभक्त र राष्ट्रप्रेमी जनताका बीचमा बलियो ऐक्यवद्धता कायम हुनुपर्दछ। अन्यथा मधेशवादी आन्दोलनका कारणले देशको अखण्डतामा गम्भीर आँच पुग्ने सम्भावना रहने छ। त्यस प्रकारको खतरा मधेशवादी राजनीतिक शक्तिहरूबाट मात्र हैन, अहिले त्यहाँ दर्जनौं सशस्त्र गुटहरू क्रियाशील छन्, तिनीहरूका गतिविधिका कारणले पनि गम्भीर प्रकारको अशान्ति, असुरक्षा र आतंकको अवस्था उत्पन्न भएको छ र त्यसमाथि नियन्त्रण गर्न प्रशासन असमर्थ भएको देखिन्छ। एकपल्ट मधेश स्वायत्त प्रदेश वा पृथक मधेश राज्य बन्यो भने उनीहरूले नाकाबन्दी गरेर सम्पूर्ण पहाडी भागमा दवाव दिएर देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा समेत थप खतरा पैदा हुने सम्भावना रहने छ। त्यसरी मधेश पृथक वा स्वतन्त्र राज्य नबनेपनि सम्पूर्ण तराई/मधेश एक स्वायत्त प्रदेश बनेमा त्यसका परिणामहरू घातक हुन सक्दछन्। त्यसैले हामीले सम्पूर्ण तराई/मधेशलाई छुट्टै प्रदेश बनाउनुको सट्टा उत्तरतिरबाट दक्षिणतिरका हिमाल, पहाड र तराईका भागहरूलाई मिलाएर प्रदेशहरूको निर्माण गर्ने कुरामा जोड दिंदै आएका छौं। प्रदेशहरूको त्यस प्रकारको विभाजनबाट राष्ट्रिय र क्षेत्रीय एकताको निर्माणमा बल पुग्ने छ।

सम्पूर्ण तराईलाई एउटै प्रदेश बनाउने आन्दोलनको स्वयं तराईका जनताबाट नै व्यापक विरोध भइरहेको छ। थारू जातिले त्यो विरोध कार्यक्रमलाई संगठित रूपले अगाडि बढाइरहेको छ। चुरेभावरले पनि त्यस प्रकारको विरोधमा जोड दिंदै आएको छ। तराईमा वसोवास गर्दै आएका पहाडि समुदायका जनताको पनि त्यसप्रति विरोध छ। जुन मधेशवादी राजनीतिक शक्तिहरूले अहिले मधेशवादी आन्दोलनको सञ्चालन गरिरहेका छन्, तिनीहरू भित्र भएका सबै देशभक्त र राष्ट्रप्रेमी पक्षहरूले पनि देशको अखण्डतामा आँच पुग्ने वा राष्ट्रिय र क्षेत्रीय एकतामा बाधा पुग्ने प्रकारका सबै गतिविधिहरूको अवस्य पनि विरोध गर्नेछन्। त्यसरी तराई/मधेशमा भएका त्यस प्रकारको जनमतलाई संगठित गरेर मधेशवादी आन्दोलनबाट सम्भावित खतरालाई रोक्न सकिने छ र रोक्नु पर्दछ। नेपालमा सामन्ती व्यवस्था सबैभन्दा बढी तराईमा नै बलियो छ। त्यहाँ स्थानीय सामन्तहरूका साथै पहाडतिरबाट गएका र भारतको छिमेकी जिल्लाहरूबाट आएका जमिन्दारहरूद्वारा किसानहरू ठूलो संख्यामा शोषित पीडित हुने गरेका छन्। किसानहरूको ग्रामीण वर्गसंघर्षलाई व्यापक रूपमा बढाएर नै किसानहरूलाई सामन्ती शोषण र उत्पीडनबाट मुक्त गर्न सकिने छ। सामन्तवादका विरूद्धको त्यस प्रकारको वर्गीय एकता पनि मधेशवादी आन्दोलनबाट देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताका अगाडि सम्भावित खतरालाई रोक्न महत्वपूर्ण आधार बन्ने छ।

हाम्रा अगाडि भएका जिम्मेवारीहरूका अगाडि जति गम्भीर प्रकारका समस्याहरु छन्, त्यति नै गम्भीरतापूर्वक प्रयत्न गरेमा नै ती जिम्मेवारी पूरा हुन सक्नेछन्।

राजावादीहरू सबैभन्दा बढी स्पष्ट र खुला रूपले संविधानसभा वा गणतन्त्रका विरूद्ध अगाडि आएका छन्। उनीहरूले घोषित रूपले नै संविधानसभाको विघटनका लागि आवाज उठाएका छन्। संविधानसभा र गणतन्त्र पक्षधर शक्तिहरूका गलत नीति र क्रियाकलापहरू, मुख्यतः संविधानको निर्माणमा उनीहरूले प्रदर्शन गरेको असफलताबाट राजावादी शक्तिहरूलाई बल पुग्दै गइरहेको छ। सत्ता वा विपक्षमा भएका प्रमुख राजनीतिक शक्तिहरूका गलत नीति र क्रियाकलाप तथा संविधानको निर्माणमा उनीहरूले प्रदर्शन गरेको असफलताका कारणले जनतामा सम्पूर्ण दलीय व्यवस्था र देशमा कायम भएको गणतन्त्र प्रति नै असंतोष र अविश्वास बढ्दै गएको छ। त्यसबाट पनि राजावादी शक्तिहरूलाई थप बल पुगिरहेको छ। देशमा बढिरहेको अराजकता, दण्डहीनता, मूल्यवृद्धि, जातीय र क्षेत्रीय द्वन्द्व, राष्ट्रिय विघटनको खतरा आदिका आधारमा राजावादीहरूले राजतन्त्रको पुनर्स्थापनाको औचित्यता सिद्ध गर्ने प्रयत्न गरिरहेका छन्। हिन्दू धर्मलाई उनीहरूले राजतन्त्रको पुनर्स्थापनाको संघर्षको मुख्य हतियार बनाएका छन्।

देशमा राजतन्त्र समाप्त भएपनि सामाजिक, वर्गीय वा सांस्कृतिक रूपमा राजतन्त्रका अझै धेरै आधारहरू विद्यमान छन्। पुराना पञ्चहरूको एउटा ठूलो समूह अहिले पनि राजतन्त्रको पुनर्स्थापनाको पक्षमा छ। विदेशी शक्तिहरूले आफ्ना साम्राज्यवादी वा विस्तारवादी स्वार्थहरूका पक्षमा राजतन्त्रको पुनर्स्थापनाको नीति अपनाउने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न। स्वयं संविधान वा गणतन्त्र पक्षधर शक्तिहरूमा पनि एक वा अर्को रूपमा राजावादीहरूको प्रभाव छ वा तिनीहरूभित्र विभिन्न रूपमा राजापरस्त सोंचाईहरू विद्यमान छन्। २०६२-६३ को आन्दोलनका पक्षधर शक्तिहरूका

बीचमा हुने फुटले पनि राजावादीहरूलाई बल पुऱ्याउने गरेको छ । यी कैयौं कारणहरूले गर्दा देशमा राजतन्त्र समाप्त भएको भएपनि राजावादी खतराप्रति आँखा चिम्लनु सही हुनेछैन ।

यो लेखलाई पूरा गर्नुभन्दा पहिले संघीयताबारे पनि केही विचार गर्नुपर्ने आवश्यकता छ । नेपालमा संघीयताको अवधारणा मुख्य रूपले भारतको सुनियोजित नीतिको परिणाम हो । तर जातीय संघीयताको पक्ष मुख्य जोड पश्चिमी साम्राज्यवादी देशहरू वा उनीहरूसित सम्बन्धित आई.एन.जी.ओ. वा एन.जी.ओ.हरूको असरको नै परिणाम हो । नेपालका कतिपय राजनीतिक शक्तिहरूले संघीयताबाट देशमा सम्भावित घातक दुष्परिणामहरू बारे विचार नगरिकन वाह्य असर, दवाव वा घुसपैठका कारणले संघीयतालाई अपनाउँदै आएका छन् । देशमा संघीयता अझै लागू भएको छैन । तैपनि संघीयताले देशमा जुन प्रकारको अवांछित वातावरण तयार पार्दै लगिरहेको छ, त्यसबाट भविष्यमा सम्भावित घातक दुष्परिणामहरूबारे बुझ्न गाह्रो पर्दैन । अहिले देशमा जातीय र क्षेत्रीय विग्रह, पृथकतावादी वा राष्ट्रिय विघटनका प्रवृत्तिहरू देशभरी देखापर्न थालेका छन् । त्यसबाट संघीयताको परिणामस्वरूप नेपाल वा नेपाली जातिको अस्तित्व नै समाप्त हुनेता होइन ? त्यो गम्भीर आशंका पनि पैदा हुँदै गएको छ । त्यो अवस्थामा संघीयता पक्षधर राजनीतिक शक्तिहरूले आफ्ना त्यस सम्बन्धी अवधारणाहरूबारे पुनर्विचार गरेर त्यसलाई सच्चाउनु सबैभन्दा उपयुक्त हुनेछ । त्यस्तो हुन नसकेमा भविष्यमा संघीयताका कैयौं दुष्परिणामहरू अगाडि आएपछि अहिले संघीयतालाई समर्थन गर्ने राजनीतिक शक्तिहरूले उनीहरूले भ्रमवश नै त्यो गलत सोंचाई अपनाएको भए-शायद आफ्नो गल्ति महशूस गर्नेछन् र त्यसलाई सच्चाउने छन् । तर त्यो बेलासम्म धेरै ढिला भैसक्ने छ । अर्कातिर, शायद त्यो बेलामा आफ्नो गल्ति महशुस गर्न वा सच्चाउन विभिन्न राजनीतिक शक्तिहरूको नेतृत्वको अहिलेको पिढी जीवित रहने छैन र उनीहरूले गरेका गल्तिको दुष्परिणाम नयाँ पिढीले भोग्नु पर्नेछ । त्यस सन्दर्भमा संविधानसभाको उदाहरणले विषयवस्तु माथि केही प्रकाश हाल्न सक्दछ ।

सामान्य रूपले २०१५ साल देखि नै र विशेषरूपले २०४६ को आन्दोलनपछि देशका कैयौं राजनीतिक शक्तिहरूले-ने.क.पा. (मसाल)लाई छाडेर- संविधानसभाको विरोध गर्ने नीति अपनाए । तर एक दशकपछि उनीहरूले त्यो गल्ति सच्याए । त्यो बेला एक दशकपछि त्यो गल्ति सच्याउन मौका मिलेको थियो । संविधानसभाको विरोध गर्दा त्यसको दुष्परिणाम अगाडि आएपछि उनीहरूलाई आफ्नो गल्ति सच्याउन पहल गरेका थिए । तर संघीयताका कारणले जुन प्रकारको भीषण दुष्परिणाम हुनेछ, त्यसबाट गल्ति सच्चाउनका लागि मौका नै प्राप्त हुनेछ वा छैन ? त्यो भन्न मुश्किल पर्दछ । त्यसकारण सबैभन्दा सही कुरा त यही हुनेछ, अहिले नै संविधानसभाद्वारा संघीयता सम्बन्धी गल्तिलाई सच्चाइयोस् । तर प्रथम, संघीयताका कारण वातावरण धेरै नै विग्रिसकेको छ । द्वितीय, संघीयताका आडमा आफ्ना निहित स्वार्थ पूरा गर्न चाहने तत्वहरूले संघीयता सम्बन्धी गल्तिलाई सच्चाउने कार्यमा पूरै बाधा पुराउने प्रयत्न गर्नेछन् । त्यो बाहेक देशमा यस्ता राजनीतिक शक्ति वा जाति र जनजातिहरू वा संघ-संस्थाहरू, समुदायहरूको कमी छैन, जसले इमान्दारितापूर्वक नै संघीयताको कारणले देश र जनताको हित हुनेछ भनेर त्यसलाई समर्थन गर्ने गरेका छन् । त्यस प्रकारको भ्रम साफ नभइकन उनीहरू पनि संघीयता सम्बन्धी आफ्ना गलत सोंचाईहरूलाई सच्चाउन तयार हुने छैनन् । ती कारणहरूले गर्दा जसले त्यो गल्तिलाई सच्चाउन चाहन्छन्, उनीहरूका लागि पनि आफ्नो गलत धारणालाई सच्चाउन सजिलो हुनेछैन ।

संघीयताबाट सम्भावित भावी दुष्परिणामहरू ता वास्तविक रूपमा भविष्यमा नै देखा पर्नेछन् । तर तत्काल त्यसबाट संविधानको निर्माणमा नै बाधा पुगिरहेको छ । त्यसलाई समर्थन गर्ने राजनीतिक शक्तिहरूका बीचमा पनि त्यसको स्वरूप बारे गम्भीर प्रकारका मतभेदहरू छन् । त्यसले गर्दा संविधानको एकीकृत खाका बनाउनु पनि उनीहरूका लागि कठिन भइरहेको छ । वास्तवमा संघीयता सम्पूर्ण देश र जनताका साथै संविधानको निर्माणको दिशामा पनि एउटा गम्भीर समस्या बनेको छ ।

शान्ति, संविधान र गणतन्त्रलाई सुदृढ गर्ने सम्पूर्ण प्रक्रिया प्रति विदेशी शक्तिहरूको षडयन्त्रकारी भूमिकाबारे पनि हाम्रो ध्यान जानुपर्ने आवश्यकता छ । उनीहरूले, आन्तरिक रूपमा जुन अस्थिर, अन्यौलपूर्ण र जटिल परिस्थिति छ, त्यसलाई र संविधानसभालाई समेत आफ्ना साम्राज्यवादी तथा विस्तारवादी स्वार्थहरूका पक्षमा उपयोग गर्न योजनावद्ध प्रकारले प्रयत्न गरिरहेका छन् । देशका राजनीतिक शक्तिहरूका अदूरदर्शितापूर्ण, अपरिपक्व वा अवसरवादी चरित्रजन्य कमजोरीहरूका कारणले उनीहरूलाई आफ्ना उद्देश्यहरू पूरा गर्न धेरै नै मद्दत पुगिरहको छ । साच्चि नै भन्ने हो भने आज देशमा विदेशी शक्तिहरूको त्यस प्रकारको भूमिका धेरै नै बढेर गएको छ र सरकार वा विभिन्न प्रमुख राजनीतिक शक्तिहरूले तिनीहरूका अगाडि आत्मसमर्पण गर्दै गइरहेका छन् । अहिले देशमा शान्ति, संविधान र गणतन्त्रको सुदृढीकरण बारे जुन अन्यौलपूर्ण र जटिल स्थितिको सृजना भएको छ, त्यसका पछाडि उनीहरूको त्यस प्रकारको भूमिकाले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले काम गरेको सम्भावनालाई अस्वीकार गर्न सकिन्न ।

माथिको संक्षिप्त विवरणबाट शान्ति प्रक्रिया, संविधानको निर्माण र गणतन्त्रलाई संस्थागत गर्ने कार्यहरूसित कतिका गम्भीर समस्याहरू जोडिएका छन् ? त्यो बुझ्न गाह्रो पर्दैन । त्यसकारण हाम्रा अगाडि भएका जिम्मेवारीहरूका अगाडि जति गम्भीर प्रकारका समस्याहरू छन्, त्यति नै गम्भीरतापूर्वक प्रयत्न गरेमा नै ती जिम्मेवारी पूरा हुन सक्नेछन् ।•

# "वाम" ध्रुवीकरण वा राष्ट्रिय सहमति ?

- वीरसिंह

सरकार निर्माण गर्ने सवालमा राष्ट्रिय सहमतिको सरकारको अडान लिएर एमालेले लामो समयसम्म प्रधानमन्त्रीको निर्वाचनलाई अवरूद्ध पारेको थियो । अन्तमा एक्ला उम्मेदवार ने.का.का रामचन्द्र पौडेलले उम्मेदवारी फिर्ता लिएपछि झलनाथ खनाल र प्रचण्डबीच गोप्य सातबुँदे सहमतिका आधारमा भएको निर्वाचनमा बहुमत प्राप्त गरी झलनाथ खनाल देशको प्रधानमन्त्रीमा नियुक्त भएका थिए । सात बुँदे सहमतिको स्वयं एमालेभित्रबाट विरोध भयो र त्यसमा केही संशोधन गरेपछि पार्टीले पनि पछि स्वीकार गऱ्यो ।

देशमा वामपन्थी पार्टी तथा संगठनहरूको एकताको कुरा लामो समयदेखि चल्दै आएको छ । त्यो एकताको चर्चा पार्टी एकता तथा कार्यगत एकता दुवैको बारेमा हुने गरेको छ । कतिपय बेला माओवादी लगायत विभिन्न संगठनहरूले पार्टी एकता तथा कार्यगत एकताका लागि असफल प्रयास पनि गर्दै आएको इतिहास छ । तर यहाँ जुन एकताको कुरा गरिएको छ, त्यो कार्यगत एकता नै हो । वामपन्थी एकता हुनुपर्छ भन्ने जनमत बाहिर पनि त्यत्तिकै प्रबल छ । बाहिरबाट हेर्दा वामपन्थी एकताको कुरा निकै कर्णप्रिय छ । नेपालमा कूल मिलाएर हँसिया हथौडाको झण्डाका आधारमा प्राप्त मतलाई हेर्ने हो भने करिब दुईतिहाई मत वामपन्थी वा वामपन्थी प्रकारका पार्टी वा संगठनहरूलाई प्राप्त भएको छ ।

जनताले हँसिया हथौडाको झण्डा बोकेका जोसुकै पार्टीलाई पनि वामपन्थी वा कम्युनिष्ट पार्टी ठान्ने गरेका छन् । एउटा वामपन्थी वा कम्युनिष्ट पार्टी हुनका लागि अमूक पार्टीले के-कस्तो नीति अख्तियार गर्नुपर्ने हो ? त्यो कुरा जनतालाई थाहा हुँदैन । त्यसकारण खाली कम्युनिष्ट पार्टी प्रतिको आस्था, श्रद्धा र सम्मानका आधारमा मात्र विभिन्न कम्युनिष्ट नामधारी पार्टीलाई जनताको मत प्राप्त भएको छ । त्यसैले जनता कम्युनिष्ट नाम गरेका जतिसबै पार्टीहरू एकता गरेर वा मोर्चा बनाएर एक ठाउँमा उभिनुपर्छ भन्ने धारणा राख्ने गर्दछन् । तर कम्युनिष्ट एकता वा वामपन्थी एकताका लागि कतिपय व्यवहारिक, सैद्धान्तिक तथा नीतिगत जटिलताहरू छन्, जसका बारेमा त्यति छलफल हुने गर्दैन ।

माओवादीले देशमा १० वर्षसम्म कथित जनयुद्ध सञ्चालन गर्ने बेलामा अन्य वामपन्थी शक्तिहरूलाई कथित जनयुद्धलाई समर्थन नगरिदिएका कारणले हत्या, अपहरण, कुटपिट, यातना, सर्वस्वहरण लगायत गरेर आतंकित पार्ने काम गऱ्यो । विरोधी पार्टीहरू लगायत हाम्रो पार्टीका पनि थुप्रै कार्यकर्ताहरूले ती सबै कारवाहीहरू भोग्नु पऱ्यो । माओवादीले अहिलेसम्म त्यसबारे कुनै पश्चाताप गरेको छैन । १२ बुँदे समझदारीदेखि यताका विस्तृत शान्ति सम्झौता हुँदै माओवादी शान्ति प्रक्रियामा आएको छ । शान्ति प्रक्रियामा आउनुपर्ने उसको वाध्यता थियो । देशमा सशस्त्र युद्धको लागि आवश्यक भूमि तयार नभएको र अन्तर्राष्ट्रिय परिस्थिति पनि अनुकूल नभएको अवस्थामा माओवादीले सुरू गरेको कथित जनयुद्धले एकातिर, हजारौं कार्यकर्ताहरू मारिन पुगे भने अर्कोतिर, उसले दश वर्षसम्म कथित जनयुद्ध जारी राखे पनि त्यसले विजय प्राप्त गर्न सकिने अवस्था देखेन । कथित जनयुद्ध मार्फत सत्तामा पुग्ने महत्वाकांक्षा पूरा नहुने भएपछि शान्ति प्रक्रियाको बाटो हुँदै आफ्ना क्यारिरिष्ट उद्देश्यहरू पूरा गर्न अनुकूल अवसर देखेर नै माओवादीले एक्काइसौं शताब्दीको जनवादको यात्रा गर्दै दक्षिणपन्थी बाटो समात्न पुग्यो, यद्यपि त्यो दक्षिणपन्थी यात्रा अझै पूरा गरिसकेको छ भन्न मिल्दैन ।

माओवादीले हिजो कथित जनयुद्धलाई सपोर्टका लागि "वाम"एकताको कुरा गऱ्यो र जो एकतामा आउन चाहेनन् वा समर्थन गरेनन्, उनीहरूलाई शत्रुतापूर्ण व्यवहार गऱ्यो भने आज उसले सरकारमा पुऱ्याउन वा टिकाउन उसलाई समर्थन गर्ने कुरालाई केन्द्रविन्दु बनाएर "वाम" एकताका कुरा गरेको छ । झलनाथ खनालसित गरेको सात बुँदे सहमति त्यसैको परिणाम हो । एमाले जसरी पनि सत्तामा पुग्न जोसुकैसित पनि एकता गर्ने नीतिले गर्दा माओवादीले फैलाएको जालोमा झलनाथ खनाल फस्न पुगेका छन् । एमाले माओवादीको लाचार छायाँ मात्र बनेको कुरा स्वयं एमाले नेताहरूले नै स्वीकार गर्न पुगेका छन् । झलनाथ खनाललाई सात बुँदे सहमतिको आलोपालोको निर्णय अनुसार गत जेष्ठ १४ गतेसम्मका लागि प्रधानमन्त्री बनाइएको थियो । त्यो कुरा माओवादी नेता नेत्रविक्रम चन्द्र (विप्लव)ले ०६८ आषाढ २३ गते बी.बी.सी. अन्तरवार्तामा खुलासा गरेका छन् । माओवादीको "वाम" एकताको नीतिमा फँसेर एमाले अहिले अकर्मण्यताको स्थितिबाट गुज्रिरहेको छ । पार्टी भित्रको द्वन्द्व झन्पछि झन् तीब्र रूपमा चर्किरहेको छ । सरकारको नेतृत्व गरेको पार्टीको नीति र कार्यक्रममा कुनै नीति लागू हुन सक्दैन । नीति तथा

माओवादीको "वाम" एकताको नीतिमा फँसेर एमाले अहिले अकर्मण्यताको स्थितिबाट गुज्रिरहेको छ । पार्टी भित्रको द्धन्द्ध झन्पछि झन् तीब्र रुपमा चर्किरहेको छ । सरकारको नेतृत्व गरेको पार्टीको नीति र कार्यक्रममा कुनै नीति लागू हुन सक्दैन ।

कार्यक्रममा उसले माओवादीको कथित जनयुद्धलाई मान्यता दिन बाध्य भयो। उसको पालाका कार्यक्रमहरूलाई त्यहाँ राख्न दिइएन। अहिले झलनाथलाई एमालेले होइन, माओवादीले चलाएको छ। एमाले यसरी फस्नुका पछाडि माओवादी कारक होइन। त्यसका पछाडि स्वयं एमालेका क्यारिरिष्ट उद्देश्यहरू नै मुख्य रूपले जिम्मेवार छन्। सत्ताको लागि उ राजाको सरकारमा पनि बसेको इतिहास हाम्रो सामु छ। सत्ताभन्दा बाहिरिनु एक मिनट पनि उसको लागि कष्टपूर्ण हुन्छ।

"वाम" घटकहरू बीच गरिने कार्यगत एकता देश र जनताका लागि तथा अग्रगमनका लागि हुनुपर्छ। कुनै पार्टी विशेषका क्यारिरिष्ट उद्देश्यहरू पूर्तिको साधन बनाउनका लागि त्यो एकता उपयोग हुन्छ भने त्यो देश र जनताको हितमा हुन सक्दैन। आज जुन घटकहरू, विशेषत: माओवादी तथा एमाले, ले "वाम" एकतालाई बलियो बनाउन प्रयास गरिरहेका छन्, त्यसको धरातल अत्यन्त कमजोर छ। प्रथम, उनीहरू देशले भोगिरहेको समस्याप्रति कुनै चासो देखाउँदैनन्। आज देशले गम्भीर राष्ट्रियताको संकट झेलिरहेको छ। संघीयताका आधारमा देशको विखण्डन हुने स्थिति, जन्मका आधारमा गैर-नेपालीलाई नागरिकता, सीमा अतिक्रमण, भारतद्वारा अवैध बाँध निर्माण, अपर कर्णाली लगायतका राष्ट्रिय हित विपरीत जलस्रोत सम्बन्धी सम्झौता, स्थानीय निकायको निर्वाचन प्रति वेवास्ता, शान्ति तथा संविधान निर्माण, नेपालमाथि साम्राज्यवादी शक्तिहरूले लादेका राष्ट्रियहित विपरीतका सन्धि सम्झौता, बहुराष्ट्रिय कम्पनीहरूलाई ढोका खुला गर्नु आदि कैयौं विषयमा माओवादी र एमालेले जनताको भावना विपरीत निर्णय गर्दै गईरहेका छन्। ती विषयहरूमा उनीहरूले सरकारमा रहेका अन्य "वाम" घटकहरू बीच कुनै छलफल गर्न चाहँदैनन्। उनीहरूको छलफल शान्ति र संविधानका नाममा सत्ताको भागबण्डा नै अहिलेको प्रमुख मुद्दा हो। दोस्रो कुरा, "वाम"घटकहरूको एकताले अहिलेको परिस्थितिमा कति प्रभाव पार्छ भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण छ।

०६२-६३ को जनआन्दोलनका आन्दोलनरत घटकहरूको एकताले राजतन्त्रको अन्त भएको हो। राजतन्त्र सदाका लागि अन्त गर्न गणतन्त्रलाई नयाँ संविधानको निर्माणद्वारा संस्थागत गर्नुपर्ने आवश्यकता छ। त्यो कार्यभार अझैसम्म पूरा भएको छैन। त्यसको लागि राष्ट्रिय सहमति आवश्यक छ। राष्ट्रिय सहमति भनेको कुनै पार्टीको निर्देशनलाई अन्य पार्टीले सरासर स्वीकार गर्नु होइन, राष्ट्रिय सहमति भनेको मतभेदहरूको बीचमा सहमति हो। जुन विषयहरूमा सहमति हुन्छ, त्यसलाई नै आधार बनाएर शान्ति प्रक्रियाको टुंगो लगाउने र संविधान निर्माण गर्ने कार्य पूरा गरिनु पर्छ। आफ्ना-आफ्ना अडानलाई कायम राखेर सहमति हुन सक्दैन। यस

> राष्ट्रिय सहमति भनेको कुनै पार्टीको निर्देशनलाई अन्य पार्टीले सरासर स्वीकार गर्नु होइन, राष्ट्रिय सहमति भनेको मतभेदहरूको बीचमा सहमति हो। जुन विषयहरूमा सहमति हुन्छ, त्यसलाई नै आधार बनाएर शान्ति प्रक्रियाको टुंगो लगाउने र संविधान निर्माण गर्ने कार्य पूरा गरिनु पर्छ।

प्रकारको राष्ट्रिय परिस्थितिलाई नजरअन्दाज गरेर "वाम"घटकहरूको मात्र एकतामा जोड दिंदा त्यसको परिणाम सकारात्मक आउँदैन। त्यसले राष्ट्रिय सहमतिको वातावरणलाई कमजोर बनाउने अवस्था आउँछ। त्यसले गैर-वामहरूलाई छुट्टै मोर्चा बनाउनमा उक्साउने काम गर्छ। केही समय पहिले कांग्रेस र मधेशवादी दलहरूले त्यो दिशामा पहल समेत गरिसकेका छन्। जुन गतिमा "वाम"एकता अगाडि बढ्छ, त्यही गतिमा प्रजातान्त्रिक एकता पनि अगाडि बढ्छ। राजनीतिक संगठनहरू दुई ध्रुवमा बाँडिएपछि शान्ति र संविधान असफल हुने पनि निश्चित छ। त्यसरी "वाम" एकताको अर्थ अहिलेको परिस्थितिमा शान्ति र संविधानको असफलता नै हुनु जान्छ। यो अवस्थामा सबै राजनीतिक शक्तिहरूको एकता नै अहिलेको आवश्यकता हो।

प्रधानमन्त्री झलनाथ खनालले ०६८ जेष्ठ १४ गते पाँच बुँदे सहमतिमा आफूले राष्ट्रिय सहमतिका लागि प्रधानमन्त्रीबाट राजिनामा दिएर मार्ग प्रसस्त गर्ने भनेर हस्ताक्षर गरेका छन्। उनले अहिलेसम्म राजिनामा दिएका छैनन्। बरू उल्टो त्यो सहमतिको भावना विपरीत जेष्ठ १४ पछि लगत्तै उनले भनेका छन् : "राष्ट्रिय सहमति बनेपछि राजिनामा दिनेछु।" अहिले उनी भन्न थालेका छन् : "यही सरकारलाई सबैले राष्ट्रिय सहमतिको सरकार बनाउनु पर्छ।" यसरी एउटा शीर्षस्थ नेतृत्वमा रहेको व्यक्तिले सहमतिलाई कार्यान्वयन नगरेपछि अन्य राजनीतिक पक्षहरूको बीचमा कसरी विश्वासको वातावरण बन्छ ? सरकार कसको बन्छ भन्ने कुरा अहिलेको लागि गौण प्रश्न हो। मुख्य कुरो शान्ति र संविधानमा सबैको सहमति कसरी कायम हुन्छ भन्ने हो। त्यही मुख्य कुरो नै अहिले सत्ताको छिनाझपटीका कारण ओझेल परेको छ।

शान्ति र संविधान कुनै एउटा दलको सरोकारको विषय होइन, त्यो आम नेपाली जनताको सरोकारको विषय हो। कुनै दल विशेषको नीतिका कारण शान्ति स्थापना तथा संविधान निर्माण कार्यलाई अवरोध उत्पन्न गरिनु हुँदैन।

जनताको मूल सरोकारको विषय शान्ति, गणतन्त्र, धर्मनिरपेक्षता, महिला, दलित, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको राज्यका विभिन्न अंग तथा सेवाहरूमा समावेशी तथा समानुपातिक प्रतिनिधित्व, विधिको शासन, आर्थिक समृद्धि लगायत हुन्। ती कुराहरू मुख्यरूपले सम्बोधन गरिनुपर्छ। अन्य विषयहरूमा यदि विवाद उत्पन्न हुन्छ भने एउटै मात्र उपाय हो कि पहिलेको विधिलाई निरन्तरता दिनु। जुन प्रकारले ऐन कानूनहरू नयाँ ऐन कानूनले विस्थापित नगर्दासम्म कायम रहन्छन्, त्यही प्रकारले नयाँ विकल्प तयार नभएको अवस्थामा पुरानोलाई कायम राख्नु स्वभाविक हुन जान्छ।

संघीयता आज विवादको विषय बनेको छ। त्यस सम्बन्धी विवादबाट

बाहिर निस्केर स्थानीय स्वायत्त शासन सहितको एकात्मक शासन प्रणालीमा जान सकिन्छ । यदि राज्यको शासकीय स्वरूपमा विवाद हुन्छ भने पहिले कै वेस्टमिनिस्टर प्रणालीलाई कायम राख्न सकिन्छ । निर्वाचन प्रणालीमा विवाद हुन्छ भने पहिले कै मिश्रित निर्वाचन प्रणालीलाई कायम राख्न सकिन्छ । तर यदि कसैले जनवादी संविधान, संघीयता वा जातीय राज्य, राष्ट्रपतीय शासन प्रणाली जस्ता कुराहरूमा विवाद राखिरहन्छ भने दशौं वर्ष पनि संविधान बन्दैन । यस प्रकारको अडान राखेर संविधान बन्न नदिने संगठनसित "वाम" एकताको के अर्थ रहन्छ ? संविधानसभाको निर्वाचन पछि पहिलो ६ महिनामा लडाकू समायोजन गर्ने भनिएको थियो । त्यो बेला त्यो विषयमा माओवादी नेतृत्वको सरकारले ध्यान दिएन । तर त्यही बेला करिब चारहजार लडाकूहरूको संख्यालाई (प्रचण्डको प्रशिक्षणको टेपका आधारमा) कृत्रिम तरिकाले करिब २० हजार पुऱ्याउने काम भयो । आज त्यो लडाकूहरूको भरणपोषणका लागि सरकारले प्रतिमहिना १७ करोड खर्च गरिरहेको छ । अहिले शान्ति प्रक्रिया र संविधान निर्माणको कामलाई साथ साथै सम्पन्न गर्ने कुरा गरिदैछ । त्यो कुरा अन्य पक्षलाई स्वीकार्य छैन । यसरी शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन नचाहने शक्तिसित "वाम" एकताको के अर्थ रहन्छ ? यो अवस्थामा माओवादीलाई गरिने समर्थनले शान्ति र संविधान विपरीत कार्यलाई मद्दत पुगिरहेको छ । के "वाम" एकता गर्नुको अर्थ माओवादीका गलत नीतिलाई मद्दत पुऱ्याउनु हो ? त्यसकारण "वाम"एकताको आधार जनताका समस्यासित सरोकार राख्ने शान्ति र संविधानसित जोडिएका विवादहरूको समाधानलाई बनाउनुपर्छ । अहिले उठेका शान्ति र संविधानका विषयहरू वामपन्थीहरूका मात्र होइनन्, सम्पूर्ण आन्दोलनरत पक्षहरूका हुन् । आन्दोलनरत पक्षका कांग्रेस लगायत अन्य घटकहरूलाई अलग गरेर शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउन र संविधान निर्माणको कार्य पूरा गर्न सकिंदैन । यो अवस्थामा "वाम" एकताको कुरा गरिन्छ भने त्यो खाली माओवादीका गलत राजनीतिक उद्देश्यहरूलाई पूरा गर्नका लागि मात्र हुनेछ ।

सैद्धान्तिक रूपमा नेपाली कांग्रेस लगायतका कतिपय दलहरूसित हाम्रा गम्भीर मतभेदहरू रहेका छन् । ती मतभेदहरूका बाबजुद पनि नेपाली कांग्रेस लगायतका राजनीतिक शक्तिहरू जनआन्दोलनका सहयात्री हुन् । उनीहरू गणतन्त्रलाई स्वीकार गरेका छन् । शान्ति र संविधानको सवालमा उनीहरूको भूमिका नकारात्मक रहेको पाईंदैन । बरू स्वयं शान्ति र संविधान निर्माण प्रक्रियामा अवरोध पुऱ्याउने काम माओवादी र एमालेबाट हुँदै आएको छ । सात बुँदे गोप्य सहमति त्यो दिशामा गरिएको फुटपरस्त कार्य हो । "वाम"हरू एक ठाउँमा उभिने कुरा कतिपय इस्युका आधारमा सम्भव हुँदैन भन्न सकिंदैन । तर त्यस्तो इस्यु अहिले तत्काल देखिएको छैन । अहिलेको मुख्य इस्यु भनेको शान्ति र संविधान नै हो । अहिले शान्ति र संविधानका सन्दर्भमा "वाम"हरूबीच ध्रुवीकृत एकता गरेर ने.का.सित टक्कर लिने बेला भएको छैन । यद्यपि हाम्रा गम्भीर मतभेदहरू छन् र भोली पनि रहने छन् । सबै राजनीतिक संगठनहरूको अहिलेको प्राथमिक काम शान्ति र संविधान नै हो र त्यसका लागि "वाम"हरूको मात्र एकता होइन, सबै आन्दोलनरत पक्षहरूको एकता हो । आज संविधानसभा भंग गर्नुपर्ने, नयाँ ताजा जनादेशमा जानुपर्ने जस्ता कुराहरू पनि उठिरहेका छन् । माओवादी तथा एमालेको अहिलेको क्रियाकलापबाट जनतामा उत्पन्न आक्रोश लामो समयसम्म थामिन सक्छ भन्न पनि सकिंदैन । कतै जनताको धैर्यता टुट्ने र त्यसलाई प्रतिगामीहरूले उपयोग गर्ने हो भने अहिलेसम्म प्राप्त गरेको उपलब्धि पनि गुम्न सक्ने अवस्था नआउला भन्न सकिंदैन । त्यसकारण "वाम" ध्रुवीकरणको धातक प्रक्रियालाई छाडेर ०६२-६३ को आन्दोलनका पक्षधर सबै पार्टी तथा संगठनहरूबीच सहमतिको वातावरण निर्माण तर्फ ध्यान दिनु उपयुक्त हुनेछ ।

हामी रणनीतिक प्रश्नहरूमा दृढ अडान राख्दै आएका छौं । तर कार्यनीतिमा अत्यन्त लचिलो हुनुपर्ने आवश्यकता ठान्छौं । त्यसै कारणले गर्दा नै अहिलेको बुर्जुवा प्रकारको गणतन्त्रलाई हाम्रो पार्टीले समर्थन गरेको छ । त्यसैले अहिले शान्ति र संविधान निर्माण तात्कालिक कार्यनीतिको अंग बनेको छ । त्यसलाई पूरा गर्न मिल्न सक्नेजति सबै शक्तिहरू मिलेर अगाडि बढ्नुपर्ने आवश्यकता छ । त्यो अवस्थामा प्रधानमन्त्री कुन दलको बन्ने भन्ने प्रश्न मुख्य हुनु हुँदैन । सहमतिको आधारमा जो कोही पनि बन्नसक्छ । तबमात्र शान्ति र संविधानको लक्ष्य पूरा हुनेछ । माओवादीले लडाकूहरूलाई समूहगत समायोजनका लागि जोड दिइरहेको छ । जातीय राज्य, आत्मनिर्णयको अधिकार, बहुराष्ट्रवाद, जातीय अग्राधिकार आदिमा जोड दिईरहेको छ । उसको समग्र भूमिकालाई हेर्दा आफ्नो नीति लागू नभएमा शान्ति र संविधानलाई निष्कर्षमा पुग्न नदिने रहेको छ । त्यो उसको अधिनायकवादी प्रवृत्ति हो । कुनै पार्टीको अधिनायकवादी नीतिलाई स्वीकार गरेर कार्यगत एकता गर्नु देश, जनता वा पार्टी कसैको हितमा हुँदैन । अहिले एमालेको निरिह अवस्थाबाट पनि सबै वामहरूले पाठ सिक्नै पर्छ । त्यसकारण अहिलेको आवश्यकता गणतन्त्रप्रति प्रतिवद्ध सबै शक्तिहरूले राष्ट्रिय सहमति कायम गरेर अगाडि बढ्नु हो । राष्ट्रिय सहमतिका नाममा एमालेले जस्तै माओवादीका अराजक तथा अधिनायकवादी नीतिसित सम्झौता गरेर कार्यगत एकता वा मोर्चामा सामेल हुनु गलत हुनेछ । तत्कालिक अवस्थामा "वाम" एकताको नाममा लाचार छायाँ बन्नु वामपन्थीहरूको मात्र होइन, देश र जनताको हितमा पनि हुनेछैन ।•

अहिलेको आवश्यकता गणतन्त्रप्रति प्रतिवद्ध सबै शक्तिहरूले राष्ट्रिय सहमति कायम गरेर अगाडि बढ्नु हो । राष्ट्रिय सहमतिका नाममा एमालेले जस्तै माओवादीका अराजक तथा अधिनायकवादी नीतिसित सम्झौता गरेर कार्यगत एकता वा मोर्चामा सामेल हुनु गलत हुनेछ ।

# बलियो संगठन निर्माणको प्रश्न

– उत्तम

**२०६३** साल फाल्गुण २६–३० गते सम्पन्न नेपाल कम्यूनिष्ट पार्टी (मसाल) को सातौं महाधिवेशनद्वारा पारित संगठनात्मक प्रस्तावमा भनिएको छ – "हाम्रो पार्टी नेपाल कम्यूनिष्ट पार्टी (मसाल) का अगाडि धेरै ठूला गम्भीर र दुरगामी जिम्मेवारीहरू छन् । एकातिर साम्राज्यवाद, विस्तारवाद र सामन्तवादका विरूद्धको संघर्षको नेतृत्व गर्दै समाजवादी र साम्यवादी समाजको निर्माणको दिशामा अगाडि बढ्ने, अर्कोतिर तात्कालिक आन्दोलनमा देश, जनता, पार्टी र क्रान्तिको रक्षा गर्दै देशी विदेशी दुश्मनसंगको संघर्षमा जनताको पंक्तिलाई सचेत, संगठित र जुझारू बनाउदै शोषक वर्गका विरूद्धको संघर्षलाई नयां जनवादी दिशामा अगाडि बढाउने । एउटा सुसंगठित, स्पष्ट, लडाकु मिलिटेण्ट र अनुशासित पार्टीको अभावमा त्यस प्रकारको आन्दोलनलाई संगठित गर्नु र अगाडि बढाउनु सम्भव हुंदैन । संगठनलाई व्यवस्थित पार्न हाम्रा अगाडि कैयौं बाधा र समस्याहरू छन् । ती सबै समस्याहरूसंग जुद्धै भ्रमहरूलाई चिर्दै आजको हाम्रो मुख्य कार्यभार पार्टी संगठनलाई व्यवस्थित गर्नु र गतकालमा पार्टीमा देखापरेका विभिन्न प्रकारका अवसरवादी, फूटपरस्त, पदलोलुप र दोधारे मानसिकताका विरूद्ध संघर्षलाई सैद्धान्तिक र राजनैतिक रूपमा तेज पार्नु रहेको छ । हामीले तत्कालका संघर्षहरूमा सक्रियतापूर्वक पहलकदमी गर्दै दीर्घकालिन संघर्षको तयारीमा सारा शक्तिलाई केन्द्रित गर्नुपर्ने आवश्यकता छ । मूलत: सैद्धान्तिक र राजनैतिक मोर्चामा हाम्रो पार्टीको स्थान स्पष्ट र उच्च छ । नीति निर्माणको तहमा हामी दुरगामी दृष्टिकोण अपनाउन सफल भएका छौं । तर हाम्रो राजनीतिलाई कार्यान्वयनमा उतार्न हामीले अपेक्षा गरेअनुरूप सफलता प्राप्त गर्न सकेका छैनौं ।"

सामन्तवाद तथा सबै खाले प्रतिक्रियावादका विरूद्धको संघर्षको नेतृत्व गर्दै समाजवादी र साम्यवादी समाजको निर्माणको दिशामा अगाडि बढ्ने र तत्कालिक रूपमा देश, जनता, पार्टी र क्रान्तिको रक्षा गर्दै देशी विदेशी दुश्मन वर्गका विरूद्धको संघर्षमा जनतालाई सचेत र संगठित पार्दै उनीहरूको मुक्ति आन्दोलनलाई अगाडि बढाउनु हाम्रो तत्कालको कार्यभार हो । हाम्रो पार्टी ठोस परिस्थितिको ठोस विश्लेषण गरेर सही राजनीतिक निर्णय लिन सफल भएको छ । इतिहासका विभिन्न कालखण्डमा हाम्रो पार्टीले लिएका नीतिहरू सही सावित हुंदै आएका छन् । आज पनि राष्ट्रियता र जनताका व्यापक हितको पक्षमा स्पष्ट अडान लिने कुरामा हाम्रो पार्टी कहिं कतै चुकेको छैन । देशको राजनीतिमा दुरगामी असर पार्ने बाह्र बुंदे समझदारी पत्रको ३ नं. बुंदाको टिप्पणी, नागरिकता विधेयक, आत्म निर्णयको अधिकार सहितको एक मधेश एक प्रदेश, संघीयता, जातीय राज्य, विदेशी शक्ति राष्ट्रहरूको अवाञ्छित चलखेल, माओवादी लडाकुहरूको नेपाली सेनामा समायोजनको प्रश्न, संविधान निर्माणको प्रश्नसंग जोडिएका तमाम समस्याहरू लगायत यावत प्रश्नहरूमा पार्टीले सही नीति लिंदै आएको छ ।

> होलटाइमरहरूलाई तालिम प्रशिक्षण दिंदै पार्टीमा कुशल संगठक बनाउनुपर्छ । पहिलो कुरा होलटाइमर हुने कमरेडहरु निशर्त पार्टीमा हेलिन तयार हुनु पर्दछ । त्यसरी समर्पण भावका साथ अगाडि बढेका इमान्दार कार्यकर्ताको न्यूनतम भरणपोषणको व्यवस्था पार्टीले मिलाउनु पर्दछ ।

पार्टीका सही नीतिहरूको सफल कार्यान्वयनका लागि सुव्यवस्थित पार्टी संगठन, मिलिटेण्ट, अनुशासित र जुझारू कार्यकर्ता तयार पार्नु अनिवार्य छ । अनुशासित र बलियो संगठन पार्टीको भौतिक शक्ति हो । वर्तमान परिप्रेक्ष्यमा सर्वहारावर्गको मुक्ति आन्दोलनलाई अगाडि बढाउने अभिभारा इतिहासले हाम्रो काँधमा सुम्पेको छ । ती गहन जिम्मेवारीहरूलाई पूरा गर्ने पार्टीले सही नीति तय गर्नु पहिलो शर्त हो नै । साथसाथै सही नीति अनुरूपको संगठनात्मक संजाल निर्माण गर्नुपर्ने उत्तिकै अपरिहार्य छ । सही सिद्धान्त र राजनीतिका साथसाथै सुदृढ संगठनात्मक प्रणाली र देश र जनताको हितको अधीनस्थ आफ्ना व्यक्तिगत हितलाई राख्न सक्ने सवल, मिलिटेण्ट र जुझारू सिद्धान्तनिष्ट कार्यकर्ताले मात्र आजका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समस्यासंग सामना गर्न सक्छन् । त्यस प्रकारको पार्टी संगठन र कार्यकर्ताहरूको निर्माण, प्रशिक्षण र तालिममा पार्टीले विशेष रूपले ध्यान दिनु पर्दछ ।

आज पार्टीमा माथिल्लो तहमा नियमित बैठकहरू हुने गर्छन र निर्णयहरू पनि गरिन्छन् । र समितिका सदस्यहरूले बेग्लाबेग्लै कार्यको जिम्मा पनि लिन्छन् । तर बैठकबाट उठेर गएपछि जिम्मा लिएको कामको कार्यान्वयनको लागि पार्टीका तल्ला समितिहरूसम्म सर्कुलर पुर्‍याउने, बैठक बसाल्ने, बेग्लाबेग्लै कामको जिम्मा दिने, कार्यान्वयन भए नभएको बारे मूंल्याकन अनुगमन गर्ने, ताकेता गर्ने, टीम परिचालन गर्ने आदि कामहरूमा धेरै कमजोरीहरू रहने गर्दछन् । पार्टी कमिटीलाई व्यस्थित गर्ने, लेभी समयमा नै उठाउने, नियमित रूपले लेभी तिर्ने बानी बसाल्ने, कमसेकम आफूले जिम्मा लिएको कार्य जसरी पनि पूरा गर्न प्रत्यत्नशील रहनेसम्म पनि हुँदैन । कैयौं सामाजिक र स्थानीय प्रश्नहरूमा पनि पार्टीले बैठक बसेर जुनसुकै घटनाको बारेमा एकरूप समझदारी बनाएर काम गर्ने भन्दा पनि व्यक्तिगत रूपले काम गर्ने, व्यक्तिगत विचार प्रकट गर्दै हिंड्ने जस्ता बुर्जुवा परिपाटीको प्रभाव हाम्रो पार्टीमा पनि रहेको छ । कम्युनिष्ट

# पार्टी सुदृढीकरण र अनुशासन

**– विश्वराम**

**हाम्रो** पार्टीमा यसपटक पार्टी सुदृढीकरण अभियान सम्पन्न भएको छ । सामान्यतः कम्युनिष्ट पार्टीमा सुदृढीकरण कार्यक्रमलाई बराबर चलाउनु सधैं जरूरी हुन्छ । एक पटक संचालन भएपछि त्यो कार्य पूरा भयो भन्ने हुँदैन । सुदृढीकरण कार्यक्रम पूरा भएपछि पुनः शुद्दिकरण कार्यक्रम पनि चलाउनु पर्ने आवश्यकता हुन्छ । शुद्दिकरणको तयारीको लागि सुदृढीकरण को काम पूरा भएपछि नै शुरु गर्न आवश्यक हुन्छ ।

सुदृढीकरणलाई दुई प्रकारले अगाडि बढाउने निर्णय भएको थियो । प्रथम, वैचारिक हिसाबले र, द्वितीय, संगठनात्मक हिसाबले । सुदृढीकरणको कार्यक्रममा पार्टी सदस्यहरूलाई पार्टीको विधान र नियम अनुसार संगठनलाई कसरी संचालन गर्ने, नियमहरूलाई कसरी लागू गराउने, संघर्षलाई व्यवस्थित गर्न कसरी सक्रियता प्रदान गर्ने आदि बारे व्यापक छलफल गरेर चेतनास्तरलाई माथि उठाउने काम गर्नुपर्दछ र भएको छ । सुदृढीकरण कार्यक्रमले पार्टी सदस्यहरूले के-के कुरा पालना गर्नु पर्दछ भन्ने विषयमा ध्यान दिएको हुन्छ । कहिलेकाहीं पार्टी सदस्यहरु विभिन्न कारणले कमिटिमा आवद्ध नहुने, लेभी समयमा नतिर्ने, संघर्षमा भाग लिन नसक्ने, एक ठाउँबाट अर्को ठाउँमा गएर बसेपछि सरुवा बारे ध्यान पुऱ्याउन नसक्ने, आफूले लिएको जिम्मेवारी बारे ध्यान नदिने, अनुशासनबारे जनवादी केन्द्रीयतालाई लागू गर्ने बारे चेतनाको कमी, रिपोर्टको आदान-प्रदान बारे कमी, मासिक शुल्क, प्रकाशनको रकम समयमा पुराउन ध्यानदिन नसक्ने आदि हुने गरेकोमा त्यसलाई व्यवस्थित बनाउन र त्यसबारे चेतनास्तर उठाउन सुदृढीकरण चलाइएको हुन्छ । हाम्रो पार्टीमा अहिले सुदृढीकरण कार्य सामान्यतः पूरा भएको छ । यसले अवश्यपनि पार्टी सञ्चालनलाई सहयोग पुग्ने र आन्दोलनलाई अगाडि बढाउन मद्दत पुग्ने छ ।

> **सुदृढीकरणको अवस्था बारे राम्रो ज्ञान हुन सकेन भने निरपेक्ष समानताको माग गर्ने, व्यक्तिवादी विचारलाई अगाडि बढाउने, अनुशासनविहीनता, अराजकताहरू बढेर जाने अवस्था आउँछ ।**

सुदृढीकरण कार्यक्रम पूरा गरेर मात्र पुग्दैन । त्यसबाट सिकेको विषयलाई समयमा व्यवहारमा लागू गर्नु पर्दछ । पार्टी एउटा प्रणालीमा चल्न नसक्ने हो भने पार्टी बलियो भौतिक शक्ति निर्माण हुन सक्दैन ।

अहिले ग्रामीण वर्ग संघर्ष कमजोर भएको छ । जनतामाथि मंहगी, अन्याय, अत्याचार, शोषण, उत्पीडन, घुस, भ्रष्टाचार बढेर गएको छ । कथित ठूला राजनीतिक दलहरूले सहमति र सहकार्यको नाममा राष्ट्रिय सम्पत्तिमाथि ब्रहमलुट मच्चाएका छन् । देशको अर्थतन्त्र तवाह भएको छ । मूलुक विखण्डन र विघटनको दिशामा धकेलिएको छ । मुलुकको यस्तो दयनीय अवस्थामा पनि बलियो संगठन निर्माण गर्न नसक्दा सशक्त आन्दोलन हुन सकिरहेको छैन ।

आजको हाम्रो मुख्य समस्या निर्णयहरूको कार्यान्वयन गर्न नसक्नु नै हो । हामीले धेरै महत्वपूर्ण निर्णयहरू गर्दछौं । तर तिनीहरूको कार्यान्वयनमा समस्या उत्पन्न हुने गर्दछ । पार्टी र क्रान्तिको लागि हेलिन तयार हुने कार्यकर्ताको ठूलो संख्या तयार नपारिकन नीति निर्णयहरूको कार्यान्वयनको समस्या हल हुँदैन । कार्यकर्ताहरूको सैद्धान्तिक स्तर माथि उठाउदै सर्वहारा विश्व दृष्टिकोणको विकास गराउन तथा कार्यकर्तालाई सक्रिय र जिम्मेवार बनाउन सबै तहका पार्टी कमिटीहरूले विशेष ध्यान दिनुपर्दछ । पार्टीलाई ठूलो संख्यामा होल टाइमर कार्यकर्ता चाहिएको छ । व्यापक जनसमुदायको बीचमा राजनीति पुऱ्याएर मात्र कार्यकर्ता निर्माण गर्न सकिन्छ । हाम्रो सामाजिक परिवेशमा सबैका सवै कार्यकर्ता होलटाइमर हुन सम्भव हुँदैन । पार्ट टाइमर कार्यकर्ताले आफ्नो आयको निश्चित प्रतिशत छुट्याएर पार्टीलाई दिने परिपाटीलाई निरन्तरता दिनुपर्छ । पार्टीले होलटाइमर बन्न सक्ने योग्यता क्षमता भएका कार्यकर्ताको पारिवारिक अवस्थामाथि ध्यान दिएर न्यूनतम सहयोगको व्यवस्था मिलाउनु पर्छ । होलटाइमरहरूलाई तालिम प्रशिक्षण दिंदै पार्टीमा कुशल संगठक बनाउनुपर्छ । पहिलो कुरा होलटाइमर हुने कमरेडहरू निशर्त पार्टीमा हेलिन तयार हुनु पर्दछ । त्यसरी समर्पण भावका साथ अगाडि बढेका इमान्दार कार्यकर्ताको न्यूनतम भरणपोषणको व्यवस्था पार्टीले मिलाउनु पर्दछ । हाम्रो जस्तो पिछडिएको निम्न पूँजीवादी चिन्तन हावी भएको समाजमा एउटा सच्चा कम्युनिष्ट पार्टी निर्माण गर्न धेरै प्रकारका बाधा व्यवधानहरूसंग संघर्ष गरेर मात्र सम्भव छ । एकातिर वाहिरी आक्रमण र विभिन्न खाले भ्रमहरूसंग संघर्ष गर्नुपर्छ भने अर्कोतिर पार्टीभित्र देखा पर्ने विभिन्न खाले अवसरवादी सोंचहरूका विरूद्ध मैत्रीपूर्ण सैद्धान्तिक संघर्ष चलाएर नै पार्टीलाई वैचारिक रूपमा एकतावद्ध गर्न सकिन्छ । एउटा व्यवस्थित पार्टी संगठनको निर्माण नगरिकन मुलूक र जनताका यावत समस्यासंग संघर्ष गर्न र विजय प्राप्त गर्न सकिदैन । त्यसैले सही सिद्धान्त र राजनीतिको आलोकमा व्यवस्थित, सुदृढ, जुझारू र मिनिटेण्ट संगठन र इमान्दार, अनुशासित तथा दृढ निश्चयी कार्यकर्ताको निर्माण आजको पार्टीको मुख्य आवश्यकता हो ।•

त्यसरी लागू गर्न प्रयत्न गरिएन भने सुदृढीकरण सञ्चालन भएपनि पार्टीको अवस्था यथास्थितिमा रहन्छ । पार्टीको सुदृढीकरण कार्यक्रम कसरी सञ्चालन गरियो भन्ने कुराको निष्कर्ष आगामी दिनहरूमा पार्टी संगठनहरूले आफ्ना जिम्मेवारीहरु कसरी पुरा गर्दछन् भन्ने कुराले नै बताउने छ । सुदृढीकरण केवल फाराम भर्ने र औपचारिकता पूरा गर्ने कार्य भएको अवस्थामा पार्टी सदस्यहरूले अवश्य पनि आफ्नो विचारलाई माथि उठाउने, अनुशासनविहीनतालाई नियन्त्रण गर्ने, जिम्मेवारी पूरागर्ने बारे शिथिलता शुरु हुने हुन्छ । जसले सुदृढीकरणलाई व्यवस्थित र सुचारु रूपले संचालन गरेका छन्, ती संगठनहरूले अवश्य पनि जिम्मेवारीहरु पूरा गर्नेतिर ध्यान पुराउँछन् ।

कहिलेकाहीं पार्टी संगठनलाई व्यवस्थित बनाउने विषयमा अतिजनवादका रूपहरु उत्पन्न हुने गर्दछन् । त्यसबारे हाम्रो ध्यान जानु पर्दछ । अतिजनवादको स्रोत निम्न पूँजीवादी वर्ग स्रोत हो । अतिजनवादले अनुशासनलाई कम आँक्ने र आफूलाई पार्टीले कडा नीति अपनाएको बुझेर त्यसलाई तोड्ने, असम्बन्धित स्थानमा पार्टीका कुरा गर्ने र आफूले गरेका कुराहरु सत्य भएको बताउँदै हिड्ने गर्दछ । अतिजनवादी विचारले मनोगतवादलाई प्राथमिकता दिन्छ । समग्र पार्टीको कार्यक्रमलाई नहेर्ने, अनुशासनविहीनतालाई नियन्त्रणबारे ध्यान नदिने, निर्णयहरुको उल्लङ्घन मनोगतवादको विशेषता हो । यस्तो अवस्था देखापरेमा त्यसलाई नियन्त्रणको लागि उपाय निकाल्नु पर्दछ ।

सुदृढीकरणको अवस्था बारे राम्रो ज्ञान हुन सकेन भने निरपेक्ष समानताको माग गर्ने, व्यक्तिवादी विचारलाई अगाडि बढाउने, अनुशासनविहीनता, अराजकताहरु बढेर जाने अवस्था आउँछ । पार्टीले क्रान्तिको तयारीको लागि विचारलाई माथि उठाएर सबै प्रकारका गलत नीति तथा प्रवृत्तिहरूका विरूद्ध जुध्नसक्ने कार्यकर्ता तयार गर्न प्राथमिकता दिएको हुन्छ । त्यति हुँदा हुँदै पनि निम्न पूँजीवादी वर्ग बाहुल्यताका कारणले सबै गलत प्रवृत्ति र विचारहरु एकै चोटी समाप्त हुँदैनन् । त्यस्ता विचारहरुलाई हटाउन क्रमशः त्यसप्रकारका बानी ब्यहोराहरूलाई हटाउँदै लैजानु पर्दछ । निरपेक्ष समानताको माग गर्ने व्यक्तिहरूले सबै विचारहरु एकै चोटी तयार हुनुपर्ने, संघर्षमा सबै काडरहरूले बराबर भाग लिन पर्ने, आर्थिक विषयमा पनि सबैले एकै प्रकारको स्केलमा लेवी, चन्दा दिने आदि माग राख्ने गर्दछन् । जसको चेतनास्तर उठ्दैन

> व्यक्तिवादी प्रवृत्ति भएका व्यक्तिहरूले आलोचनालाई सहन नसक्ने र बदला लिने भावनाको विकास भएको हुन्छ, मौका कुरेर बसेका हुन्छन् । त्यसका साथै इलाकीय भएर सोंच्ने, ऐस आरामको प्रवृत्ति, आफूले भनेको नभएपछि निष्कृय हुने जस्ता प्रवृत्तिह/ देखापर्छन् ।

उनीहरूले जिम्मेवारीलाई बोध नगर्ने र निरपेक्ष समानताको माग गर्ने गर्दछन ।

व्यक्तिवादी प्रवृत्ति भएका व्यक्तिहरूले आलोचनालाई सहन नसक्ने र बदला लिने भावनाको विकास भएको हुन्छ, मौका कुरेर बसेका हुन्छन् । त्यसका साथै इलाकीय भएर सोंच्ने, ऐस आरामको प्रवृत्ति, आफूले भनेको नभएपछि निष्कृय हुने जस्ता प्रवृत्तिहरु देखापर्छन् । यस प्रकारका प्रवृत्ति प्रर्दशन गर्ने लक्षणहरूले विस्तारै त्यो व्यक्तिलाई संगठनबाट टाढा पुराईदिन्छ । संगठनमा आफूले दिएको योगदानको प्रशंसा र व्याख्यालाई प्राथमिकता दिने, अर्काको आलोचना र विरोधमा रमाउने तर पार्टी पद्दति अनुशासनलाई ध्यान नदिएर असम्बन्धित स्थानमा विरोध गर्ने र अर्काको विरोधलाई गौरव ठान्ने प्रवृत्तिहरु देखापर्ने गर्दछन् । व्यक्तिवादी प्रवृत्ति पनि निम्न पूँजीवादी दृष्टिकोणबाट उत्पन्न हुन्छ । यी सबै गलत बानी व्यहोरा र प्रवृत्तिहरूका विरूद्ध संघर्ष गर्न र संगठनलाई मिलिटेन्ट बनाउन विचारलाई माथि उठाउनु पर्दछ । पार्टीमा पार्टी सदस्यको स्वतन्त्रता अथवा जनवादको पनि व्यवस्था गरिएको हुन्छ । आफ्नो कुरा कमिटीमा राख्ने, उपल्लो समिति वा केन्द्रमा लिखित रूपमा पठाउने, बैठक, भेला, सम्मेलनहरूमा खुलेर आफ्ना विचार राख्ने, आलोचना गर्ने जस्ता अधिकारहरु पार्टी सदस्यहरूको सुरक्षित राखिएको छ । तर त्यसका लागि निकै धैर्यता र अनुशासनको आवश्यकता पर्दछ । त्यस प्रकारको चेतनाद्वारा पार्टीलाई अगाडि बढाउने प्रयत्न गर्नुपर्दछ । सुदृढीकरण अभियानले जुन निर्देशन दिएको छ, त्यसलाई ध्यान दिएर विचारलाई माथि उठाएर मात्र अभियान सफल हुन्छ ।

वैचारिक हिसावले आफूलाई स्पष्ट पार्न विभिन्न प्रशिक्षणहरूमा भाग लिइरहनु पर्दछ । त्यसलाई लागू गर्न व्यवहारिक रूप दिनुपर्दछ । व्यवहारिक रूप दिनु भनेको व्यक्ति संगठनमा आबद्ध हुने, दैनिक पार्टीको काममा सरिक हुने, संघर्षमा भाग लिने, लेवी/सदस्यता नियमित रूपमा बुझाउने र व्यवस्थित गर्ने, गुटबन्दी, लुजटक व्याकवाइटिङलाई नियन्त्रण गर्ने र निर्मूल पार्ने, आलोचना र आत्मालोचनाको पद्दतिलाई नियमित बनाउने, पार्टी विरोधी गतिविधि भएको वा अनुशासन विरूद्ध भएका खबरहरूलाई आफ्नो सम्बन्धित उपल्लो कमिटिमा जानकारी गराउने, कामको कारणले वा अन्य कारणले अन्यत्र गएको भए उनीहरूको सम्पर्कलाई सम्बन्धित स्थानमा पठाईदिने, आय-व्ययलाई व्यवस्थित बनाउने, एउटा शीर्षकको रकम अर्को शीर्षकमा खर्च नगर्ने परिपाटी बसाल्ने, साथीहरूलाई प्रशिक्षणमा जान प्रोत्साहन गर्ने आदि कार्यहरु गर्दै पार्टी संगठनलाई व्यवस्थित बनाउन ध्यान दिनु पर्दछ । त्यसरी सुदृढीकरण अभियान सफल भएको मानिने छ र बनाउनु पर्दछ ।•

# राज्य पुनर्संरचना र स्थानीय निकाय

**बोध**

**राज्य** पुनर्संरचनाको सवालमा संविधानसभा र राजनीतिक दलहरू गम्भीररूपले विभाजित छन् । राज्य पुनर्संरचनाको सवालमा रहेको मतभेदले संविधान निर्माण प्रक्रियालाई काफी हदसम्म प्रभावित तुल्याएको छ । राज्य पुनर्संरचनाको सन्दर्भमा संघीयता सम्बन्धी विवाद मुख्य छ । संघीयता सम्बन्धी त्यो विवादलाई थाति नराख्ने हो भने संविधान निर्माणमा बाधा पुग्ने खतरा कायम छ । संघीयतालाई आधार बनाएर राज्यको पुनर्संरचना गर्दा त्यसले जनताको स्वायत्त शासनको अधिकारमाथि पार्ने प्रभावका बारेमा अत्यन्तै कम ध्यान जाने गरेको छ । संघीयताको आधारमा राज्यको पुनर्संरचना गरिएमा स्थानीय निकायहरू कमजोर हुनुका साथै जनताको स्वायत्त शासनको अधिकारसमेत कुण्ठित हुनेछ । संविधानसभाअन्तर्गत गठित विभिन्न विषयगत समितिहरूले तयार पारेको मस्यौदा प्रतिवेदनको अध्ययनले समेत स्थानीय निकायको काम र अधिकार क्षेत्रका बारेमा कुनै प्रभावकारी व्यवस्था नभएबाट पनि केन्द्रको अधिकार स्थानीय तहसम्म नपुग्ने र अन्तत: पुन: नयाँ रूप र नामको केन्द्रीकृत शासन प्रणाली कायम हुने खतरा देखिएको छ ।

जनताको सार्वभौमसत्ताको प्रयोग, शासनमा जनताको सहभागिता प्रवर्द्धन, स्थानीय स्तरमा नै सेवाको उपलब्धताका लागि स्थानीय निकायको महत्वपूर्ण भूमिका हुने गर्दछ । साथै यो निकाय व्यवहारिक रूपले जनताको दैनिक काम र समस्यासँग जोडिने भएको हुनाले समेत राजनीतिमा यसको महत्वपूर्ण स्थान हुने गर्दछ । स्थानीय निकाय वा सरकार राज्यको एउटा सानो तर महत्वपूर्ण अंग हो । सबै प्रकारका सरकार वा राज्य प्रणालीअन्तर्गत स्थानीय निकाय वा सरकारको धेरथोर व्यवस्था भएको पाईन्छ । तर वास्तविक रूपमा त्यसको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलित हुने पूर्ण ग्यारेन्टी जनवादी वा समाजवादी व्यवस्थामा नै हुने गर्दछ । समाजवादी मुलूकहरूका अनुभवहरूवाट पनि त्यो कुरा पुष्टि हुन्छ । समाजवादी बाटो परित्याग गरे पनि अन्य मुलुकहरूको तुलनामा चीनमा स्थानीय निकायहरू बित्तीय र राजनीतिक अधिकारको सवालमा बढी सक्षम र अधिकार सम्पन्न देखिन्छन् । पूर्व समाजवादी व्यवस्था सोभियत संघमा स्थानीय निकायलाई दिएको अधिकार र तत्सम्बन्धी व्यवस्थाबाट प्रभावित भएर भारतले १९५१ मा पञ्चायती राज ऐन (Panchaytiraj Act) निर्माण गरी स्थानीय निकायको व्यवस्था गरेको हो । जनवादी वा समाजवादी व्यवस्था स्थापना नहुँदासम्म त्यसको लागि आधार तयार पार्ने पूँजीवादी प्रकारको गणतन्त्रात्मक

> हाम्रो पार्टीले प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनमा आधारित एकात्मक राज्य प्रणालीको आधारमा राज्यको पुनर्संरचना गर्नुपर्ने कुरामा जोड दिएको छ ।

व्यवस्थाअन्तर्गत पनि जनताको स्वायत्त शासनको प्रत्याभूतिका लागि हाम्रो अधिकतम प्रयास हुनुपर्दछ र छ पनि ।

कैयौं मुलुकहरूले स्थानीय निकाय र स्वायत्त शासनलाई आफ्नो देशको संविधानमा महत्वपूर्ण स्थान दिएको पाईन्छ । मेक्सिको लगायतका कैयौ मुलुकहरूले स्वायत्त शासनलाई मौलिक हकको रूपमा व्यवस्था गरेको पाईन्छ । संक्रमणकालिन अवधिमा समेत स्वायत्त शासनलाई कुण्ठित हुन नदिन स्थानीय निकायको शक्ति र अधिकारहरू अन्तरिम संविधानसँग बाँध्न गएको अवस्थामा समेत अर्को व्यवस्था नहुँदासम्म ती स्थानीय निकायहरूको अस्तित्व कायम रहने र तिनीहरूले निरन्तरता पाउने हुन्छ । माइक्रोनेसियाको संविधानको धारा १५ को उपधारा ४ र १९९२ मा भारतीय संविधानको ७३ औं र ७४ औं संशोधन भएपछि त्यहाँको संविधानको धारा 243zf मा पनि त्यसप्रकारको व्यवस्था गरिएको पाईन्छ । अर्थात् जनताको स्वायत्त शासनको अधिकारप्रति प्रतिवद्ध मुलुकहरूले स्थानीय निकाय र स्वायत्त शासनको अनुपस्थिति र अभावको कल्पनासम्म गरेको पाइदैन । तर बिडम्वना हाम्रो मुलुकमा स्थानीय निकायको कार्यकाल समाप्त भएको नौ वर्ष बितिसक्दा पनि स्थानीय निकायहरू जनप्रतिनिधिविहीन अवस्थामा छन् ।

राज्य पुनर्संरचना समितिबाट प्रस्तावित मस्यौदा प्रतिवेदन लगायत र त्यसका अधिकार क्षेत्रका बारेमा विभिन्न समितिका प्रतिवेदनमा छरिएर रहेका व्यवस्थाहरूलाई हेर्दा तोकेकै मितिमा संविधानको प्रारम्भिक मस्यौदा आउने र समयमा नै संविधान निर्माण हुने हो भने पनि आगामी कम्तिमा ७–८ वर्षसम्म स्थानीय निकायको निर्वाचन हुने सम्भावना देखिंदैन । स्थानीय निकायको अन्तरिम निर्वाचन नगराउनुको कारण देश संघीयतामा जाने भएको हुनाले हो भनेता पनि अन्तराष्ट्रिय अनुभव र त्यहाँ भएका संवैधानिक व्यवस्थालाई हेर्दा स्थानीय निकायको अन्तरिम निर्वाचन गराउँदा आगामी निर्माण हुने संरचनालाई कुनै बाधा पुग्ने देखिंदैन ।

हाम्रो पार्टीले प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनमा आधारित एकात्मक राज्य प्रणालीको आधारमा राज्यको पुनर्संरचना गर्नुपर्ने कुरामा जोड दिएको छ । हाम्रो पार्टीले ०६५ माघ २१ गते वक्तव्य जारी गरी सार्वजनिक गरेको संविधानसम्बन्धी अवधारणा र राष्ट्रिय जनमोर्चाले संवैधानिक समितिमा पेश गरेको संविधानसम्बन्धी अवधारणामा प्रशासकीय दृष्टिले देशलाई केन्द्र, प्रदेश, जिल्ला र गाउँ वा नगरपालिका गरी चार तहमा बाँडेको छ । संविधानसम्बन्धी अवधारणामा

प्रदेश, जिल्ला, गाउँ र नगरपालिकालाई स्थानीय स्वायत्त शासनको तीन तहका रूपमा स्वीकार गरिएको छ ।

स्थानीय स्वायत्त शासनलाई सवल र सबैको पहुँचयोग्य बनाउन जुन जिल्ला वा गाउँमा कुनै एउटा जात, जाति अत्याधिक बहुसंख्यामा बस्दछन् भने त्यहाँ जातीय स्वशासन कायम गरिने त्यसका साथै राष्ट्रियस्तरमा देशभर छरिएर बसेका जनजाति र दलित जातिहरूको अधिकारको संरक्षणका लागि जनजाति र दलितहरूका दुई बेग्लाबेग्लै काउन्सीलहरूको गठन गर्ने र सो काउन्सील सम्बन्धित क्षेत्रहरूका सम्बन्धित जातजातिका मतदानद्वारा गठन गर्ने कुरा अवधारणामा उल्लेख गरिएको छ । स्थानीय विकेन्द्रीयता र स्वायत्त शासनमा आधारित एकात्मक राज्य प्रणालीअन्तर्गत नै स्थानीय सरकार वा निकाय बलियो हुन सक्दछ ।

हाम्रो पार्टीले स्थानीय स्वायत्त शासनलाई जनताको मौलिक अधिकारका रूपमा स्थापित गरिने कुरालाई जोड दिंदै स्थानीय निकायहरूलाई संवैधानिक अंगकारूपमा मान्यता दिनुपर्नेमा संविधानसम्बन्धी अवधारणामा उल्लेख गरिएको छ ।

राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समितिले राज्यको पुनर्संरचनाको आधार संघीयतालाई बनाएको छ । संघीय व्यवस्था भएका अधिकांश मुलुकहरूमा राज्यको अधिकार र उत्तरदायित्व केन्द्र र प्रदेशका बीचमा विभाजन भएको हुन्छ । संघीय व्यवस्था भएका थोरै मुलुकहरूले मात्र तीन तहको सरकारको व्यवस्था गरेको पाइन्छ । यद्यपि त्यहाँ स्थानीय निकायलाई संवैधानिक रूपमा स्वीकार गरेता पनि त्यसको गठन, अधिकार क्षेत्र, कार्यकाल, संचालन जस्ता विषयलाई संवैधानिक मान्यता र प्रत्याभूति नदिंदा स्थानीय सरकार वा निकाय कागजमा मात्र सीमित भई जनताको स्वायत्त शासनको अधिकार कुण्ठित हुन पुगेको पाइन्छ ।

संघीय व्यवस्थाको नमुना मानिने स्वीजरल्याण्डको उदाहरण हाम्रो अगाडि छ । स्वीजरल्याण्डको संविधान २९ मे १८७४ का दिन जारी भई लागु भएको हो । जुन संविधानले अहिले पनि काम गरिरहेको छ । १९९९ सम्म पनि स्वीस संविधानले त्यहाँको स्थानीय निकाय नगरपालिका (म्युनिसिप्लटी)र कम्युनलाई संवैधानिक मान्यता दिएको थिएन । सन् १९९९ पछि मात्र स्वीस संविधान १९९९ को धारा ५० ले बल्ल त्यसलाई संवैधानिक मान्यता दिएको पाइन्छ । सन् १९९२ सम्म भारतमा स्थानीय निकायहरूलाई संविधानमा व्यवस्था गरिएको थिएन । पंचायती राज कानून जस्तो साधारण कानूनद्वारा स्थानीय निकायको बारेमा व्यवस्था गरिएको थियो । १९९२ मा भारतीय संविधानमा भएको ७३ औं र ७४ औं संशोधनले स्थानीय निकायलाई संवैधानिक मान्यता दिलायो ।

> हाम्रो देशको सन्दर्भमा संविधानसभाका विषयगत समितिहरुको मस्यौदा प्रतिवेदनले स्थानीय निकायअन्तर्गत कुनै तह विभाजन गरेको छैन । गाउँ र नगरपालिकाको व्यवस्था गरेको पाईन्छ । राज्य पुनर्संरचना समितिले ६० वर्षदेखि अस्तित्वमा रहेको जिल्ला तहलाई विना कुनै कारण हटाएको छ भने वडा समितिलाई समेत स्थानीय निकायको तह वा राजनीतिक इकाईको रुपमा स्वीकार गरेको छैन ।

भारतमा स्थानीय निकायले संवैधानिक मान्यता त प्राप्त गरेको छ तर स्थानीय निकायको व्यवस्था सबै राज्यमा सामान रूपमा लागु नगरिने कुरासमेत संविधानमा नै उल्लेख गरेर राज्यका जनताका बीच स्थानीय स्वायत्त शासनको अधिकार प्रदान गर्ने सवालमा समेत विभेद गरेको छ । जुन राज्यमा जनतालाई स्वायत्त शासन अधिकार छ, त्यो पनि प्रदेशको स्वेच्छामा निर्भर रहेको छ । भारतीय संविधानको धारा २४३ को उपधारा E र U ले स्थानीय निकायहरूको कार्यकाल समाप्त हुनु अगावै पनि प्रादेशिक सरकारले चाहेमा जुनसुकै बेला भंग गर्न सक्ने संवैधानिक व्यवस्था गरिएको छ । स्थानीय निकाय भंग भएको अवस्थामा भंग भएको निकायको कार्यकाल समाप्त हुनु अगावै ताजा निर्वाचन गराउनु पर्ने कुनै वाध्यता नभएको समेत संवैधानिक व्यवस्था पाईन्छ । संघीय व्यवस्था भएका अमेरिका, क्यानाडा, अष्ट्रेलिया जस्ता मुलुकहरूमा स्थानीय निकाय संविधानबाट सोझै निश्चित नभएर राज्य सरकारको मातहतमा हुने गर्दछन्, राज्यले स्थानीय निकायको गठन गर्दछ । यी केही तथ्यबाट प्रष्ट छ कि संघीय मुलुकहरूमा स्थानीय निकाय एउटा स्वायत्त सरकारका रूपमा नभएर राज्य वा प्रादेशिक सरकारले बनाएको साधारण कानून वा राज्यको मातहतमा हुने गर्दछन् ।

संविधानसभाअन्तर्गत गठित विभिन्न समितिहरूले स्थानीय निकायको अधिकार क्षेत्रका बारेमा व्यवस्था गरेको छ । यद्यपि यो बताइरहनुपर्ने आवश्यकता छैन कि ती व्यवस्था र अधिकारहरूले संवैधानिक रूप प्राप्त गर्न बाँकी नै छ । किनभने संविधान निर्माण भइसकेको छैन । विभिन्न विषयगत समितिले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने मस्यौदा गरेको छ । प्रदेशभित्र विशेष संरचना (स्वायत्त, संरक्षित र विशेष) पनि रहने मस्यौदा गरेको छ । स्थानीय निकाय प्रदेशको मातहतमा रहने व्यवस्था गरिएको छ । प्रत्येक प्रदेशले स्थानीय सरकारको पुनर्संरचना आयोग गठन गरी प्रादेशिक सरकार गठन भएको एक वर्षभित्र पुनर्संरचना गर्ने मस्यौदा गरेको छ । उपरोक्त व्यवस्थालाई हेर्दा स्थानीय निकाय वा सरकारलाई संवैधानिक रूपले स्वायत्त सरकार वा निकायको रूपमा स्वीकार गरिएको छैन । स्थानीय निकाय वा सरकारलाई प्रदेशको अधीनस्थ बनाएको छ । स्थानीय सरकारको पुनर्संरचना गर्ने अधिकार समेत प्रदेशलाई दिइएको छ ।

विभिन्न मुलुकका संविधान र

कानूनी व्यवस्था हेर्दाखेरी स्थानीय सरकारका विभिन्न तहहरूका बीच एकरूपता पाइन्न । इजरायलमा स्थानीय सरकारको चार तहको व्यवस्था भएको पाइन्छ । मलेसियामा स्थानीय निकायको व्यवस्था त पाइन्छ तर त्यसको कुनै तह विभाजन गरिएको छैन । दक्षिण अफ्रिकामा स्थानीय सरकारको व्यवस्था त गरिएको छ तर त्यहाँ हाम्रो वा अन्य देशको जस्तो गाउँ विकास समिति वा गाउँपालिकाको कुनै व्यवस्था पाइन्न । त्यहाँ स्थानीय सरकार भनेपछि तीन तहको नगरपालिका भएको व्यवस्था पाइन्छ, जस्तै महानगरपालिका, स्थानीय नगरपालिका र जिल्ला नगरपालिका । त्यस्तै पाकिस्तान, फ्रान्स र प्यालेस्टाइन नियन्त्रित क्षेत्रहरूमा स्थानीय सरकारलाई तीन तहमा विभाजन गरिएको पाईन्छ ।

हाम्रो देशको सन्दर्भमा संविधानसभाका विषयगत समितिहरूको मस्यौदा प्रतिवेदनले स्थानीय निकायअन्तर्गत कुनै तह विभाजन गरेको छैन । गाउँ र नगरपालिकाको व्यवस्था गरेको पाईन्छ । राज्य पुनर्संरचना समितिले ६० वर्षदेखि अस्तित्वमा रहेको जिल्ला तहलाई विना कुनै कारण हटाएको छ भने वडा समितिलाई समेत स्थानीय निकायको तह वा राजनीतिक इकाईको रूपमा स्वीकार गरेको छैन । जिल्लाको तहलाई हटाउने वित्तिकै थुप्रै जटिलता पैदा हुने देखिन्छन् । पहिलो कुरा त जिल्लाको अभावमा जिल्लाले प्रयोग गरी आएको अधिकार र काम गर्ने कुनै स्थानीय निकायको व्यवस्था गरिएको छैन । गाउँ वा नगरपालिकाहरूलाई नियमन र नीति निर्देशन गर्ने, गाउँ पालिकाहरूका बीच आपसमा पर्ने विवाद वा अन्तर गाउँ र नगरपालिका बीच सामञ्जस्यता गर्ने निकायको अभाव हुने देखिन्छ । त्यो अवस्थामा जिल्ला नभएपछि प्रष्टै छ त्यो अधिकार सोझै प्रदेशलाई हुनेछ । त्यो अधिकार प्रदेशमा अन्तरनिहीत हुन गएमा एउटा दुरदराजको गाउँपालिकाको सरकारसम्म पहुँच पुग्ने कुरा अहिलेको भन्दा झन् बढी कठिन हुनेछ । भारत जस्तो १ अरबभन्दा बढी जनसंख्या भएको मुलुकमा समेत जिल्लाको प्रावधानलाई हटाएको छैन । विषयगत समितिहरूको मस्यौदा प्रतिवेदनहरूले गाउँ/नगरपालिका गरी दुईप्रकारको स्थानीय निकायलाई स्वीकार गरे पनि तिनीहरूको आवधिक निर्वाचनलाई अनिवार्य र स्थानीय निकायहरूको कार्यकालका बारेमा मस्यौदा प्रतिवेदनमा उल्लेख गरिएको छैन । स्थानीय निकायहरूको आवधिक निर्वाचनको ग्यारेन्टी वा त्यसलाई मौलिक हकका रूपमा र तिनीहरूको कार्यकालका बारेमा संविधानमा प्रष्ट व्यवस्था हुनुपर्दछ । त्यस्तो नभएमा स्थानीय निकायहरूको निर्वाचन गराउने वा नगराउने त्यो प्रादेशिक सरकारको इच्छामा निर्भर हुन जान्छ । भारतको उदाहरण हाम्रो अगाडि छ । त्यहाँ सन् १९९२ मा संविधानको ७३ र ७४ औं संशोधन नहुँदासम्म कैयौं राज्यहरूमा वर्षौंसम्म स्थानीय निकायका निर्वाचनहरू गराउने काम भएन वा निर्वाचनमा नियमितता देखिएन । त्यो समस्या नेपालमा पनि आउन सक्ने प्रवल सम्भावना रहेको छ ।

स्थानीय निकायलाई सुदृढ र सबल बनाउन त्यसको वित्तीय अधिकारका बारेमा संविधानमा प्रष्ट व्यवस्था हुनुपर्दछ । वित्तीय अधिकार र आर्थिक सक्षमताका अभावमा स्थानीय निकायहरूलाई अधिकार सम्पन्न गराउन खोजेता पनि त्यो कागजी हुन जान्छ । विषयगत समितिहरूको मस्यौदा प्रतिवेदनले स्थानीय सरकारलाई वित्तीय अधिकार क्षेत्र रहने र संघ र प्रदेशबाटसमेत अनुदान प्राप्त गर्ने सक्ने व्यवस्था गरेको छ । तर संविधानमा स्थानीय निकायका लागि त्यहाँबाट उठ्ने राजश्वको निश्चित प्रतिशतको संवैधानिक सुनिश्चितता गरेको पाइदैन ।

कूल राष्ट्रिय आयमा स्थानीय निकायहरूको आन्तरिक राजश्व प्रतिशत हेर्दा जम्मा २.८५ प्रतिशत मात्र देखिन्छ । वर्तमान जिल्लाहरूलाई आधार मानी आर्थिक रूपमा हेर्दा जम्मा १० वटा जिल्लाले मात्र आफ्नो खर्च कटाएर केही प्रतिशत राज्यकोषमा जम्मा गर्ने गर्दछन् । बाँकी ६५ जिल्ला केन्द्रीय अनुदानमा चलेका छन् । उनीहरूको आम्दानी न्यून रहेको छ । आर्थिक रूपले कमजोर हाम्रो जस्तो मुलुक संघीयतामा जाँदा देशमा थुप्रै प्रादेशिक सरकार निर्माण हुनेछन् । जस्ले गर्दा प्रशासनिक खर्च बढ्ने र विकास खर्च घटने स्थिति पैदा हुनेछ । प्रथमतः भोलि निर्माण हुने प्रदेश नै आर्थिक रूपले सक्षम हुने देखिदैनन् । द्वितीय, प्रदेशको अधीनस्थ रहने स्थानीय निकायको अवस्था झन् संकटग्रस्त हुने देखिन्छ । त्यस्तो अवस्थामा प्रदेशले आन्तरिक स्रोतबाट ऋण उठाउनुका साथै वाहृय स्रोतबाट समेत ऋण/सहयोग वा अनुदान लिनसक्ने अधिकार हुनुपर्दछ भनेर आवाज उठ्ने छ । अर्जेन्टिना र भारत लगायतका मुलुकहरूका प्रादेशिक सरकार (State government) हरूलाई बाहृय स्रोतबाटसमेत ऋण लिनसक्ने अधिकार रहेको छ । यसप्रकारको मागका लागि हाम्रो देशमा आवाज वा आन्दोलन नउठला भन्न सकिन्न । त्यो स्थितिमा राज्यहरूले अनुदान वा सहयोग लिने भनेको आफ्ना छिमेकीहरूसँग हो । भारतले कसैलाई अनुदान दिने कसैलाई नदिने वा आफ्ना शर्तहरू मान्न लगाउने गऱ्यो भने देशमा आर्थिक अस्थिरता र असन्तुलन बढ्ने र अन्ततः देश टुक्रिने स्थिति पैदा हुनेछ ।

प्रदेश, गाउँ तथा नगरपालिका र विशेष संरचनामा दोहोरो अधिकार क्षेत्र बाँडफाँडको व्यवस्था भएको हुनाले भोलि क्षेत्राधिकारसम्बन्धी विवाद उत्पन्न हुने देखिन्छ । यस्तो अवस्थामा प्रदेशले स्थानीय निकाय वा सरकारका अधिकारहरू कटौती गर्दै जाने वा स्थानीय निकायमाथि हस्तक्षेप गर्ने सम्भावना रहिरहने छ । प्रदेश, गाउँ तथा नगरपालिका र विशेष संरचनाका अधिकार क्षेत्रहरू पनि एक आपसमा दोहरिएका र बाझिएका पनि छन् ।

स्थानीय निकायहरूलाई नीति निर्माणमा भाग लिनबाट समेत बञ्चित गरिएको पाइन्छ । ०४७ सालको संविधानले समेत व्यवस्थापिका संसदको माथिल्लो सदन राष्ट्रिय सभामा १५ जना सांसदहरू स्थानीय निकायका जनप्रतिनिधिहरूबाट निर्वाचित हुने प्रावधान थियो । अहिले त्यसप्रकारको व्यवस्था मस्यौदा प्रतिवेदनहरूमा पाइन्न । प्रदेशको प्रस्तावित एक सदनात्मक व्यवस्थापिकामा पनि कुल सदस्यहरूको केही निश्चित

प्रतिशत जनप्रतिनिधिहरूवाट निर्वाचित हुनुपर्ने व्यवस्था गरिएको छैन । राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमासमेत स्थानीय निकायका जनप्रतिनिधिहरूले मत हाल्न पाउने बारे कुनै व्यवस्था गरिएको छैन ।

प्रदेशअन्तर्गत विशेष संरचना ( स्वायत्त, संरक्षित र विशेष) रहने भनेर विषयगत समितिहरूका मस्यौदामा उल्लेख भए पनि त्यसको गठन विधि, आवधिक निर्वाचनलगायत ती स्वायत्त, संरक्षित र विशेष संरचना भएको भूगोललाई के नामाकरण गर्ने ? गाँउ वा नगरपालिका ? त्यसबारे कुनै प्रष्ट व्यवस्था गरेको छैन । त्यसप्रकारको भूगोलभित्र रहेका अल्पसंख्यक जातजातिहरूको राजनीतिक अधिकारको संरक्षण कसरी हुनेछ ? त्यसबारे पनि प्रतिवेदनहरू मौन छन् । अझ गम्भीर प्रश्न त त्यसप्रकारका स्वायत्त, संरक्षित र विशेष संरचना क्षेत्रहरूलाई प्रदेशअन्तर्गत राखिएको छ । दुरदराजका विकट ठाउँहरूमा निर्माण हुने त्यसप्रकारका एकाध संरचना र त्यसअन्तर्गत बस्ने जनताको पहुँच सरकारसम्म पुग्न अत्यन्त कठिन हुनेछ । विशेष संरचनाअन्तर्गत क्षेत्रका जनप्रतिनिधिहरूलाई समेत केन्द्रीय नीति निर्माणबाट वञ्चित गरिएको छ । व्यवस्थापिकाको माथिल्लो सदन वा प्रदेशको प्रस्तावित एक सदनात्मक व्यवस्थापिकामा कुल सदस्यहरूको केही निश्चित प्रतिशत जनप्रतिनिधिहरूवाट निर्वाचित हुनुपर्ने व्यवस्था गरिएको छैन। राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा मतदान गर्न पाउने अधिकार दिएको छैन ।

विभिन्न विषयगत समितिहरू जस्तै राज्यको पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति, प्राकृतिक स्रोत, आर्थिक अधिकार र राजश्व बाँडफाँड समिति लगायतका समितिहरूमा स्थानीय निकायका सम्बन्धमा ठोसभन्दा पनि लामालामा तथा अमूर्त प्रावधानको बाहुल्यता बढी देखिन्छ ।

उपरोक्त सबै पक्षमाथि ध्यान दिंदा निर्माण हुन गइरहेको आगामी नयाँ संविधानमा जनताको स्वायत्त शासनको अधिकार कुण्ठित हुने देखिन्छ । जनता वर्तमान राजनीतिक प्रणालीअन्तर्गत शासनमा आधिकाधिक सामेल भई आफ्नो सार्वभौमसत्ताको प्रयोग गर्ने र स्थानीय रूपमा नै सेवा उपलब्धता जस्ता स्थानीय स्वशासनका विश्वव्यापी मान्यताहरूलाई राज्य पुनर्संरचनाले वेवास्ता र उपेक्षा गरेको पाईन्छ । जसको परिणाम देशमा अर्को प्रकारको सामन्ती केन्द्रीकृत शासन प्रणालीको स्थापना हुनेछ ।-

**संविधानसभाको........**

हुनेछ र त्यो कार्यमा जनताको समर्थन र विश्वास प्राप्त हुनेछ । तर भाद्र १४ गते भित्र तोकिएका जिम्मेवारी पूरा हुन सकेनन् भने के हुनेछ ? वास्तवमा यो अत्यन्त गम्भीर प्रश्न हो । त्यो अवस्थामा पुनः संविधानको म्याद थपिने छ वा त्यसको विघटन नै हुनेछ ? यो पनि अत्यन्त गम्भीर प्रश्न हो । संविधान बन्ने ग्यारेन्टी नभइकन संविधान सभाको म्याद थप्दै जानु वा संविधान नबनिकन त्यसको विघटन हुनु दुवै अवांछित कुराहरू हुन् । यस प्रकारका समस्याहरूको सही समाधान खोज्ने प्रयत्न गर्नुपर्दछ । अन्यथा देश प्रतिगमनको दिशामा जाने, असफल राष्ट्र घोषित हुने, देशमा चरम प्रकारको अशांन्ति वा अराजकता पैदा हुने सम्भावनाहरु रहने छन् ।

हामी के कुरामा विश्वस्त छौं भने देशमा जस्तोसुकै प्रतिकूल र कठिन परिस्थिति पैदा भएपनि तिनीहरूले बढीभन्दा बढी अस्थायी रूपले अग्रगमनको प्रवाहलाई अवरूद्ध गर्नेछन्, तर अन्तमा इतिहासको विकासको गति निम्नबाट उच्चस्तरमा जाने नियम अनुसार नै हुन्छ । त्यसकारण इतिहास अग्रगमनको दिशामा नै बढ्दै जाने कुरा अवश्यम्भावी छ । हाम्रो देशमा राजतन्त्रका विरूद्ध लामो समयदेखि संघर्ष चल्दै आएको छ । त्यो क्रममा संविधानसभाले राजतन्त्रको अन्त गरेर गणतन्त्रको स्थापना गर्‍यो । कुनै खास परिस्थितिमा गणतन्त्रको पक्ष कमजोर भयो भने पनि त्यो अस्थायी कुरा हुनेछ । अन्तमा देश गणतन्त्रको दिशामा नै अगाडि बढ्नेछ । कुनै शक्तिले विकासको त्यो प्रक्रियालाई रोक्न सक्ने छैन । संविधानको निर्माण र संविधानसभा बारे भएको अनिश्चितता, राजनीतिक शक्तिहरूको गैर-जिम्मेवारपन आदिले पनि अन्तमा राजतन्त्र माथि गणतन्त्रको विजयमा कुनै अन्तर ल्याउन सक्ने छैन ।•

२९ पेजबाट क्रमशः.......

महामन्त्री का. मोहनविक्रम सिंहले क. ढुंगानाप्रति हार्दिक श्रद्धाञ्जली र शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्नुभएको छ ।

वि.सं. १९८९/०६/१६ सालमा मकवानपुरमा जन्मनुभएका ढुंगाना नेपाल कम्युनिस्ट पार्टीको तेस्रो महाधिवेशनकालदेखि निरन्तर पार्टीप्रति इमानदार र प्रतिबद्ध रहँदै आउनुभएको थियो । लामो समयसम्म ने.क.पा. (मसाल) मकवानपुरका जिल्ला सदस्य रहिसक्नु भएका ढुंगाना स्वास्थ्यस्थिति बिग्रिन पुगेका कारण हाल जिल्ला सल्लाहकार रहनुभएको थियो ।

## समयमै संविधान निर्माणका लागि दवाव दिन राजमोका देशव्यापी विरोध सभाहरू

काठमाडौं । राजमोले समयमै संविधान निर्माणका लागि दबाब दिन वैशाख २५ गते देशव्यापी रूपमा विरोध सभाहरू सम्पन्न गरेको थियो ।

“समयमै संविधान जारी गर” भन्ने मूल नाराका साथ राजमोले ती सभाहरू सम्पन्न गरेको थियो । राजमो काठमाडौंको आयोजनामा रत्नपार्कस्थित शान्तिबाटिकामा सम्पन्न विरोध सभालाई प्रमुख अतिथिको रूपमा राष्ट्रिय जनमोर्चाका कोषाध्यक्ष मनोज भट्टले सम्बोधन गर्नु भएको थियो । काठमाण्डौका साथै भक्तपुर, ललितपुर, सिन्धुपाल्चोक, कपिलवस्तु, दाङ, गुल्मी ,डोटी, बाँके, बाग्लुङ मोरङ, अर्घाखाँची, रूपन्देही, चितवन, नवलपरासी, कास्की, कञ्चनपुर, दार्चुला, बैतडी, डडेल्धुरा, लगायतका जिल्लाहरूमा सभा सम्पन्न भएका थिए ।•

# मोर्चा तथा जनवर्गीय संगठनका

## गतिविधिहरू

# आन्दोलनका पक्षधर शक्तिहरूको एकता आज पनि आवश्यक छ

(२०६८ बैशाख १३ गते पोखरामा राष्ट्रिय जनमोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन कार्यक्रममा प्रस्तुत उद्घाटन भाषण)

– चित्रबहादुर के.सी.

हाम्रो प्रथम सम्मेलन २०५६ साल कार्तिकमा सम्पन्न भएको थियो । त्यसपछि करिब ११ वर्षको अवधिमा देशमा कैयौं महत्वपूर्ण र ऐतिहासिक परिवर्तनहरू भएका छन्, जसमध्ये संसदको विघटन, प्रतिगमनका विरूद्ध संयुक्त आन्दोलन, राजाको निरंकुश शासनको पुर्नस्थापना, ०६२-६३ को ऐतिहासिक जनआन्दोलन, विघटित संसदको पुनर्स्थापना, संविधानसभाको चुनाव, राजतन्त्रको अन्त, गणतन्त्रको स्थापना आदि उल्लेखनीय छन् । तर त्यसपछि देशमा राजनीतिक गत्यावरोधको अवस्था उत्पन्न भएको छ । संविधानसभाद्वारा संविधानको निर्माण हुन नसक्दा त्यो अवस्था उत्पन्न भएको हो । संविधान निर्माणका लागि पहिले दुईवर्षको अवधि तोकिएको थियो । तर त्यो अवधिमा संविधान बन्न सकेन । त्यसका लागि थपिएको एक वर्षको अवधिमा पनि करिब ११ महिना बितिसक्यो । तैपनि अहिलेसम्म संविधानको निर्माण हुन सकेको छैन र बाँकी रहेको एक महिनाको अवधिमा पनि त्यसको निर्माण हुने (संविधानको निर्माण हुने) सम्भावना क्षीण भएको छ । त्यसलेगर्दा देशमा गम्भीर प्रकारको अन्यौल र अनिश्चयताको अवस्था उत्पन्न भएको छ ।

देशमा गणतन्त्रको स्थापना भएको छ । तर गणतान्त्रिक संविधान नबनेसम्म त्यसलाई (गणतन्त्रलाई) संस्थागत र सुदृढ गर्ने कार्य हुनेछैन । कुरा त्योभन्दा गम्भीर छ । संविधान बनेन र गणतन्त्रलाई संस्थागत गर्ने काम हुन सकेन भने ०६२-६३ को जनआन्दोलनका उपलब्धिहरू समाप्त हुने तथा देश प्रतिगमनतिर जाने सम्भावना हुनेछ । यदि त्यस्तो हुन गयो भने देशका लागि त्यो अत्यन्त ठूलो क्षति हुनेछ । आज देशका अगाडि यो गम्भीर प्रश्न उपस्थित भएको छ : गणतन्त्र र अग्रगमन वा प्रतिगमन ? त्यो अवस्थामा देशलाई प्रतिगमनका दिशामा जानबाट रोकेर गणतन्त्र तथा अग्रगमनको दिशामा लैजानु संविधानसभा र गणतन्त्र पक्षधर सबै शक्तिहरूको दायित्व हुन्छ । अहिले हाम्रा अगाडिको यो दायित्व ०६२-६३ को आन्दोलनको निरन्तरता नै हो । त्यसकारण ०६२-६३ को आन्दोलनका पक्षधर शक्तिहरूको एकता आज पनि आवश्यक छ र त्यस प्रकारको एकताका आधारमा नै आज हाम्रा अगाडिको दायित्व पूरा गर्नु सम्भव हुनेछ । वामपन्थी ध्रुविकरण, उच्च क्रान्तिकारी कार्यक्रम वा अन्य कुनै रूपमा त्यो एकतालाई खण्डित गरियो भने त्यसबाट प्रतिगमनलाई नै मद्दत पुग्नेछ ।

संविधानको निर्माण र गणतन्त्रको सुदृढीकरण आज हाम्रा प्रमुख जिम्मेवारीहरू भएका छन् । हाम्रो यो कुराप्रति पनि ध्यान गएको छ कि ती कार्यहरू पूरा भएपनि देशमा विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाको अन्त हुने छैन । त्यो अवस्थामा देशमा विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाको लागि पुन: लामो क्रान्तिकारी आन्दोलनको आवश्यकता पर्नेछ । तर त्यो उच्च क्रान्तिकारी उद्देश्यका कारणले अहिले हाम्रा अगाडि भएका तात्कालिक जिम्मेवारीहरूको महत्वलाई कम गर्नु गलत हुनेछ । अहिले संविधानको निर्माण वा गणतन्त्रको सुदृढीकरण निश्चित रूपले अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्था भित्रका सीमित प्रकारका कार्यहरू नै हुन् । तैपनि तात्कालिक दृष्टिले तिनीहरूको ऐतिहासिक र प्रगतिशील महत्व छ र ती कार्यहरू सम्पन्न भएपछि नै भावी क्रान्तिकारी आन्दोलनका लागि पनि आधार तयार हुनेछ । अहिले ती कार्यहरूलाई गौण बनाएर उच्च क्रान्तिकारी कार्यक्रम वा आन्दोलनमा जोड दिनुको अर्थ व्यवहारमा तत्काल हाम्रा अगाडि भएका कार्यहरू, संविधानको निर्माण र गणतन्त्रको सुदृढीकरणमा बाधा पुराउनु र त्यसरी प्रकारान्तरले प्रतिगमनलाई मद्दत गर्नु नै हुनेछ ।

यस सन्दर्भमा ए.ने.क.पा.(माओवादी) का अध्यक्षले आफ्नो पार्टीको पी.वी. र पछि केन्द्रिय समितिको बैठकमा राखेको प्रस्तावप्रति पनि हाम्रो पार्टीको ध्यान आकर्षित भएको छ । त्यो प्रस्तावमा तत्काल जनविद्रोहको नीतिलाई स्थगित गरेर शान्ति र संविधानको कार्यान्वयन गर्ने कुरामा जोड दिइएको छ । माओवादीसित हाम्रा नीतिगत र व्यवहारिक दुवै रूपमा गम्भीर मतभेदहरू छन् । तिनीहरूले हाम्रा कैयौं साथीहरूको सर्वस्वहरण गरेका छन् । हाम्रा साथीहरूमाथि हिंसात्मक आक्रमण गर्ने गरेका छन् । संघीयताको विरोध गरेकाले हाम्रो पार्टी माथि प्रतिबन्ध लगाउने अभिव्यक्ति दिने गरेका छन् । हामीले नीतिगत रूपमा उनीहरूसित कार्यगत

एकताको नीति स्वीकार गरेको भएपनि उनीहरूले हामीहरूप्रति अपनाउने त्यस प्रकारको शत्रुतापूर्ण कारवाहीहरूका कारणले उनीहरूको हामीहरूप्रतिको त्यस प्रकारको शत्रुतापूर्ण नीतिमा सुधार नहुँदासम्म उनीहरूसितका सबै द्विपक्षीय सम्बन्धलाई स्थगित गर्ने निर्णय गरेका छौं । अन्य पक्षहरू समेत सामेल भएका वा अन्य पक्षहरूले आयोजना गरेका कार्यक्रमहरूमा हामीहरू कार्यगत एकता गरेर विभिन्न कार्यक्रमहरूमा सामेल हुने गरेका छौं । तर द्विपक्षीय रूपमा उनीहरूसित कुनै कार्यगत एकता गर्दैनौं, वा उनीहरूले आयोजना गरेको कुनै कार्यक्रममा सामेल हुन्नौं, वा हामीले आयोजना गरेका कुनै कार्यक्रममा उनीहरूलाई आमन्त्रित गर्दैनौं । त्यही नीति अनुसार यो सम्मेलनमा पनि हामीले उनीहरूलाई आमन्त्रित गरेका छैनौं । तर उनीहरूसितको हाम्रो यो विरोध नीतिमाथि आधारित छ । कुनै व्यक्तिगत वा दलीय पूर्वाग्रहमाथि होइन । त्यसैले उनीहरूले देश र जनताको हित अपनाउने वा अहिलेका राष्ट्रिय जिम्मेवारीहरू पूरा गर्न मद्दत पुग्ने सही नीतिलाई खुला हृदयले नै समर्थन गर्ने गर्दछौं । त्यसैले उनीहरूसितका आफ्ना मतभेदहरूलाई सुरक्षित राख्दै र आवश्यकतानुसार तिनीहरूलाई सञ्चालन गर्दै अहिले माओवादी अध्यक्ष प्रचण्डले शान्ति र संविधानमा जोड दिने नीतिलाई हामीले दृढतापूर्वक समर्थन गरेका छौं ।

हाम्रो यो स्पष्ट मत छ कि जनविद्रोहको नीति सिद्धान्ततः सही भएपनि त्यसले अहिलेको वस्तुगत अवस्थासित मेल खान्न । त्यसकारण त्यसले क्रान्ति वा अग्रगमनको सट्टा प्रतिगमनलाई नै मद्दत गर्ने छ । त्यो अवस्थामा अहिले प्रचण्डले अगाडि सारेको नीतिले वर्तमान वस्तुस्थितिसित मेल खान्छ र त्यो सही पनि छ । माओवादी संविधानसभाको सवैभन्दा ठूलो संगठन हो । त्यसकारण शान्ति र संविधानबारे त्यसले अपनाउने सही नीतिबाट अहिलेको राजनीतिक स्थितिमा सकारात्मक योगदान पुग्ने छ भन्ने हामीले आशा गर्दछौं । तर यो कुराप्रति पनि हाम्रो ध्यान छ कि गतकालमा प्रचण्ड वा माओवादीहरू अक्सर आफ्ना प्रतिवद्धताहरू प्रति इमान्दार रहने गरेका छैनन । तर हामीले कामना गर्दछौं, भविष्यमा अहिले उनले अगाडि ल्याएको राजनीतिक लाइनलाई उनीहरूले इमान्दारिता र दृढतापूर्वक कार्यान्वयन गर्नेछन् । त्यो नै देश, जनता र स्वयं उनीहरूको पनि हितमा हुनेछ ।

आज देशको राष्ट्रियताका अगाडि गम्भीर प्रकारको संकट उपस्थित भएको छ । अमेरिकन साम्राज्यवाद, भारतीय विस्तारवाद तथा भूमण्डलिकरण आदि सबैका कारणले नेपालको राजनीतिक र आर्थिक स्वतन्त्रतामा गम्भीर आँच पुग्दै आएको छ । खास गरेर भारतीय विस्तारवादको भूमिकाका कारणले नेपालको राष्ट्रियतामा सबैभन्दा बढी खतरा उत्पन्न भएको छ । भारतमा ब्रिटिस शासनको अन्तदेखि नै भारतका शासक वर्गले नेपालमा आफ्नो प्रभूत्व कायम गर्न योजनावद्ध प्रकारले प्रयत्न गर्दै आएका छन् । गत ६ दशकमा उनीहरूका त्यस प्रकारका प्रयत्नहरू कैयौं रूपमा देखापर्ने गरेका छन् र तिनीहरूका विरूद्ध नेपाली जनताको संघर्षको गौरवपूर्ण इतिहास रहेको छ । ०६२-६३ को जनआन्दोलनपछि पनि उनीहरूका त्यस प्रकारका प्रयत्नहरू नयाँ प्रकारले अगाडि बढ्ने गरेका छन् । जन्मका आधारमा नागरिकता दिने ऐन बनेपछि ठूलो संख्यामा भारतीयहरू नेपालको नागरिक बनेका छन् । त्यसले गर्दा नेपालमा नेपालीहरू नै अल्पसंख्यामा पर्ने र नेपाल फिजी बन्ने खतरा पनि बढ्दै गइरहेको छ । नेपालका प्रमुख राजनीतिक शक्तिहरूमा सत्ता प्राप्त गर्नका लागि भारतीय शासकवर्गको समर्थन प्राप्त गर्न आपसमा प्रतिस्पर्धा चल्ने गरेको छ र त्यो क्रममा नेपालको राष्ट्रिय हितहरूको सौदावाजी गर्न पनि उनीहरू पछाडि पर्ने गरेका छैनन् ? त्यसले पनि नेपालमा विदेशी शक्तिहरूको हस्तक्षेपकारी भूमिकालाई बढ्न बल पुराउने गरेको छ । त्यो अवस्थामा, एकातिर, सबै विदेशी शक्तिहरूका, सबै साम्राज्यवादी र विस्तारवादी नीतिहरूका विरूद्ध राष्ट्रिय आन्दोलन बढाएर र, अर्कातिर, देशका विभिन्न राजनीतिक शक्तिहरूका उनीहरूप्रतिका सम्झौतापरस्त नीतिहरूको व्यापक भण्डाफोर गर्दै जनताको चेतना उठाएर नै देशको राष्ट्रियताको रक्षा गर्न सकिन्छ र गर्नुपर्दछ । वास्तवमा आज देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताका अगाडि गम्भीर संकट पैदा भएको छ र त्यसप्रति सम्पूर्ण देशभक्त राजनीतिक शक्ति, संघ-संस्था र आम जनताको समेत ध्यान जानुपर्ने आवश्यकता छ ।

संघीयता आज देशको अत्यन्त गम्भीर समस्या बनेको छ । जस्तो कि हाम्रो पार्टीले बारम्बार स्पष्ट गर्दै आएको छ, त्यसको परिणामस्वरूप देशमा जातीय र क्षेत्रीयद्वन्द्व वा विग्रह बढ्ने तथा राष्ट्रिय विखण्डनको स्थिति पैदा हुने खतरा उत्पन्न हुनेछ । वास्तवमा संघीयताले नेपालको वस्तुस्थितिसित मेल नखाने मात्र होइन, नेपाली जनताले कहिल्यै त्यसको माग गर्ने वा त्यसको पक्षमा आवाज उठाउने तथा आन्दोलन गर्ने समेत गरेका छैनन् । स्वयं कम्युनिष्ट पार्टीको ६ दशकको इतिहासको मूल्यांकन गर्ने हो भने पनि कम्युनिष्टहरूले पनि कहिल्यै संघीयताको माग गर्ने गरेका छैनन् । त्यो अवस्थामा यो बुझ्न गाह्रो पर्दैन, संघीयता नेपालको आवश्यकतानुसार उठेको आवाज नभएर विदेशबाट षडयन्त्रपूर्ण प्रकारले पैठारी गरिएको विषय हो । त्यसको उद्देश्य नै नेपालमा जातीय र क्षेत्रीय द्वन्द्व फैलाउने र राष्ट्रको विखण्डन गर्ने नै हो । साम्राज्यवादी शक्तिहरूले विश्वव्यापी रूपमा त्यसप्रकारको नीति अपनाउने गरेका छन् र उनीहरूले त्यही नीति नेपालमा पनि प्रयोग गर्दैछन् । त्यसैको परिणाम हो कि सबै साम्राज्यवादी, बहुराष्ट्रिय वित्तीय संस्थाहरूसित सम्बन्धित एन.जी.ओ., आई.एन.जी.ओ. वा अन्य संस्थाहरूले संघीयताका बारे यति धेरै उत्साह देखाइरहेका छन् । नेपालमा संघीयताको आवाज अगाडि बढाउनुका पछाडि भारतीय विस्तारवादको पनि विशेष भूमिका रहेको छ । त्यसरी यो कुरामा कुनै शंका रहन्न, त्यो प्रणाली नेपालको हितमा छैन र त्यसले खालि साम्राज्यवाद र विस्तारवादको नै सेवा गर्नेछ ।

संघीयताका साथै जातीय राज्य, आत्मनिर्णयको अधिकार, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, एक मधेश, एक प्रदेश, जातीय अग्राधिकार आदि नीतिहरू मिसिएर आएका छन् । ती सबैको परिणाम कति घातक हुने छ ? अहिले नै देशमा विभिन्न रूपमा

देखापरिरहेका त्यसका रूपहरूबाट त्यो कुराको अन्दाज गर्न मुश्किल पर्दैन । संघीयतालाई समर्थन गर्ने कैयौं राजनीतिक शक्ति, संघ-संस्था वा व्यक्तिहरूले इमान्दारितापूर्वक नै त्यो प्रणालीद्वारा देश र जनता वा विभिन्न शोषित, उत्पीडित जनसमुदायहरूको हित हुनेछ भन्ने कुरा सोंचेर पनि त्यसलाई समर्थन गरेको सम्भावनालाई अस्वीकार गर्न सकिन्न । तर त्यो भ्रामक सोंचाई हो । कतिपय जनजातिहरूले संघीयता र आत्मनिर्णयको अधिकारका कारणले उनीहरूलाई मुक्ति मिल्ने छ र त्यो उनीहरूको हितमा हुनेछ भन्ने सोंचेको पनि पाइन्छ । तर अन्तमा जातीय राज्य स्वयं जनजातिहरूका हितमा छैन ।

यो आश्चर्यको कुरा हो कि साम्राज्यवादी र विस्तारवादी शक्तिहरूले आफ्ना स्वार्थहरू पूरा गर्नका लागि नेपालमा पैठारी गरेको त्यस प्रकारको संघीयता वा जातीय राज्यहरूका नीतिहरूलाई अगाडि बढाउन माओवादीहरू अग्रपंक्तिमा छन् । मार्क्सवादी-लेनिनवादीहरूले संसारभरी नै मुख्यरूपमा वर्गसंघर्ष र वर्गीय एकतामा जोड दिन्छन् । उनीहरूले सबै जात, जातिका शोषित, उत्पीडित जनताका बीचमा एकता कायम गर्नुपर्ने कुरामा जोड दिन्छन् । तर माओवादीहरूले जातीय आधारमा उनीहरूलाई विभाजित गर्ने नीति अपनाउँदै छन् । संघीयतालाई सर्वप्रथम मधेशवादी शक्तिहरूले अगाडि ल्याएका थिए । तर त्यसलाई माओवादीहरूले समर्थनगरेपछि नै त्यसले बल प्राप्त गऱ्यो र देशमा गम्भीररूप ग्रहण गऱ्यो । अहिले संघीयताले त्यसप्रकारको रूप लिनुका पछाडि मुख्य रूपले माओवादीहरू नै जिम्मेवार छन् । नेपालमा जुन जातीय राज्यहरूको कुरा गरिएको छ, त्यो वास्तवमा जनजातिहरू वा अल्पसंख्यक जातिहरूको नै राज्यहरू हुन् । तर साम्राज्यवाद वा उनीहरूका वित्तीय संस्थाहरूसित सम्बन्धित एन.जी.ओ., आई.एन.जी.ओ. आदिले जनजाति वा अल्पसंख्यक जातिहरूलाई 'नेशनलिटिज' वा "राष्ट्र"का रूपमा व्याख्या गर्ने प्रयत्न गरेका छन् । माओवादीको समर्थनपछि संविधानसभाको राज्य पुर्नर्संरचना सम्बन्धी समितिले पनि आफ्नो मस्यौदा प्रतिवेदनमा नेपाल बहुराष्ट्रिय देश भएको प्रस्ताव पारित गऱ्यो । पहिले मधेशवादी दलहरूले नेपाल पहाडी र मधेश दुई राष्ट्र भएको अवधारणा अगाडि ल्याएको थियो । माओवादीहरूले त्यसभन्दा अगाडि बढेर नेपाल बहुराष्ट्रिय देश भएको घोषणा गरे । वास्तवमा नेपाल कैयौं जात, जाति वा जनजातिहरू मिलेर बनेको एउटा राष्ट्र हो । त्यसलाई बहुराष्ट्रिय देशका रूपमा घोषणा गर्ने सोंचाईले नेपालको वास्तविकतासित मेल खान्न र त्यसले देशलाई विखण्डनको दिशामा लैजाने छ । यो कुरालाई हामीले स्वीकार गर्नैपर्दछ, संघीयता, जातीय राज्य, आत्मनिर्णयको अधिकार, बहुराष्ट्रिय राज्य, बहुराष्ट्रवाद आदि जस्ता अवधारणाहरू अगाडि ल्याएर माओवादी समूह जान वा अन्जानमा जातीय र क्षेत्रीय द्वन्द्व वा राष्ट्रिय विखण्डनको अग्रिम दस्ता बन्न पुगेको छ ।

एक मधेश, एक प्रदेशको अवधारणाले पनि देशमा गम्भीर प्रकारको स्थिति पैदा गरेको छ । मधेशवादी दलहरूले संघीय प्रणाली अन्तर्गत चुरेपहाड र भित्री मधेश सहित सम्पूर्ण तराईलाई एक मधेश, एक प्रदेश बनाउनुपर्ने माग गरिरहेका छन् । उनीहरूले यो समेत चेतावनी दिइरहेका छन् कि उनीहरूको त्यो माग पूरा नगरिएमा एक नेपाल पनि रहने छैन । त्यसको सीधा र स्पष्ट अर्थ हो : उनीहरूको माग पूरा नभएमा उनीहरूले तराईलाई नेपालबाट पृथक बनाउने छन् । उनीहरूले यो पनि भनिरहेका छन् कि संविधान बनेर पनि उनीहरूको एक मधेश, एक प्रदेशको माग पूरा गरिएन भने उनीहरूले त्यो संविधानलाई स्वीकार गर्ने छैनन् । एकातिर, उनीहरूले त्यस प्रकारको खतरनाक प्रकारको सोंचाईलाई अगाडि बढाइरहेका छन् भने अर्कातिर, देशका कतिपय प्रमुख राजनीतिक शक्तिहरूले सरकारमा जानका लागि उनीहरूको समर्थन प्राप्त गर्न उनीहरूसित देशका राष्ट्रिय हितहरूलाई समेत सौदावाजी गरेर सम्झौता गर्ने नीति अपनाउँदै आएका छन् । देशका प्रमुख राजनीतिक शक्तिहरूका बीचमा चलिरहेको सत्ताको प्रतिस्पर्धाले मधेशवादी दलहरूलाई आफ्नो स्थिति मजबूत पार्न वा भयदोहन गर्न मद्दत पुगिरहेको छ । त्यो अवस्थामा देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताका पक्षमा भएका सबै राजनीतिक शक्तिहरूले एकतावद्ध भएर नै मधेशवादी दलहरूका तर्फबाट सम्भावित त्यो खतराको सामना गर्नु सम्भव हुनेछ ।

हाम्रो पार्टी बाहेक अन्य सबै राजनीतिक दल वा संगठनहरूले संघीयतालाई समर्थन गरेका छन् । तर संघीयताको स्वरूपबारे उनीहरूका बीचमा गम्भीर प्रकारका मतभेदहरू छन् । जातीय राज्य, प्रादेशिक राज्य, एक मधेश एक प्रदेश आदि बारे उनीहरूका बीचमा भएका गम्भीर प्रकारका मतभेदहरूका कारणले उनीहरूका लागि संघीयताको स्वरूप बारे कुनै सहमतिमा पुग्नु सम्भव भइरहेको छैन । स्वयं संघीयतालाई समर्थन गर्ने राजनीतिक शक्तिहरूका बीचका त्यस प्रकारका मतभेदहरूका कारणले पनि संविधान बन्न ढिलो हुने सम्भावना पनि गम्भीर छ । त्यो अवस्थामा संघीयतालाई छाडेर संविधानको निर्माण गर्नु नै सही हुनेछ ।

संविधानको निर्माणसित अभिन्न रूपले जोडिएको अर्को महत्वपूर्ण प्रश्न शान्ति प्रक्रियाको प्रश्न हो । त्यो प्रश्न मुख्य रूपले माओवादीहरू र उनीहरूका शिविरमा रहेका लडाकूहरूसित जोडिएको छ । ती लडाकूहरूलाई नेपाली सेनामा सामेल गर्ने कुरा उठिरहेको छ । तर हाम्रो पार्टीले प्रारम्भदेखि नै उनीहरूलाई नेपाली सेनामा सामेल गर्ने कुराहरूको दृढतापूर्वक विरोध गर्दै अएको छ । उनीहरूलाई नेपाली सेनामा सामेल गर्दा प्रथम, सेनाको आकार ठूलो हुनेछ, द्वितीय, उनीहरूलाई नेपाली सेनामा सामेल गर्दा अन्य कतिपय सशस्त्र गुट वा संगठनहरूले पनि आफ्ना लडाकूहरूलाई नेपाली सेनामा सामेल हुन माग गर्नेछन् । त्यसरी ठूलो संख्यामा अवाञ्छित तत्वहरू, अपराधी वा सी.आई.डी.हरू नेपाली सेनामा सामेल हुने सम्भावना रहने छ । त्यसैले हाम्रो पार्टीले माओवादी लडाकूहरूलाई नेपाली सेनामा सामेल गर्ने कार्यको दृढतापूर्वक विरोध गर्दै आएको छ । तर उनीहरूलाई आवश्यक व्यवस्थापन, पुनर्स्थापना वा मद्दत गर्नुपर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिंदै आएको छ ।

देशमा पहिले दुई वर्षको अवधिमा संविधान बन्न नसक्नु र पछि थपिएको एकवर्षमा पनि अहिलेसम्म संविधान बन्न

नसक्नुका पछाडि मुख्य रूपले को जिम्मेवार छ ? त्यसबारे पनि केही विचार गर्नुपर्ने आवश्यकता छ । पहिलो दुईवर्षमा संविधान बन्न नसक्नुका पछाडि मुख्य रूपले माओवादीहरूका गलत नीतिहरू नै जिम्मेवार छन् । प्रथम, आफ्नो नेतृत्वमा सरकार भएको बेलामा स्वयं उनीहरूको नै सहमतिमा बनेका संविधान र प्रजातान्त्रिक प्रणालीलाई अतिक्रमण गर्ने कार्यप्रणाली र, द्वितीय, राजिनामा दिएर सरकारबाट हटेपछि आफ्नो नेतृत्वमा सरकार नबन्दासम्म संविधान बन्न नदिने उनीहरूको नीति र आन्दोलनका कारणले नै दुई वर्षको अवधिमा संविधान बन्न नसक्नुका पछाडि मुख्य रूपले जिम्मेवार छ । पछि थपिएको एकवर्षको अवधिमा पहिले शान्ति प्रक्रियाको टुंगो लगाउने, सरकारले राजिनामा दिने र सहमतिको सरकार गठन गर्ने तीन बुँदे सहमतिमा स्वीकृत समझदारीका विरूद्ध माओवादीहरूको उक्त शर्तहरू पूरा नभइकन सरकारको राजिनामाको माग गर्ने नीति वा आन्दोलनले पनि धेरै समय खर्च भयो । पछि एमालेको नेतृत्वले सहमति वा दुईतिहाई बहुमत नभइकन कुनै सरकारको गठन वा प्रधानमन्त्रीको चुनावमा भाग नलिने गलत नीतिले प्रधानमन्त्रीको चुनावमा कैयौं महिनासम्म गत्यावरोधको स्थितिको सिर्जना गर्‍यो । प्रधानमन्त्रीको चुनावको पूर्वबेलामा माओवादी अध्यक्ष प्रचण्ड र एमालेका अध्यक्ष झलनाथ खनालको बीचमा आलोपालोसित प्रधानमन्त्री हुने, माओवादी लडाकूहरूलाई छुट्टै फोर्स बनाउने सातबुँदे सहमति तथा गृहमन्त्रालय माओवादीहरूलाई दिने गोप्य सहमति समेतका कारणले उत्पन्न विवादका कारण प्रधानमन्त्रीको चुनाव भएको करिब तीन महिना समय बित्दा पनि सरकारले पूर्णता पाउन सकेको छैन ।

अहिले जेष्ठ १४ गतेसम्म संविधान बन्न नसक्ने स्थिति देखापर्दै गएपछि पुन: संविधानसभाको म्याद थप्ने वा नथप्नेबारे विवाद उठेको छ । वास्तवमा यो अत्यन्त गम्भीर प्रश्न हो । संविधान नबनाइकन संविधानसभालाई विघटन गर्दा त्यसबाट ठूलो राजनीतिक क्षति पुग्ने वा राजनीतिक रिक्तताको स्थिति पैदा हुने खतरा छ । अर्कातिर संविधानको म्याद थपेर पनि अहिलेको जस्तै संविधानको निर्माण भन्दा सरकार सम्बन्धी विवादमा नै समयको दुरूपयोग हुँदै गएमा जतिपल्ट संविधानसभाको म्याद थपे पनि त्यसको कुनै सार्थक परिणाम निस्कने छैन वा संविधान बन्ने कार्य अनिश्चित बन्दै जानेछ । त्यो स्थितिमा प्रतिगमनले नै बढी फाइदा उठाउने वा देश असफल राष्ट्र घोषित हुने सम्भावना रहने छ । त्यो अवस्थामा हाम्रो पहिलो जोड तोकिएको समयभित्र नै संविधानको निर्माण हुनुपर्दछ भन्ने कुरामा रहने छ । तर राजनीतिक शक्तिहरूका बीचमा अहिलेको जस्तै विवाद रहेर तोकिएको समयमा संविधान बन्न नसक्ने स्थिति देखापरेमा सम्बन्धित सबै पक्षहरूमाथि विचार गरेर नै हाम्रो पार्टीले त्यसबारे कुनै निर्णय गर्नेछ । हाम्रो यो स्पष्ट र दृढ मत छ संविधानको निर्माणबारे देखापरेको अन्यौल र अनिश्चयताको स्थिति अत्यन्त गम्भीर चिन्ताको कुरा हो र त्यसलाई छिटोभन्दा छिटो उपयुक्त तरिकाले समाधान गर्नुपर्ने आवश्यकतामा हाम्रो पार्टीले विशेष जोड दिन्छ ।

यस प्रकारको स्थितिमा सहज निकास के हो ? गतकालमा मुख्य रूपले प्रधानमन्त्री वा सरकार सम्बन्धी विवादका कारणले नै संविधानको निर्माणमा बाधा पुग्ने गरेको छ । त्यसकारण अहिलेको अवस्थामा निकासका लागि मुख्य रूपले सरकार सम्बन्धी विवादमा नै सही समझदारीको आवश्यकता छ । वास्तवमा सरकारको निर्माण सम्बन्धी विवाद अनावश्यक विवाद हो । अन्तरिम संविधानमा सहमति भए त्यसका आधारमा र त्यस्तो हुन नसकेमा बहुमतका आधारमा सरकारको गठन गर्ने व्यवस्था छ । त्यो निर्णयलाई इमान्दारितापूर्वक पालन गरिएमा सरकार वा प्रधानमन्त्रीको चुनाव बारे कुनै समस्या नै उपस्थित हुनुपर्ने आवश्यकता नै देखिन्न । संविधान अनुसार सरकारको गठन भएपछि कुनै पक्ष सत्ता वा विपक्षमा भएपनि संविधानको निर्माणमा सहमति कायम गर्ने प्रयत्न गर्नु पर्दछ । त्यो सहमति को सत्तामा छ र छैन भन्ने आधारमा होइन, वैचारिक मान्यताका आधारमा कायम गर्ने प्रयत्न गर्नुपर्दछ । तर अहिले सहमतिको प्रश्नलाई सरकारको नेतृत्व वा सरकारमा सहभागिताको प्रश्नसित जोडेर वा त्यसलाई नै प्रमुखता दिएर प्रस्तुत गर्ने गरिएको छ । सरकारको नेतृत्व गरेमा वा सहभागिता भएमा नै संविधानको निर्माणमा सहमति कायम गर्ने, अन्यथा असहयोग गर्ने गलत सोंचाईका कारणले अहिले समस्या पैदा भएको छ । त्यो दृष्टिकोणमा सुधारको आवश्यकता छ । अर्थात् सरकार सम्बन्धी विवादलाई अन्तरिम संविधान अनुसार सहमति वा बहुमतका आधारमा टुंगाउँदै संविधानको निर्माणमा बढिभन्दा बढि सहमति कायम गर्ने प्रयत्न गर्नुपर्दछ । त्यसरी नै सरकार र संविधान सम्बन्धी विवादको हल हुनेछ र संविधानको निर्माणलाई सरकारको निर्माणले बाधा पुराउने छैन ।

देशमा एक दशकभन्दा बढि समयदेखि स्थानीय निकायहरू नै छैनन् । सरकारले लामो समयदेखि स्थानीय निकायहरूको चुनाव हुन दिइरहेको छैन । निर्वाचन आयोगले तिनीहरूको चुनाव गर्नसक्ने प्रतिवेदन सरकारलाई दिइसक्दा पनि त्यसले (सरकारले) तिनीहरूको चुनाव सम्पन्न गर्न ध्यान दिएको छैन । हाम्रो पार्टीले सुरूदेखि नै स्थानीय निकायहरूको चुनाव छिटै सम्पन्न गर्नुपर्ने माग गर्दै आएको छ र अहिले पनि हामीले छिटोभन्दा छिटो त्यो कार्य सम्पन्न गर्नुपर्ने आवश्यकतामा जोड दिन्छौं ।

देशको उपरोक्त प्रकारको अवस्थामा राष्ट्रिय जनमोर्चाले संविधानसभा भित्र वा बाहिर लगातार गणतन्त्रको सुदृढिकरण, राष्ट्रियताको रक्षा र संघीयताका विरूद्ध देशव्यापी रूपमा नै चरणवद्ध प्रकारले आन्दोलन गर्दै आएको छ । उक्त विषयहरू बाहेक देशमा बढिरहेको दण्डहीनता, असुरक्षा, महंगी, भ्रष्टाचार, जनजीवनसित सम्बन्धित अन्य विभिन्न समस्याहरू तथा विदेशस्थित नेपाली नागरिकहरूलाई मताधिकार आदिका विषयमा पनि संघर्ष गर्दै आएको छ । त्यसै गरेर विश्वव्यापी रूपमा भइरहेको जलवायु परिवर्तन तथा वातावरणले मानव जातिका अगाडि पैदा गरेको संकट बारे पनि हाम्रो पार्टीले कैयौं कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

अहिले हुन थालिरहेको राष्ट्रिय सम्मेलनमा हामीले उक्त सबै प्रश्नहरूमा विस्तृत छलफल, सिंहावलोकन गर्नुका साथै आगामी नीति र कार्यक्रमहरू निश्चित गर्ने छौं । उक्त विषयहरूमा हामी तपाईहरू सबै तथा देशका सम्पूर्ण जनताबाट समर्थन र सहयोगका लागि अपील गर्दछौं । •

# युवक संघ राष्ट्रिय जागरण अभियानमा

अखिल नेपाल युवक सङ्घको ०६८ जेठ २७ र २८ मा चितवनको नारायणगढमा राष्ट्रिय परिषद् बैठक सम्पन्न भएको छ । उक्त बैठकले संविधान निर्माण गरी गणतन्त्रको सुनिश्चितता गर्न, शान्ति प्रक्रियालाई पूरा गर्न, राष्ट्रियताको रक्षा तथा सङ्घीयताका विरूद्ध "अखण्ड नेपाल : समयमै संविधान, गणतन्त्र र राष्ट्रियताको पक्षमा युवापरिचालन" भन्ने नाराका साथ राष्ट्रिय युवा जागरण अभियान, २०६८ असारदेखि चैत्रसम्म सञ्चालन गर्ने निर्णय गरेको छ । उक्त अवधिभर देशभरी दवावमूलक सङ्घर्षका कार्यक्रमहरू सञ्चालन हुनेछन् । साथै आम युवाहरूका बीचमा "एकता, मित्रता र परिवर्तनका लागि खेलकूद" भन्ने मूल नाराका साथ युवाहरूका बीचमा मैत्रीपूर्ण खेलकूद प्रतियोगिताहरू सञ्चालन गरिने ठेगान गरेको छ । बैठकले कतिपय सांगठनिक जिम्मेवारी पनि हेरफेर गरेको छ । युवक संघका महासचिव राजेन्द्र ढुंगानाले अन्य जिम्मेवारीका कारण दिनुभएको राजिनामा स्वीकृत गरी रिक्त हुन आएको महासचिव पदमा उपाध्यक्ष तिलक थापा (बाग्लुङ) लाई सहवरण गरिएको छ । राष्ट्रिय परिषद्को बैठकले तात्कालिक राजनीतिसम्बन्धी विशेष प्रस्ताव समेत पारित गरेको थियो ।

# समताको शिविर सम्पन्न

जातीय समता समाज, केन्द्रीय समितिले प्यूठानको दाखाक्वाडिस्थित सिद्धार्थ हलमा यही जेष्ठ २०-२५ गतेसम्म केन्द्रीय प्रशिक्षण शिविर सञ्चालन गरेको थियो । उक्त शिविरको उद्घाटन जेष्ठ २० गते समताका जिल्ला अध्यक्ष रेगम सुनारको अध्यक्षता र महासचिव रामबहादुर नेपालीको सञ्चालनमा समताका अध्यक्ष राजेश वि.क.ले गर्नुभएको थियो । उक्त प्रशिक्षणमा विभिन्न विषयहरूमा प्रशिक्षण गरिएको थियो । प्रशिक्षणमा देशका विभिन्न जिल्लाहरूबाट छनोट भई आएका प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो । उक्त शिवरको जेष्ठ २५ गते समापन भएको थियो, जसको अध्यक्षता केन्द्रीय सचिव सूर्य वि.का. र उद्घोषण केन्द्रीय सदस्य तिलक परियारले गर्नुभएको थियो । उक्त शिविरमा केन्द्रीय सल्लाहकार र सभासद् सन्तबहादुर नेपाली, राजमोका केन्द्रीय सदस्य बोमबहादुर खत्री, राजमो केन्द्रीय सल्लाहकार विमल शर्मा, जनजाति सम्मेलनका महासचिव रामबहादुर बुढा समेतले प्रशिक्षण दिनुभएको थियो ।

# जनगणनाको विषयमा ज्ञापनपत्र

अखिल नेपाल जनजाति सम्मेलन केन्द्रीय समितिले राष्ट्रिय जनगणना, २०६८ को विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्री शक्तिबहादुर बस्नेतलाई एक ज्ञापनपत्र बुझाएको छ ।

सम्मेलनका अध्यक्ष निमबहादुर बुढाथोकीमगरको नेतृत्वमा गएको एक प्रतिनिधिमण्डलले जेष्ठ १८ गते मन्त्री बस्नेतलाई सो ज्ञापनपत्र बुझाएको थियो ।

# अखिल (छैठौं)को अभियान जारी

अखिल (छैठौं)द्वारा देशव्यापीरूपमा संचालन गरिएको विद्यार्थी जागरण अभियान अहिले पनि जारी रहेको छ । छैठौंले यहि ०६८ जेठ १ गते देखि "शैक्षिक निजीकरण र सामुदायिकरण खारेज गर ! संघीयता खारेज गर्दै निर्धारित समयमा अग्रगामी संविधान जारी गर !!" भन्ने मूल नाराका साथ अभियानको शुरूवात गरेको थियो । उक्त अभियान सुर्खेत, बाँके, धनकुटा, पाल्पा र कालीकोट जिल्लाहरूका विकट ग्रामीण वस्तीहरूसम्म उक्त अभियान अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन भएका थिए ।

# संघीयताका विरूद्ध सभाहरू सम्पन्न

राष्ट्रिय जनमोर्चाले २०६८ जेठ ४ मा संघीयताका विरूद्ध देशव्यापी सभाहरू सम्पन्न गरेको छ । काठमाडौंमा भएको सभालाई राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रत्रहादुर के.सी.ले सम्बोधन गर्नुभएको थियो । काठमाडौं बाहेक दाङ, कालिकोट, कैलाली, बाँके, नवलपरासी, सुनसरी, मोरङ, रूपन्देही, कञ्चनपुर र डोटी, डडेल्धुरा लगायतका जिल्लाहरूमा उक्त सभाहरू सम्पन्न भएका थिए ।

# राजमोको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न

राष्ट्रिय जनमोर्चाले यही वैशाख १३, १४ र १५ गते पोखरामा आफ्नो ऐतिहासिक दोस्रो राष्ट्रिय सम्मेलन भव्य रूपमा सम्पन्न गरेको छ । ६४ जिल्लाका प्रतिनिधि, पर्यवेक्षक तथा दर्शक गरी हजारौंको उपस्थितिमा दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन पार्टीका अध्यक्ष का. चित्रबहादुर के.सी.ले मसाल बालेर गर्नुभएको थियो । सम्मेलनका सहभागीहरूलाई पार्टीको तर्फबाट केन्द्रीय उपाध्यक्ष क. शंकर बरालले स्वागत गर्नुभएको थियो । शहीदहरूको सम्मानमा एक मिनेट मौनधारण गरी अगाडि बढेको सो समारोहको अध्यक्षता बरिष्ठ उपाध्यक्ष क. रश्मीराज नेपालीले गर्नुभयो भने संचालन केन्द्रीय उपाध्यक्ष मनोज भट्टले गर्नुभएको थियो । कार्यक्रमको दौरानमा रक्तिम सांस्कृतिक परिवारका कलाकारहरूले रोचक गीत तथा नृत्यहरू प्रस्तुत गरेका थिए ।

सम्मेलनको सफलताको शुभकामना दिनेहरूमा नेपाल कम्युनिष्ट पार्टी (मसाल)का प्रवक्ता - का. हरि आचार्य, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत)का केन्द्रीय सदस्य - का. प्रेम सुवेदी, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का वैकल्पिक पोलिटब्यूरो सदस्य - का. खगराज अधिकारी, नेपाल कम्युनिष्ट पार्टी (माले)का केन्द्रीय नेता - का. डम्बर श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)का नेता - का. ठाकुर शर्मा, नेपाली कांग्रेस, कास्कीका अध्यक्ष - श्री यज्ञबहादुर थापा हुनुहुन्थ्यो । संघीयता विरूद्धको राष्ट्रिय अभियान, केन्द्रीय सचिवालय सदस्य - श्री हिमलाल पराजुली, अखिल नेपाल

ट्रेड युनियन महासंघ (अन्टुक)का अध्यक्ष - नारायण सापकोटा, अखिल नेपाल किसान संघका अध्यक्ष - भरत भण्डारी, अखिल नेपाल युवक संघका अध्यक्ष - काँशीनाथ पोखरेल, अखिल नेपाल महिला संघकी अध्यक्ष तथा माननीय सभासद् - मीना पुन, अखिल नेपाल जनजाति सम्मेलनका अध्यक्ष -निमबहादुर बुढाथोकी, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (छैठौं)का अध्यक्ष - दुर्गा शर्मा, रक्तिम सांस्कृतिक अभियानका अध्यक्ष - जीवन शर्मा, अखिल नेपाल शिक्षक संघका अध्यक्ष - नरेन्द्र थापा, अखिल नेपाल बुद्धिजीवी संघका तर्फबाट - गोपाल गिरी, प्राध्यापक संघको तर्फबाट - मनबहादुर खत्री, प्रगतिशील पत्रकार संघ, नेपालका अध्यक्ष - शशिधर भण्डारी, नेल्कोनका तर्फबाट - अधिवक्ता श्री पदम रोका, तराई मधेश जनवादी मोर्चाका अध्यक्ष - बद्रे आलम, जातीय समता समाजका अध्यक्ष - राजेश वि.क., मूल प्रवाह अखिल भारत नेपाली एकता समाजका उपाध्यक्ष - के.वी. थापा, अन्तर्राष्ट्रिय नेपाली एकता समाजका सभापति - मित्रलाल शर्मा हुनुहुन्थ्यो ।

कार्यक्रममा राज्य तथा माओवादी पक्षको हमलाबाट शाहदत प्राप्त गरेका शहीद परिवारहरूबाट आमन्त्रित शहीदहरूका आमा, बुवा, पत्नी, छोरी, दाई, बैनीहरूलाई आसन ग्रहण गराइएको थियो । उहाँहरूको तर्फबाट पार्वती कार्की तथा ललिता चन्दले शुभकामना मन्तव्य दिनुभएको थियो । त्यसैगरी पार्टीमा लामो समयसम्म निरन्तर खटेर योगदान पुर्‍याउनुभएका बयोबृद्ध नेताहरूलाई पनि आसन ग्रहण गराइको थियो र उहाँहरूको तर्फबाट का. श्रीराम घिमिरेले शुभकामना दिनुभएको थियो ।

बैशाख १४ गते पोखरा सभागृहमा बन्द शेषन भएको थियो । क. रश्मीराज नेपाली, क. लालबहादुर जाग्री, क. जीवन राना, क. मोमिना खातुन र क. बालकृष्ण सुनारको पाँच सदस्यीय अध्यक्ष मण्डल तथा क. नन्दराज भट्टको संचालनमा शुरू भएको बन्द शेषनमा सर्वप्रथम पार्टी अध्यक्ष क. चित्रबहादुर के.सी.ले राजनैतिक प्रतिवेदन, क. रश्मीराज नेपालीले घोषणापत्र माथि संशोधन, क. सन्तबहादुर नेपालीले विधानमाथि संशोधन प्रस्तुत गर्नुभयो । प्रस्तुत दस्तावेजहरूमाथि सामान्य छलफल पछि ११ वटा ग्रुप विभाजन गरी दस्तावेजहरूलाई ग्रुप छलफलमा पठाइयो । तेस्रो दिन बैशाख १५ गते ग्रुपबाट आएका सुझावहरूलाई दस्तावेजहरूमा राख्ने गरी राजनैतिक प्रतिवेदन तथा घोषणा पत्र र विधान माथिको संशोधन प्रस्तावहरू पारित गरिए । बन्द शेषनमा ६४ जिल्लाबाट आएका ५३८ प्रतिनिधि तथा पर्यवेक्षक र २९ दर्शकको उपस्थिति रहेको थियो ।

सम्मेलनले क. चित्रबहादुर के.सी.को अध्यक्षतामा २७ पूर्ण तथा ४ वैकल्पिक गरी ३१ सदस्यीय केन्द्रीय समिति तथा ९ जना सल्लाहकारको चयन गर्‍यो, जसमा उपाध्यक्षहरूमा क्रमशः रश्मीराज नेपाली - दाङ, वीरबहादुर गोले - रौतहट, शंकर बराल - कास्की, जनकराज शर्मा - दैलेख, दुर्गा पौडेल - प्यूठान, महासचिव सन्तबहादुर नेपाली - अर्घाखाँची, कोषाध्यक्ष मनोज भट्ट - डोटी, सचिव कृष्ण अधिकारी - बाग्लुङ, सदस्यहरूमा बोमबहादुर खत्री - प्यूठान, नन्दराज भट्ट - कैलाली, चन्द्रबहादुर के.सी. - स्याङ्जा, डम्मर पुरी - चितवन, तुलसीराम सापकोटा - बाँके, रत्नविक्रम राना 'प्यासी' - सुर्खेत, सागर के.सी. - अर्घाखाँची, बद्रे आलम - रूपन्देही, लालबहादुर जाग्री - डडेलधुरा, कृष्णबहादुर खड्का - प्यूठान, सुरेन्द्र भण्डारी - मोरङ, रामप्रकाश पुरी - रूकुम, मोमिना खातुन - बाँके, सुमन थापा - बाँके, गौरीलाल कार्की - जुम्ला, राजेन्द्र ढुंगाना - बागलुङ, राजाराम चौधरी - कंचनपुर, दिपाराम महर्जन - ललितपुर र वैकल्पिक सदस्यहरूमा ओमबहादुर के.सी. - दाङ, झविलाल थापा - अर्घाखाँची, वेणिमाधव जोशी - डोटी तथा सोमकुमार कार्की - पाल्पा रहनुभएको छ । त्यसैगरी सल्लाहकार सदस्यहरूमा क्रमशः छविरमण शर्मा - नवलपरासी, अमर थापा - बाग्लुङ, कर्ण थापा - बारा, देवजंग शाही - कालिकोट, जितेन्द्र ठकुरी - रोल्पा, लखिन्द्र शाह - रौतहट, जयकृष्ण सन्ज्याल - कालिकोट, कृष्ण आचार्य - रूपन्देही र प्रकाश परियार - स्याङ्जा रहनुभएको छ । त्यसैगरी क. चित्रबहादुर के.सी.को अध्यक्षतामा सात सदस्यीय सचिवालय गठन गरिएको छ । जसमा अन्य सदस्यहरूमा बरिष्ठ उपाध्यक्ष क. रश्मीराज नेपाली, महसचिव क. सन्तबहादुर नेपाली, कोषाध्यक्ष क. मनोज भट्ट, सचिव क. कृष्ण अधिकारी तथा सदस्यहरू नन्दराज भट्ट र बद्रे आलम रहनुभएको छ ।

## उत्तर भारतमा क्षेत्रीय सम्मेलन सम्पन्न

मूल प्रवाह अखिल भारत नेपाली एकता समाज उत्तर भारत क्षेत्रीय समितिको चौथो क्षेत्रीय सम्मेलनको उद्घाटन कार्यक्रम २७ मार्चका दिन उत्तर प्रदेश राज्यको राजधानी लखनउ शहरमा सम्पन्न भयो । भोजराज उप्रेतीको अध्यक्षता र गोपालप्रसाद सुवेदीको सञ्चालन रहेको उक्त सम्मेलनको उद्घाटन महासचिव कृष्ण के.सी.ले गर्नु भएको थियो भने प्रमुख अतिथिको रूपमा राजमोका वरिष्ठ उपाध्यक्ष एवं सभासद् रश्मीराज नेपालीले सम्बोधन गर्नुभएको थियो । सम्मेलनले रूकबहादुर के.सी.को अध्यक्षतामा चारजना वैकल्पिक सहित १७ सदस्यीय क्षेत्रीय समिति र ९ जना सल्लाहकार समितिको चयन गरेको छ ।

## पूर्वोत्तर क्षेत्रीय सम्मेलन सम्पन्न

मूल प्रवाह अखिल भारत नेपाली एकता समाज पूर्वोत्तर क्षेत्रीय समितिको चौथों क्षेत्रीय सम्मेलनको उद्घाटन कार्यक्रम ३ अप्रेलका दिन सिलोङ्गमा सम्पन्न भएको छ । इन्द्र लिम्बुको अध्यक्षता र कृष्ण के.सी.को सञ्चालन रहेको सो सम्मेलनको उद्घाटन प्रमुख अतिथि मूल प्रवाहका केन्द्रीय अध्यक्ष दुर्गाबहादुर के.सी.ले गर्नुभएको थियो । सम्मेलनले अमित के.सी.को अध्यक्षतामा १५ पूर्ण १ रिक्त सहित ५ वैकल्पिक र ११ सल्लाहकार सहित ३१ सदस्यीय पूर्वोत्तर क्षेत्रीय समितिको गठन गरेको छ ।

## पूर्वी भारत क्षेत्रीय सम्मेलन सम्पन्न

मूल प्रवाह अखिल भारत नेपाली एकता समाज पूर्वी भारत क्षेत्रीय समितिको चौथो क्षेत्रीय सम्मेलनको उद्घाटन कार्यक्रम

९ अप्रेलका दिन उडिसा राज्यको प्रख्यात शहर भुवनेश्वरमा सम्पन्न भएको छ ।

हेमकुमार थापाको अध्यक्षता र गिरिराज परियारको सञ्चालन रहेको उक्त सम्मेलनको उद्घाटन प्रमुख अतिथि केन्द्रीय सचिव कपिल खनालले गर्नुभएको थियो । सम्मेलनले हेमकुमार थापाको अध्यक्षतामा १३ पूर्ण, ४ बैकल्पिक र ११ सल्लाहकार गरी २८ सदस्यीय पूर्वी भारत क्षेत्रीय समिति नवनिर्वाचित गरेको छ ।

## दक्षिण भारतमा क्षेत्रीय सम्मेलन सम्पन्न

मूल प्रवाह अखिल भारत नेपाली एकता समाज दक्षिण भारत क्षेत्रीय समितिको आठौं क्षेत्रीय सम्मेलनको उद्घाटन कार्यक्रम १५ अप्रेलका दिन दक्षिण भारतको ऐतिहासिक शहर चेन्नईमा सम्पन्न भयो । इन्द्रबहादुर खड्काको अध्यक्षता र युवराज ढकालको सञ्चालन रहेको सो सम्मेलनको उद्घाटन केन्द्रीय अध्यक्ष दुर्गाबहादुर के.सी.ले गर्नुभएको थियो भने प्रमुख अतिथिको रूपमा राजमोका केन्द्रीय सल्लाहकार कृष्णराज पौडेलले सम्बोधन गर्नुभएको थियो । सम्मेलनले देवबहादुर लामिछानेको अध्यक्षतामा २१ पूर्ण ७ वैकल्पिक र १५ जना सल्लाहकार गरी ४३ सदस्यीय दक्षिण भारत क्षेत्रीय समितिको निर्वाचन गरेको छ ।

## मध्य दक्षिण भारत सम्मेलन सम्पन्न

मूल प्रवाह अखिल भारत नेपाली एकता समाज मध्य दक्षिण भारत क्षेत्रीय समितिको चौथों सम्मेलनको उद्घाटन कार्यक्रम २२ अप्रेलका दिन हैदरावादमा सम्पन्न भएको छ । प्रेम के.सी.को अध्यक्षता र रामप्रसाद पौडेलको सञ्चालन रहेको उक्त सम्मेलनको उद्घाटन अध्यक्ष दुर्गाबहादुर के.सी.ले गर्नुभएको थियो भने प्रमुख अतिथिको रूपमा अखिल नेपाल युवाक संघका महासचिव राजेन्द्र ढुंगानाले सम्बोधन गर्नुभएको थियो । सम्मेलनले रामप्रसाद आचार्यको अध्यक्षतामा २१ पूर्ण ७ वैकल्पिक र १४ सल्लाहकार सहित ४२ सदस्यीय मध्य दक्षिण क्षेत्रीय समितिको निर्वाचन गरेको छ ।

## पश्चिम र मध्यपश्चिम भारत क्षेत्रीय सम्मेलन सम्पन्न

मूल प्रवाह अखिल भारत नेपाली एकता समाज पश्चिम भारत क्षेत्रीय समितिको क्षेत्रीय सम्मेलनको उद्घाटन कार्यक्रम १ मईका दिन मुम्बईस्थिति माटुंगाको कर्णाटका हलमा सम्पन्न भएको छ । इन्द्र भेटालको अध्यक्षता र ओवीराम जी.एम.को सञ्चालन रहेको सो सम्मेलनको उद्घाटन मूल प्रवाह अखिल भारत नेपाली एकता समाजका केन्द्रीय अध्यक्ष दुर्गाबहादुर के.सी.ले गर्नुभएको थियो भने प्रमुख अतिथि अखिल नेपाल युवक संघका महासचिव राजेन्द्र ढुंगाना हुनुहुन्थ्यो । उक्त सम्मेलन सम्पन्न भएपछि के.सी.ले पश्चिम भारत क्षेत्रीय समिति र मध्य पश्चिम भारत क्षेत्रीय समितिको नामावली घोषणा गर्नुभयो । जसमा गोविन्द थापाको अध्यक्षतामा दुई रिक्त सहित ११ पूर्ण ३ वैकल्पिक र १३ सल्लाहकार सहित २७ सदस्यीय पश्चिम भारत क्षेत्रीय समिति र इन्द्र भेटालको अध्यक्षतामा १३ पूर्ण ४ वैकल्पिक १६ सल्लाहकार सहित ३३ सदस्यीय मध्ये पश्चिम भारत क्षेत्रीय समितिको गठन भएको छ ।

## हिमाचल राज्य सम्मेलन सम्पन्न

मूल प्रवाह अखिल भारत नेपाली एकता समाज हिमाचल राज्य समितिको सम्मेलनको उद्घाटन कार्यक्रम १४ मईका दिन हिमाचल राज्यको सोलनमा सम्पन्न भयो । बी.बी. विष्टको अध्यक्षता र भूवन के.सी.को सञ्चालन रहेको उक्त सम्मेलनको उद्घाटन प्रमुख अतिथि ने.क.पा. (मसाल)का प्रवक्ता हरि आचार्यले गर्नुभएको थियो । सम्मेलनले बि.बी. विष्टको अध्यक्षतामा दुई रिक्त सहित १५ पूर्ण ५ वैकल्पिक र ३२ सल्लाहकार सहित ५२ सदस्यी राज्य समितिको गठन गरेको छ ।

## सुदुरपश्चिमोत्तर क्षेत्रीय सम्मेलन सम्पन्न

मूल प्रवाह अखिल भारत नेपाली एकता समाज सुदुर पश्चिमोत्तर क्षेत्रीय समितिको आठौं क्षेत्रीय सम्मेलनको उद्घाटन कार्यक्रम २१ मईका दिन राजस्थानको श्रीगंगानगर शहरमा सम्पन्न भयो । हिरासिंह चन्दको अध्यक्षता र कुलबहादुर बगालेको सञ्चालन रहेको उक्त सम्मेलनको उद्घाटन समाजका केन्द्रीय अध्यक्ष दुर्गा बहादुर के.सी.ले गर्नुभएको थियो भने प्रमुख अतिथि राजमो केन्द्रीय सचिवालय सदस्य नन्दराज भट्टले सम्बोधन गर्नुभएको थियो । सम्मेलनले हिरासिंह चन्दको अध्यक्षतामा २१ पूर्ण ७ वैकल्पिक र २७ सल्लाहकार सहित ५५ सदस्यीय क्षेत्रीय समितिको गठन गरेको छ ।

## पश्चिमोत्तर क्षेत्रीय सम्मेलन सम्पन्न

मूल प्रवाह अखिल भारत नेपाली एकता समाज पश्चिमोत्तर क्षेत्रीय समितिको आठौं क्षेत्रीय सम्मेलनको उद्घाटन कार्यक्रम २८ मईका दिन सम्पन्न भएको छ । बी.बी. कोपिलाको अध्यक्षता र ठाकुर खनालको सञ्चालन रहेको सो सम्मेलनको उद्घाटन प्रमुख अतिथि ने.क.पा. (मसाल) का प्रवक्ता का. हरि आचार्यले गर्नुभएको थियो । क्षेत्रहरूको भौगोलिक समस्यालाई मध्यनजर गर्दै पश्चिमोत्तर क्षेत्रीय समितिलाई विभाजन गरी बनाइएको मध्य पश्चिमोत्तर क्षेत्रीय समितिको पनि उक्त सम्मेलनमा घोषणा गरिएको थियो । सम्मेलनले ठाकुर खनालको अध्यक्षतामा १७ पूर्ण ५ वैकल्पिक र १२ सल्लाहकार सहित ३४ सदस्यीय पश्चिमोत्तर क्षेत्रीय समिति र मोहन गिरीको अध्यक्षतामा एक रिक्त सहित १३ पूर्ण, ४ वैकल्पिक र १० जना सल्लाहकार सहित २७ सदस्यीय मध्यपश्चिमोत्तर क्षेत्रीय समितिको गठन गरेको छ ।

## संघीयता विरूद्धमा खुल्ला अन्तर्क्रिया

संघीयताविरूद्ध राष्ट्रिय अभियान केन्द्रीय समितिले राजधानीमा संघीयताका विरूद्धमा खुल्ला अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । चैत्र ४ गते शान्तिबाटिका

रत्नपार्कमा आयोजित 'नेपाली जनता संघीयता चाहँदैनन्, किन ?' विषयक उक्त अन्तर्क्रियालाई अभियानका अध्यक्ष समेत रहनु भएका राजमो अध्यक्ष तथा सभासद् चित्रबहादुर के.सी.ले सम्बोधन गर्नुभएको थियो ।

उक्त अन्तर्क्रियालाई ने.क.पा( मसाल) का प्रवक्ता हरि आचार्यले सम्बोधन गर्नुभएको थियो भने संघीयताविरूद्ध राष्ट्रिय अभियान केन्द्रीय समितिका सचिवालय सदस्य तथा जलस्रोतविद् रत्नसंसार श्रेष्ठले मौखिक अवधारणा प्रस्तुत गर्नुभएको थियो । श्रेष्ठको अवधारणामाथि विद्यार्थी नेता विमल पोखरेल र पत्रकार नारायण शर्माले टिप्पणी गर्नुभएको थियो । टिप्पणीमा उठेका विभिन्न प्रश्नहरूको जवाफ अवधारणा प्रस्तोता जलस्रोतविद् रत्नसंसार श्रेष्ठले दिनुभएको थियो । संघीयताविरूद्ध राष्ट्रिय अभियानका केन्द्रीय सदस्य छत्रबहादुर कार्कीको अध्यक्षता र सचिवालय सदस्य मनोज भट्टको संचालनमा सम्पन्न सो कार्यक्रममा अभियानकी केन्द्रीय सदस्य तथा अनेमसंघकी अध्यक्ष सभासद् मीना पुनले सहभागिहरूलाई स्वागत गर्नुभएको थियो ।

# सहिद मित्रमणि आचार्यको शालिक अनावरण

सहिद मित्रमणि आचार्यले अध्ययन तथा सहादत प्राप्त गर्नुभएको रामपुर क्याम्पस चितवनमा उहाँको सालिक निर्माण गरिएको छ । ०६७ माघ १६ गते आइतबार एक समारोहका बीच राजमो अध्यक्ष तथा सभासद् चित्रबहादुर के.सी.ले रामपुर क्याम्पस चितवनको प्रांगणमा निर्मित सहिद आचार्यको अर्धकदको सालिकको अनावरण गर्नु भएको थियो ।

माघ १६ गते सम्पन्न उक्त समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि राजमो अध्यक्ष चित्रबहादुर के.सीले आफूहरू बरू मित्रमणि हुन तयार रहेको तर संघीयताका अगाडि नझुक्ने उद्घोष गर्नुभएको थियो । "हामी मित्रमणि हुन तयार छौं तर संघीयताको अगाडि घुँडा टेक्दैनौं ।" अध्यक्ष के.सी.ले भन्नुभयो । नेपालको वाम आन्दोलनमा सहिद मित्रमणिको अतुलनीय योगदान रहेको चर्चा गर्दै उहाँले मित्रमणिको जीवनीबाट सबैले पाठ सिक्नुपर्ने बताउनुभयो ।

समारोहलाई सम्बोधन गर्दै शहिद मित्रमणिका दाजु टोपराम आचार्यले सहिदको सम्मान देखेर खुशि व्यक्त गर्नुभयो । सहिद मित्रमणिले सहादत प्राप्त गर्दाको घटनाका प्रत्यक्षदर्शी तथा घाइते विजय भुजेलले समारोहलाई सम्बोधन गर्दा उपस्थित जनसमूह प्राय: सबैका आँखाहरू रसाएका थिए । उहाँले घटनाको सम्पूर्ण विवरण प्रस्तुत गर्नुभएको थियो । सो सालिक अनावरण समारोहलाई रक्तिम सांस्कृतिक अभियानका अध्यक्ष तथा जनगायक जीवन शर्मा, अखिल (छैठौं)का अध्यक्ष दुर्गा शर्मा, अखिल नेपाल युवक संघका महासचिव राजेन्द्र ढुंगाना, सालिक निर्माण सहयोग समितिका संयोजक तथा बामपन्थी नेता भैरव रेग्मी, रामपुर क्याम्पसका डिन सुन्दरमान श्रेष्ठ र राजमो चितवनका अध्यक्ष मोहनमणि ढकाल लगायतले पनि सम्बोधन गर्नुभएको थियो ।

# राष्ट्रिय जनमोर्चाको 'राष्ट्रिय जनअभियान'

राष्ट्रिय जनमोर्चाले "शान्ति, राष्ट्रियता र गणतन्त्रको पक्षमा तथा संघीयताका विरूद्धमा" २०६७ पौष १० गते देखि देशका विभिन्न ४ स्थानहरूबाट बेग्लाबेग्लै चार टोली बनाई एकैसाथ सो अभियानको उद्घाटन गरेको थियो । राष्ट्रिय जनअभियान पौष १० देखि माघ १० सम्म सञ्चालन भएको थियो ।

बाग्मती क्षेत्रमा संचालन गरिने 'राष्ट्रिय जनअभियान' ललितपुरको लगनखेलबाट शुरू गरिएको थियो । शनिबार राजमो ललितपुरको आयोजनामा लगनखेलमा 'राष्ट्रिय जनअभियान'को उद्घाटन राजमो महासचिव तथा सभासद् सन्तबहादुर नेपालीले गर्नुभएको थियो ।

यसैगरी कञ्चनपुरको महेन्द्रनगरमा टोली नं. १ को राष्ट्रिय जनअभियानको उद्घाटन राजमोका केन्द्रीय सदस्य चन्द्रबहादुर के.सी.ले गर्नुभएको थियो ।

टोली नं. २ को कार्यक्रम कपिलवस्तुबाट शुरू गरिएको थियो । राजमोका केन्द्रीय उपाध्यक्ष तथा सभासद् रश्मिराज नेपालीले शनिबार कपिलवस्तुको ४ नम्बर, जितपुरमा अभियानको उद्घाटन गर्नुभएको थियो ।

यसैगरी ४ नं. टोलीले शनिबार नै विराटनगरको जनआन्दोलनचोकमा राजमोका उपाध्यक्ष वीरबहादुर गोलेले मसाल बालेर अभियानको उद्घाटन गर्नुभएको थियो । राष्ट्रिय जनअभियान देशका ४७ वटा जिल्लामा पुगेको थियो । सो अवधिमा अन्तरक्रिया, जनभेटघाट र सभा सहित सांस्कृतिक कार्यक्रमहरू सम्पन्न भएका थिए । राजमोद्वारा सञ्चालित राष्ट्रिय जनअभियानबाट अत्तालिएर मधेशवादी, माओवादी, जातिवादी तथा साम्प्रदायिक शक्तिहरूले विशेषत: पूर्वी पहाड र तराईका विभिन्न स्थानहरूमा राष्ट्रिय जनअभियान माथि आक्रमण गरेर कैयौं नेता तथा कार्यकर्तालाई कुटपिट गर्ने, अपहरण गर्ने, धम्काउने, प्रचार सामाग्री कब्जामा लिई नष्ट गर्ने जस्ता कामहरू गरेका थिए । ती सबै प्रकारका आक्रमणहरूको सामना गर्दै जनअभियान भव्यरूपमा सफल भएको थियो । पौष १० गते देखि सुरू भएको राष्ट्रिय जनअभियान माघ १० गते विभिन्न स्थानहरूमा पुगेर समापन भएको थियो ।

# अखिल (छैठौं)को राष्ट्रिय परिषद् बैठक सम्पन्न

धनगढी । अनेरास्ववियु (छैठौं)को राष्ट्रिय परिषद्को बैठक ०६७ पुस १ गतेदेखि ४ गतेसम्म कैलालीको धनगढीमा सम्पन्न भएको थियो । परिषद् बैठकको उद्घाटन युनियनका अध्यक्ष दुर्गा शर्माले गर्नुभयो । प्रमुख अतिथि राजमोका उपाध्यक्ष मनोज भट्ट, अथितिहरू सचिव कृष्ण अधिकारी, केन्द्रीय सचिवालय सदस्य नन्दराज भट्ट, नेकपा (मसाल)का सेती महाकाली प्रवक्ता रामचन्द्र भट्ट, अखिल नेपाल बुद्धिजीवी संघका केन्द्रीय सदस्य दुर्गानाथ खरेल, अखिल नेपाल जनजाति सम्मेलनका

महासचिव रामबहादुर बुढा, राजमो कैलालीका अध्यक्ष तिलक परियार, अखिल नेपाल किसान संघका पूर्वमहासचिव हरिकृष्ण पाण्डे, अखिल नेपाल महिला संघकी चन्द्रबदन श्रेष्ठ, अखिल नेपाल शिक्षक संघका खेमराज बडुलगायतले शुभकामना मन्तव्य दिनुभएको थियो । उपाध्यक्ष लक्षीराम आचार्यको अध्यक्षता र महासचिव डेमलाल घिमिरेको सञ्चालन, केन्द्रीय सदस्य दयाराम सञ्ज्यालको स्वागतमा उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो । उद्घाटनपछि दर्शन, समसामयिक राजनीति, अखिल (छैठौं) र नेकपा (मसाल)को संक्षिप्त इतिहास, शैक्षिक अवस्था, संघीयता, संगठन निर्माण लगायतका विषयहरूमा दुईदिन प्रशिक्षण सञ्चालन गरिएको थियो ।

परिषद् बैठकले नयाँ संविधान निर्माण र संघीयताको खारेजीको लागि व्यापक जनदबाब सिर्जना गर्न, देशव्यापी संगठन परिचालन गर्ने ठेगान गरेको थियो । पौष ४-१५ सम्म डोटी, डडेलधुरा, कैलाली र कञ्चनपुरमा फिल्डवर्क गर्ने निर्णय गरेको थियो । जसअनुसार त्यस क्षेत्रको कञ्चनपुर, कैलाली र डोटीमा विभिन्न नेता कार्यकर्ता सम्मिलित टोलीले १५ दिने फिल्डवर्क गरेका थिए ।

## रक्तिमको दोस्रो राष्ट्रिय भेला सम्पन्न

रक्तिम सांस्कृतिक अभियानको दोस्रो राष्ट्रिय भेला ०६७ मंसिर २९ र पौष १ गतेसम्म बुटवलमा सम्पन्न भएको छ । उक्त भेलाले जीवन शर्माको अध्यक्षतामा १७ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ । समितिका अन्य पदाधिकारी र सदस्यहरूमा रेम राना महासचिव, दलबहादुर वि.क. उपाध्यक्ष, नारायण शर्मा कोषाध्यक्ष र मानबहादुर भण्डारी सचिव रहनुभएको सो समितिका अन्य सदस्यहरूमा निलिमा पुन, तेजेन्द्र थापा, जीवन शाही, जीवन पुन, भरत श्रेष्ठ, दानबहादुर थापा र सुरज सुनार रहनुभएको छ । समितिका बैकल्पिक सदस्यहरूमा धनबहादुर थापा र मोहन गोले रहनुभएको छ भने बैकल्पिक सदस्यहरूको दुई स्थान रिक्त राखिएको छ । समितिका सल्लाहकारहरूमा नारायण योगी, दलबहादुर भण्डारी, लक्ष्मी गुरुङ, सचित्र के.सी., नेत्र राना र दिलमाया पुन रहनुभएको छ ।

## अन्टुकको बैठक सम्पन्न

०६७ पौष ३ र ४ गते अन्टुक केन्द्रीय समितिको नवौं बैठक नवलपरासीको अमरापुरीमा सम्पन्न भएको थियो । बैठकले महासंघका जिल्ला समितिका बैठक, भेला, प्रशिक्षण तथा प्रचारात्मक कार्य लगायतका कार्यक्रम सहित ३ महिने संगठनात्मक कार्यक्रम तय गरेको छ ।

## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइयो

अ.ने.म.संघले कतै संयुक्त रूपमा त कतै एकलरूपमै विविध कार्यक्रम गरी ८ मार्चका दिन मंगलबार देशव्यापी रूपमा 'अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस' मनाएको छ ।

काठमाडौंमा अखिल नेपाल महिला संघ सहितका विभिन्न ६ वटा वामपन्थी महिला संगठनहरूले एक अन्तर्क्रिया कार्यक्रम गरी श्रमिक महिला दिवस मनाएका थिए । "८ मार्च र श्रमिक महिलाहरूको मुक्तिको प्रश्न" विषयक सो अन्तर्क्रिया कार्यक्रम राष्ट्रिय महिला आयोगको सभाहल भद्रकालीमा सम्पन्न भएको थियो । सो अन्तर्क्रियामा मन्तव्य राख्दै राष्ट्रिय जनमोर्चाकी केन्द्रीय सदस्य दुर्गा पौडेल लगायत विभिन्न पार्टीका नेताहरूले आफ्नो मन्तव्य राख्नुभएको थियो । काठमाडौं लगायत देशका विभिन्न जिल्लाहरूमा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइएको थियो

## दुर्गाप्रसाद योगीको निधन

राष्ट्रिय जनमोर्चा रूपन्देही सल्लाहकार दुर्गाप्रसाद योगीको ०६७ फागुन १९ गते बिहीबार निधन भएको छ । क्यान्सरबाट पीडित ७१ वर्षीय योगीको उपचारको क्रममा लुम्बिनी अञ्चल अस्पताल बुटवलमा निधन भएको हो ।

२०१८ सालमा प्युठानको क्वाडीबाट बसाई सरी रूपन्देहीको पर्रोहवा ४ झारगैरामा बस्दै आउनुभएका योगी नेकपा (मसाल) रूपन्देही जिल्ला समिति सदस्य समेत हुनुहुन्थ्यो ।

दिवंगत योगीको शुक्रबार सामाजिक परम्परा अनुसार कपिलवस्तुको लक्ष्मणघाटमा दाहासंस्कार गरिएको थियो । दाहासंस्कार गर्नु अघि नेकपा (मसाल)का प्रवक्ता हरि आचार्यले कम्युनिष्ट पार्टीको झण्डा ओढाएर श्रद्धाञ्जली अपर्ण गर्नुभएको थियो ।

श्रद्धाञ्जली कार्यक्रममा राजमो रूपन्देही अध्यक्ष बद्रे आलम, वाम बुद्धिजीवि डिल्लीराज ज्ञवाली, एकीकृत नेकपा माओवादीका केन्द्रीय सल्लाहकार विनोद उपाध्याय, नेकपा एमालेका हेमराज अर्याल, नेकपा (एकीकृत)का लक्ष्मीकान्त पौडेललगायतले मन्तव्य दिनु भएको थियो ।

तारा योगीको अध्यक्षता र गणेश गौतमको सञ्चालनमा सम्पन्न उक्त कार्यक्रममा नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंह,राजमोका अध्यक्ष चित्रबहादुर के.सी. र नेकपा (मसाल) रूपन्देहीद्वारा पठाइएको श्रद्धाञ्जली सन्देशपत्र वाचन गरिएको थियो । सामन्तका विरूद्ध प्यूठानमा २०११मा सञ्चालित किसान आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्नुभएका स्व. योगी २०२३ सालमा नेकपाको सदस्य बनी २०२८ देखि २०३० सम्म र २०३८ सालमा कम्युनिष्ट भएकै कारण भैरहवामा जेल जीवन बिताउनुभएको थियो ।

## ढुंगानाप्रति श्रद्धाञ्जली

काठमाडौं । मकवानपुर जिल्ला हेटौंडा नगरपालिका २ निवासी बयोवृद्ध नेता गोविन्द्रप्रसाद ढुंगानाको ०६७ पौष २१ गतेका दिन निधन भएको छ । उहाँ ने.क.पा. (मसाल) मकवानपुर जिल्ला समितिका सल्लाहकार हुनुहुन्थ्यो । उहाँको मृत्युले ने.क.पा.(मसाल) स्तब्ध भएको जनाउँदै पार्टी केन्द्रीय कार्यालयको तर्फबाट

बाँकी २० पेजमा

# नेपाल कम्युनिष्ट पार्टी (मसाल)का महामन्त्री
# का. मोहनविक्रम सिंहद्वारा जारी

## वक्तव्यहरू

### २०६७/१०/१८
### शान्ति प्रक्रिया र अनमीनको बहिर्गमन बारे जारी वक्तव्य

ने.क.पा. (मसाल) को पी.वी.को बैठक हालै सम्पन्न भयो । त्यो बैठकले देशको तात्कालिक राजनीतिक परिस्थिति, मुख्य रूपले सरकारको निर्माणमा उत्पन्न गत्यावरोध, संविधानको निर्माणमा देखापरेको अनिश्चयता, जनजीविकासित जोडिएका कतिपय समस्याहरू तथा पार्टीका कतिपय संगठनात्मक समस्याहरूबारे गम्भीरतापूर्वक विचार गर्दै महत्वपूर्ण निर्णयहरू गरेको छ ।

बैठकले बारम्बारको सहमतिको प्रयत्न असफल भएपछि अब पुन: बहुमतीय प्रक्रियाद्वारा प्रधानमन्त्रीको चुनाव हुने परिस्थितिको निर्माण भएको अवस्था माथि गम्भीरतापूर्वक विचार गर्‍यो । त्यसबाट पुन: पहिलेको बहुमतद्वारा निर्वाचित माधव नेपालको सरकारलाई असंवैधानिक घोषित गर्ने माओवादी नीति, तुरून्त सहमतिको सरकार बन्दछ भनेर त्यसलाई राजिनामा गर्न वाध्य गर्ने, प्रधानमन्त्रीको चुनावमा बहुमतीय प्रणालीको विरोध गर्ने वा त्यसलाई असफल पार्ने एमाले नेतृत्वका नीतिहरू गलत भएको कुरा सिद्ध भएको छ । उनीहरूका त्यस प्रकारका गलत नीतिहरूका कारणले नै देश लामो समयसम्म काम चलाउ सरकारको मातहतमा बस्नु पर्ने स्थिति उत्पन्न भयो र संविधानको निर्माणका लागि तोकिएको एक वर्षको अवधिको एउटा ठूलो भाग व्यर्थमा गयो ।

हाम्रो पार्टीले प्रारम्भ देखि नै सहमतिका आधारमा सरकारका लागि प्रयत्न गर्दै त्यो प्रयत्न सफल नभएमा बहुमतीय प्रक्रियाद्वारा सरकारको गठन गर्नुपर्ने आवश्यकतामा जोड दिंदै आएको थियो । अहिले बहुमतीय प्रणालीलाई नीतिगत रूपमा नै निषेध गर्ने राजनीतिक शक्तिहरू पनि बहुमतीय प्रणालीका पक्षमा आउनु पर्ने स्थिति उत्पन्न भएको कुराबाट हाम्रो नीति सही भएको सिद्ध भएको छ ।

हाम्रो पार्टीले प्रारम्भ देखि नै यो कुरामा जोड दिंदै आएको थियो र अहिले पनि यो कुरामा जोड दिन्छ कि प्रधानमन्त्रीको चुनाव हुँदा सामान्यत: ०६२-६३ को आन्दोलनका पक्षधर शक्तिहरूका बीचबाट नै प्रधानमन्त्री हुनुपर्दछ । तैपनि उनीहरू मध्ये कसलाई समर्थन गर्ने वा नगर्ने ? त्यो कुरा सम्बन्धित सबै पक्षहरूको मूल्यांकन गरेर नै हाम्रो पार्टीले आफ्नो मत निश्चित गर्दै आएको छ र अहिले पनि त्यही प्रकारको नीति अपनाउने छ ।

संविधानको निर्माणका लागि थपिएको एक वर्षको अवधिको करिब तीन चौथाई समय सरकारको निर्माणको विवादमा नै बित्यो । अब बाँकी रहेको केही महिनामा पनि सरकारको निर्माण सम्बन्धी विवादमा नै खर्च भएमा तोकिएको अवधिभित्र संविधान बन्न सक्ने छैन । त्यो अवस्थामा देशमा प्रतिगमनलाई बल पुग्ने, गणतन्त्रलाई सुदृढ गर्ने काममा बाधा पुग्ने, अराजकताको स्थिति पैदा हुने समेत सम्भावनाहरू रहनेछन् । त्यसैले हाम्रो पार्टीले जुनसुकै पक्षको नेतृत्वमा सरकार बनेपनि सत्तारूढ वा प्रतिपक्षमा भएका ०६२-६३ को आन्दोलनका पक्षधर राजनीतिक शक्तिहरूको सहमतिमा तोकिएको समयभित्र संविधानको निर्माण गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ ।

अनमिनको वहिर्गमनलाई हाम्रो पार्टीले स्वागत गर्दछ । हाम्रो पार्टीले शान्ति र संविधानको निर्माणका लागि अनमिनको भूमिका प्रति प्रारम्भ देखि नै विरोध गर्दै आएको थियो । आखिर त्यसको पहलमा देशमा न शान्ति प्रक्रिया सफल भयो, न संविधानको निर्माण भयो र खालि लामो समय र ठूलो राष्ट्रिय सम्पत्ति नै त्यसका लागि दुरूपयोग भयो । त्यसबाट सधैं झैं यस सन्दर्भमा पनि हाम्रो पार्टीको नीति सही र दुरदर्शितापूर्ण भएको कुरा प्रष्ट भयो ।

माओवादी लडाकूहरूलाई विशेष समितिका मातहतमा लैजाने निर्णयको हाम्रो पार्टीले सकारात्मक रूपमा लिन्छ । वैचारिक वा मार्क्सवादी-लेनिनवादी सिद्धान्त अनुसार त्यो निर्णय कहाँसम्म सही छ ? आवश्यकतानुसार त्यसबारे आफ्नो मत प्रकट गर्ने अधिकारलाई सुरक्षित राख्दै अहिलेको कदमबाट शान्ति प्रक्रियाको सफलता, सरकारको गठन, संविधानको निर्माण वा गणतन्त्रलाई संस्थागत गर्ने कार्यमा सहयोग पुग्यो भने त्यो स्वागतयोग्य कुरा हुनेछ भन्ने हाम्रो मत छ । तर त्यस सन्दर्भमा हाम्रो यो पनि मत छ कि माओवादी लडाकूहरूलाई कम भन्दा कम संख्यामा पनि समूहगत रूपमा नेपाली सेनामा सामेल गर्ने कार्य घातक हुनेछ र त्यस प्रकारका कुनै पनि कार्यको हाम्रो पार्टीले दृढतापूर्वक विरोध गर्दछ । त्यो अवस्थामा विशेष समितिको भूमिका उनीहरूको (माओवादी लडाकूहरूको) पुनर्स्थापना वा व्यवस्थापनमा सहयोग गर्ने कार्यसम्म नै सीमित हुनुपर्दछ भन्ने हाम्रो दृढ मत छ ।

माओवादी लडाकूहरूलाई विशेष समितिमा लैजान सहमति पछि पनि माओवादीहरूले शान्ति प्रक्रियाको प्रश्नलाई आफ्नो नेतृत्वको सरकारको प्रश्नसित जोडेर प्रस्तुत गर्ने गरेकाले त्यो विषयमा सहमति भएपनि उनीहरूले इमान्दारितापूर्वक शान्ति प्रक्रियालाई सफल पार्न योगदान दिने छन् भन्ने कुरामा विश्वास गर्न मुश्किल पर्दछ । उनीहरूको अहिलेसम्मको समग्र कार्यप्रणाली माथि विचार गर्दा उनीहरूको नेतृत्वमा सरकार नबनेमा उनीहरूले

शान्ति प्रक्रियाको सफलतामा बाधा हाल्ने र उनीहरूको नेतृत्वमा सरकार बनेमा अधिनायकवादी शासन कायम हुने दुवै खतरा प्रति हाम्रो पार्टीले जनताको ध्यान आकर्षित गर्न चाहन्छ । खालि जनतामा उच्च प्रकारको सतर्कता र सशक्त जनदवावद्वारा मात्र उनीहरूबाट सम्भावित त्यस प्रकारको खतरालाई रोक्दै शान्ति प्रक्रिया, संविधानको निर्माण र गणतन्त्रलाई सुदृढ गर्ने कार्यहरूलाई सफल पार्न सकिने छ ।

देशमा अनियन्त्रित रूपले बढिरहेको महंगी, लोडसेडिङ्ग तथा दण्डहीनता र असुरक्षाको अवस्थाबाट जनजीवन अत्यन्त कष्टप्रद बनेर गएको छ । हाम्रो पार्टीले ती सबै कुराहरूको विरोध गर्दै तिनीहरूमाथि नियन्त्रण गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ ।

## २०६७/१०/२१

## झलनाथ खनाल प्रधानमन्त्री निर्वाचित भएको बारे जारी वक्तव्य

प्रधानमन्त्रीमा झलनाथ खनालको चुनावलाई ने.क.पा. (मसाल)ले स्वागत गर्दछ । तर त्यो स्वागत उनी प्रधानमन्त्री चुनिएकोमा होइन, प्रधानमन्त्रीको चुनाव भएर सरकारविहीनताको अवस्थाको अन्त भएकोमा नै हो ।

माधव नेपालले राजिनामा दिएपछि लामो समयदेखि देश सरकारविहीन आवस्थामा थियो । प्रधानमन्त्रीको चुनावका लागि बारम्बार भएका प्रयत्नहरू परिणामविहीन भएका थिए । त्यसले गर्दा संविधानको निर्माणका लागि तोकिएको एकवर्षको अवधिको ठूलो भाग सरकारको गठन सम्बन्धी विवादमा नै व्यर्थ गएको थियो । अहिले प्रधानमन्त्रीको चुनावले त्यस प्रकारको स्थितिको अन्त गरेको छ र त्यस अर्थमा नै हामीले खनाल प्रधानमन्त्रीमा चुनिएको कुरालाई स्वागत गरेका छौं ।

प्रधानमन्त्रीको चुनावमा हाम्रो पार्टीले खनाललाई समर्थन गर्ने निर्णय गर्‍यो । तर त्यो गम्भीर प्रकारको आलोचना सहितको समर्थन हो । प्रथम, उनले सहमति वा दुईतिहाई बहुमतको सरकारको नाममा लामो समयसम्म संवैधानिक र प्रजातान्त्रिक तरिकाद्वारा भएको प्रधानमन्त्रीको चुनाव प्रक्रियामा बाधा पुर्‍याउने काम गरेका थिए । द्वितीय, बहुमतीय आधारमा चुनिएको माधव नेपालको सरकारलाई तुरून्त नै सहमतिको सरकार बन्ने कुरा गरेर राजिनामा दिन लगाएका थिए । प्रथम ता उनले भनेजस्तो सहमतिको सरकार बन्न सकेन र देशमा लामो समयसम्म कामचलाउ सरकार रहिरह्यो । त्यसका साथै स्वयंले बहुमतीय प्रणालीको विरोध गरेर पछि त्यही प्रणालीका आधारमा प्रधानमन्त्रीको उम्मेदवार बनेर तल्लोस्तरको राजनीतिक दिवालियापन, गैर-जिम्मेवारीपन, राजनीतिक अस्थिरता, अपरिपक्वता र पदलोलुपताको पनि परिचय दिएका छन् ।

यस सन्दर्भमा हामीले यो पनि स्पष्ट गर्न चाहन्छौं कि हाम्रो पार्टीले उनलाई प्रधानमन्त्री पदका लागि उपयुक्त ठानेर होइन, देशमा अनिश्चितकालसम्म सरकारविहीनताको अवस्था रहन नदिन, प्रधानमन्त्रीको चुनावलाई पहिले जस्तै अनिश्चित र परिणामविहीन हुन नदिनका लागि तथा राजनीतिक दृष्टिले सबै उम्मेदवारहरू मध्ये उनी कम खराब (भिकक भ्खषे) भएकाले नै उनलाई समर्थन दिएको हो ।

अहिले प्रधानमन्त्रीको चुनावका सन्दर्भमा प्रधानमन्त्रीका उम्मेदवार प्रचण्डले आफ्नो उम्मेदवारी फिर्ता लिएको कार्यलाई हाम्रो पार्टीले स्वागत गर्दछ । उनले आफ्नो उम्मेदवारी फिर्ता लिएकोले पहिलेको जस्तो प्रधानमन्त्रीको चुनावमा अनिश्चयताको लामो सिलसिलाको पुनरावृत्ति भएन र पहिलो दिनमा नै प्रधानमन्त्रीको चुनाव हुन सक्यो । त्यसको श्रेय प्रचण्डलाई नै जान्छ । त्यसकालागि हाम्रो पार्टीले प्रचण्डले उठाएको बुद्धिमतापूर्ण कदमका लागि उनलाई धन्यवाद दिन चाहन्छ ।

हाम्रो पार्टीले सुरूदेखि नै यो जोड दिंदै आएको छ कि प्रधानमन्त्रीको चुनावमा कुनै उम्मेदवार विजयी वा पराजित भएपनि, कुनै राजनीतिक शक्ति सत्तामा वा प्रतिपक्षमा भएपनि आपसमा सहमति कायम गरेर संविधानको निर्माणमा सहयोग गर्नुपर्दछ । त्यो कुरामा हाम्रो पार्टी अहिले पनि जोड दिन्छ र सत्ता वा प्रतिपक्षमा भएका सबै राजनीतिक शक्तिहरूसित आफ्ना मतभेदहरूलाई वैचारिक वा राजनीतिक प्रकारले चलाउँदै संविधान निर्माणको कार्यमा सहयोग गर्न अपील गर्दछ ।

हाम्रो पार्टीले शुरू देखि यो कुरामा जोड दिंदै आएको छ कि संविधानको निर्माण आज देशको मुख्य राष्ट्रिय आवश्यकता भएको छ । त्यसकारण नयाँ सरकारले उक्त कार्यलाई गम्भीरतापूर्वक लिने छ र तोकिएको अवधिभित्र संविधान निर्माणको कार्यलाई पूरा गर्न ठोस भूमिका खेल्ने छ भन्ने हामीले आशा गर्दछौं । त्यसले गणतन्त्रलाई संस्थागत र सुदृढ गर्न आधार तयार पार्नेछ । हाम्रो पार्टीले पनि प्रधानमन्त्री झलनाथ खनाल वा उनको सरकारले शान्ति प्रक्रियाको सफलता, संविधानको निर्माण वा गणतन्त्रलाई संस्थागत गर्न अपनाउने सबै सकारात्मक नीतिहरूलाई समर्थन गर्नेछ ।

शान्ति प्रक्रिया आज देशको गम्भीर समस्या भएको छ । त्यो समस्या खास गरेर माओवादी लडाकूहरूसित जोडिएको छ । उनीहरूलाई विशेष समितिका मातहतमा लैजाने निर्णय भए पनि उनीहरूलाई समूहगतरूपमा नेपाली सेनामा सामेल गर्ने कार्य अत्यन्त घातक र अदुरदर्शितापूर्ण हुनेछ । त्यस प्रकारको कुनै कदमको हाम्रो पार्टीले पहिले झैं अहिले पनि दृढतापूर्वक विरोध गर्दछ । संविधानको निर्माणमा सहयोग गर्ने हाम्रो नीति भएपनि संघीयता, जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रवाद आदिबारे हाम्रो विरोध कायम रहिरहने छ । देशको राष्ट्रियता, सार्वभौमिकता, अखण्डता र विदेशी हस्तक्षेप सम्बन्धी कुनै सम्झौतापरस्त नीति वा जनहित र प्रजातान्त्रिक प्रणालीका विरूद्धका सरकारका कुनै पनि कारवाहीका विरूद्ध हाम्रो विरोध कायम रहिरहने छ । अहिले भारतीय विस्तारवादले सुपुर्दगी सन्धिमा लगातार जोड दिइरहेको सन्दर्भमा त्यसलाई दृढतापूर्वक अस्वीकार गर्नका लागि पनि हाम्रो पार्टीले जोड दिन्छ ।

अहिले प्रधानमन्त्रीको चुनाव भएर नयाँ सरकरको गठन भएपनि त्यसपछि शान्ति प्रक्रिया, संविधान निर्माणको प्रक्रिया सुचारू रूपले अगाडि बढ्ने छ भन्ने विश्वास गर्न मुश्किल

पर्दछ । पहिले विभिन्न राजनीतिक शक्तिहरूले सत्ता सम्बन्धी विवाद वा अन्य संकीर्ण स्वार्थहरूका कारणले देशका अगाडिका जिम्मेवारीहरू प्रति उपेक्षाको नीति अपनाउने वा बाधा समेत हाल्ने गरेको पृष्ठभूमिमा अहिले पनि त्यस प्रकारका कारणहरूको परिणामस्वरूप पुन: शान्ति प्रक्रिया र संविधानको निर्माणका कार्यहरू पूरा हुन नसक्ने, जेष्ठ १४ गतेसम्म संविधानको निर्माण नहुने, गणतन्त्रको सुदृढीकरणमा बाधा पुग्ने सम्भावनालाई अस्वीकार गर्न सकिन्न । अहिले प्रधानमन्त्रीमा चुनिएका खनालले आफू प्रधानमन्त्रीमा चुनिने उद्देश्य पूरा गर्नका लागि यसभन्दा अगाडि संवैधानिक वा प्रजातान्त्रिक प्रक्रियाले हुन थालेको प्रधानमन्त्रीको चुनावमा गैर-जिम्मेवार प्रकारले बाधा पुऱ्याएको, तुरून्तै सहमतिको सरकार बन्ने कुरा गरेर बहुमतीय आधारमा प्रधानमन्त्रीमा चुनिएका आफ्नै संगठनका प्रधानमन्त्रीलाई राजिनामा दिन लगाएको र बहुमतीय आधारमा प्रधानमन्त्रीको निर्वाचनको नीतिगत रूपमा नै विरोध गरेर पुन: त्यही प्रणालीका आधारमा प्रधानमन्त्री चुनिन तयार भएको, त्यसरी गम्भीर प्रकारको गैर-जिम्मेवारीपनको समेत प्रदर्शन गरेका तथ्यहरूमाथि ध्यान दिंदा उनले लोकतान्त्रिक मूल्य, मान्यताको रक्षा गर्दै उनको नेतृत्वमा बन्ने सरकारले तात्कालिक राष्ट्रिय जिम्मेवारीहरू पूरा गर्न काम गर्नेछ भनेर विश्वास गर्न मुश्किल पर्दछ । त्यसैले उक्त सबै प्रश्नहरूप्रति उच्च प्रकारको सतर्कता अपनाउनुपर्ने तथा जनदवावको सृजना गर्नुपर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ ।

## २०६७/१०/२४

## प्रचण्ड र झलनाथ खनाल बीच भएको सात बुँदे सहमति बारे जारी वक्तव्य

यही माघ २० गते प्रधानमन्त्रीका दुई उम्मेदवारहरू माओवादी अध्यक्ष प्रचण्ड र एमाले अध्यक्ष झलनाथका बीचमा प्रधानमन्त्रीको चुनावभन्दा पहिले भएको ७ बुँदे सहमति सञ्चार माध्यमहरूले बाहिर ल्याएका छन् । त्यसप्रति ने.क.पा.(मसाल)को ध्यान आकर्षित भएको छ ।

प्रथमत:, त्यो सहमतिको आधिकारिकता बारे सार्वजनिक रूपमा अझै स्पष्ट गरिएको छैन । तैपनि मन्त्रीमण्डलको गठनको सन्दर्भमा गृहमन्त्रालय बारे माओवादीले एमालेले सहमतिको उल्लंघन गरेको आरोप लगाएर प्रधानमन्त्री बाहेक अन्य मन्त्रीहरूको शपथ हुन नसकेको कुराबाट समेत त्यो सम्झौता सत्य भएको संकेत मिल्दछ ।

त्यो सहमतिबाट सर्वप्रथम त प्रचण्डले संविधानसभामा उनले प्रधानमन्त्रीको पद छाडेर त्यागको किर्तिमान कायम गरेको भनेर जुन वक्तव्य दिएका थिए, त्यो कृत्रिम अभिनय मात्र भएको कुरा प्रष्ट हुन्छ । उनले कुनै त्याग गरेर होइन, आलोपालो गरेर प्रधानमन्त्री हुने सौदा गरेर अर्थात्, खनालपछि उनी प्रधानमन्त्री हुने सम्झौता गरेर नै उनले प्रधानमन्त्रीको उम्मेदवारी फिर्ता लिएका थिए । त्यसरी उनले संविधानसभामा त्यागको किर्तिमानको जुन लामो वक्तव्य दिएका थिए, त्यो असत्य भएको कुरामा कुनै शंका रहन्न । त्यसले उनको अत्यन्त निम्नस्तरको नैतिक स्तरलाई पनि बताउँछ । तैपनि जुनसुकै कारणले भएपनि उनले प्रधानमन्त्री पदको उम्मेदवारी फिर्ता लिएर प्रधानमन्त्रीको चुनावमा निकास दिएको कार्यलाई सकारात्मक भनेका छौं र अहिले पनि हाम्रो त्यो मत कायम छ ।

त्यो सम्झौतामा उल्लेख गरिएको "माओवादी लडाकूहरूको छुट्टै वा अन्य सुरक्षा निकायमा संलग्नतामा छुट्टै फोर्स निर्माण गर्ने सहमति" सबैभन्दा गम्भीर र आपत्तिजनक कुरा हो । त्यो माओवादीहरूले लामो समयदेखि जोड दिंदै आएको एजेण्डा हो । त्यो एजेण्डालाई स्वीकार गरेर खनालले अत्यन्त गैर-जिम्मेवार कार्य गरेका छन् । हाम्रो पार्टीले प्रारम्भ देखि नै माओवादी लडाकूहरूलाई समूहगत रूपमा नेपाली सेनामा सामेल गर्ने कार्यको अत्यन्त घातक ठहराएर विरोध गर्दै आएको छ । उनीहरूका लडाकूहरूलाई बेग्लै छुट्टै बलका रूपमा खडा गर्ने कार्यबाट शान्ति प्रक्रियामा कुनै मद्दत नपुग्ने मात्र होइन, देशमा माओवादीहरूको अधिनायकवादी शासन कायम हुने सम्भावना समेत रहने छ । यो पनि कम गम्भीर कुरा होइन कि प्रधानमन्त्रीका लागि माओवादीहरूको समर्थन पाउन खनालले उनीहरूको (माओवादीहरूको) त्यो शर्तलाई स्वीकार गरेका छन् । त्यसले उनको अत्यन्त अविस्वसनीय र अवसरवादी चरित्रको पनि प्रदर्शन गरेको छ ।

आलोपालोमा प्रधानमन्त्री बन्ने सहमतिलाई पनि हामीले गलत ठहराउँछौं । हामीले प्रारम्भ देखि नै यो मत प्रकट गर्दै आएका छौं कि प्रधानमन्त्रीको चुनाव सहमति वा त्यो हुन नसकेमा बहुमतीय प्रणालीद्वारा नै हुनुपर्दछ । त्यसपछि सत्ता वा प्रतिपक्षमा भएका विभिन्न राजनीतिक शक्तिहरूले आपसमा सहमति र सहयोग गरेर संविधानको निर्माणको कार्यलाई सफल पार्नुपर्ने आवस्यकतामा हामीले जोड दिंदै आएका छौं । त्यसको विपरीत चक्रिय प्रणालीको हामीले लगातार विरोध गर्दै आएका छौं । त्यस प्रकारको प्रणालीले देशका अगाडिका जिम्मेवारीहरू पूरा गर्नेभन्दा पनि बेग्ला बेग्लै संगठनहरूको सत्ताको भोकलाई पूरा गर्ने प्रवृत्तिको नै संकेत दिन्छ । त्यही दृष्टिकोण अनुसार अहिलेको सातबुँदे सहमतिमा उल्लेखित चक्रिय प्रणाली वा आलोपालोको समझदारीलाई पनि हाम्रो पार्टीले गलत मान्दछ र त्यसको आलोचना गर्दछ । त्यो बाहेक त्यो सम्झौताको कमजोरी यो कुरामा छ कि त्यसले देशका प्रमुख राजनीतिक दलहरूका बीचमा सहमति कायम गर्नेभन्दा खालि दुई राजनीतिक शक्तिहरूद्वारा नै आलोपालो गरेर सत्ता कब्जा गर्ने कुरामा जोड दिन्छ । त्यो बाहेक त्यस प्रकारको तरिकालाई षडयन्त्रकारी प्रकारले सफल पार्ने प्रयत्न गरिएको छ । संवैधानिक र प्रजातान्त्रिक तरिकाले सहमति वा बहुमतीय प्रणालीद्वारा सरकारमा पुग्ने प्रयत्न गर्नुभन्दा पनि त्यसरी सत्ता कब्जा गर्ने तरिकालाई प्रजातान्त्रिक तरिका भन्न सकिन्न । त्यसको नै परिणाम हो कि अहिले प्रारम्भमा नै त्यसबारे विवाद पैदा भएको छ । त्यो विवादले मन्त्रीमण्डलको गठन र सरकारको काममा समेत कुन प्रकारको असर पर्ने हो ? त्यो गम्भीर सोचनीय प्रश्न बनेको छ ।

त्यो कुरा सजिलैसित अन्दाज गर्न सकिन्छ कि माओवादीको कारणले खनालको सरकारमा सबैभन्दा समस्या पैदा गर्नेछ। माओवादीहरूको कार्यप्रणाली र गतकालको उनीहरूको राजनीतिक पृष्ठभूमि माथि विचार गर्दा खनाल सरकारमा सामेल भएपनि उनीहरूले (माओवादीहरूले) बेग्लाबेग्लै शान्ति र संविधानको प्रक्रिया तथा गणतन्त्रलाई संस्थागत गर्ने कार्यमा बाधा पुऱ्याउने तथा देशमा आफ्नो अधिनायकवादी शासन कायम गर्न नै बढी प्रयत्न गर्ने बढी सम्भावना देखिन्छ। अहिले उनीहरूको सहमतिमा उल्लेखित माओवादी लडाकूहरूको बेग्लै बल खडा गर्ने बुँदा तथा त्यसलाई खनालले समर्थन गरेको कुराबाट उनले माओवादीहरूको नीतिलाई अनुशरण गर्ने नै बढी सम्भावना देखिन्छ। माओवादीहरूको त्यस प्रकारको नीति र खनालको उनीहरू प्रतिको सम्झौतापरस्त नीतिका कारणले शान्ति प्रक्रिया, संविधानको निर्माण तथा गणतन्त्रलाई संस्थागत गर्ने कार्यहरू कहाँसम्म सफल हुनेछन् ? गम्भीर र विचारणीय प्रश्न बन्न गएको छ। उक्त कार्यहरू सफल हुन नसकेमा देशमा प्रतिगमनलाई मद्दत पुग्ने वा देश असफल राष्ट्रमा परिणत हुने खतरा हुनेछ। माओवादीहरूको सम्पूर्ण कार्यप्रणाली र गतिविधिमा ध्यान दिंदा उनीहरूले देश र खनाल सरकारलाई पनि त्यही दिशामा लैजान उपयोग गर्ने तथा त्यस प्रकारका नीतिहरूप्रति स्पष्ट र सही दृष्टिकोण अपनाउन नसकेमा नयाँ सरकारको गठन भएपनि शान्ति, संविधान र गणतन्त्रलाई संस्थागत गर्ने कार्यमा त्यसले सकारात्मक भूमिका खेल्नसक्ने सम्भावना रहने छैन। त्यस प्रकारको अवस्थामा ने.क.पा. (मसाल)ले शान्ति, संविधान र गणतन्त्र पक्षधर सबै राजनीतिक शक्तिहरू र जनतासित उच्च प्रकारको सतर्कता अपनाउनु पर्ने र जनदवावको सिर्जना गर्नुपर्ने आवश्यकतामा विशेष जोड दिन्छ।

**२०६७/१२/०८**

## लिबिया माथि आक्रमण तथा जापानको आणविक भट्टि विस्फोट बारे जारी वक्तव्य

अमेरिकी साम्राज्यवादको नेतृत्वमा विभिन्न साम्राज्यवादी देशहरूद्वारा लिवियामाथि भइरहेको सैनिक आक्रमणको ने.क.पा. (मसाल) ले कडा शब्दमा विरोध गर्दछ। लिविया माथि आक्रमणको लागि मार्ग प्रशस्त गरेर संयुक्त राष्ट्रसंघले पुन: त्यो अमेरिकी साम्राज्यवादको कठपुतली संस्था नै भएको कुरा प्रष्ट गरेको छ। चीन, रूस, भारत, जर्मनी, ब्राजिल आदि देशहरूले संयुक्त राष्ट्रसंघको त्यो निर्णय वा लिविया माथिको आक्रमणलाई प्रत्यक्षरूपले समर्थन नगरे पनि उनीहरूको विरोध निष्कृय प्रकारको रह्यो र त्यसबाट व्यवहारमा उनीहरूले अप्रत्यक्ष रूपमा त्यो आक्रमणलाई समर्थन गरेको देखिन्छ

लिविया माथिको आक्रमण अमेरिकी साम्राज्यवादको विश्वव्यापी प्रभूत्वको नीतिको एउटा अंग हो। त्यसैले अहिले त्यहाँ भएको आक्रमण विश्वभरका स्वतन्त्रताप्रेमी राष्ट्र र जनता माथिको आक्रमण हो। त्यसका साथै त्यहाँको तानाशाही व्यवस्थाप्रतिको हाम्रो गम्भीर विरोध भएको र त्यसको विरूद्धको त्यहाँका जनताको आन्दोलनलाई हाम्रो पार्टीले समर्थन गरेको कुरा हामीले पहिले नै सार्वजनिक वक्तव्यद्वारा प्रष्ट गरिसकेका छौं। तर त्यस सन्दर्भमा यो कुराप्रति पनि हाम्रो गम्भीर ध्यान गएको छ कि, त्यहाँको तानाशाही व्यवस्था विरूद्धको संघर्षको नाममा स्वयं आफ्नो देशमाथिको साम्राज्यवादी आक्रमणलाई समर्थन गर्ने प्रकारको प्रवृत्तिहरू पनि त्यहाँ देखापरिरहेका छन्। त्यसप्रकारका सोंचाई वा नीतिहरूबाट स्वंय लिवियाको स्वतन्त्रता, सार्वभौमिकता र अखण्डतामाथि नै गम्भीर आँच पुग्ने छ र अन्तमा त्यहाँ आफ्नो प्रभूत्व कायम गर्ने साम्राज्यवादी षडयन्त्रलाई नै वल पुग्ने छ। यो कुनै लुकेको कुरा होइन कि अमेरिकी साम्राज्यवादले लिवियाको तानाशाही व्यवस्थाको विरूद्ध र जनताको आन्दोलनको समर्थनको नाममा जुन आक्रमण गरिरहेको छ, त्यसका पछाडिको वास्तविक उद्देश्य त्यहाँको तेल सम्पदामा कब्जा जमाउनु नै हो। त्यसैले हामीले त्यहाँका आन्दोलन पक्षधर शक्तिहरूमा देखापरेका आफ्नो देश माथि भइरहेको आक्रमण प्रतिको समर्थनका सोंचाईहरूलाई गलत मान्दछौं र तिनीहरूको आलोचना गर्दछौं। वास्तवमा साम्राज्यवादी आक्रमणका कारणले लिवियाका जनताका काँधमा आफ्नो देशको राष्ट्रियता र स्वतन्त्रताका लागि संघर्ष गर्ने ठूलो जिम्मेवारी आएको छ र हाम्रो पार्टीले त्यहाँका जनताले साम्राज्यवादका विरूद्ध र आफ्नो देशको स्वतन्त्रता र सार्वभौमिकताका पक्षमा गर्ने सबै प्रकारका संघर्षहरूलाई दृढतापूर्वक समर्थन गर्ने छ र तिनीहरूसित आफ्नो ऐक्यवद्धता प्रकट गर्ने छ।

जापानमा भूकम्प र सुनामीबाट भएको गम्भीर क्षतिको लागि हाम्रो पार्टीले त्यहाँको जनताप्रति गम्भीर सहानुभूति प्रकट गर्दछ। भूकम्प र सुनामी आए र गए तर त्यो भन्दा ठूलो खतरा त्यहाँका आणविक भट्टिहरूका कारणले उत्पन्न भएको छ। त्यसबाट खाली जापान मात्र होइन, सम्पूर्ण विश्वका लागि खतरा उत्पन्न भएको छ।

जापानका आणविक भट्टिहरूमा भएका विष्फोटहरू र तिनीहरूबाट उत्पन्न खतराबाट आणविक हतियार र आणविक भट्टिहरूबाट सम्पूर्ण मानव जाति र मानव सभ्यता नै समाप्त हुने खतराको संकेत मिलेको छ। जापानमा भन्दा संसारका अन्य कैयौं देशहरूसित कैयौं गुणा ठूला आणविक खजानाहरू छन्। त्यो अवस्थामा ती देशहरूमा प्राकृतिक प्रकोप वा प्राविधिक कमजोरी, युद्ध वा अन्य कुनै कारणले जापानको जस्तो आणविकस्थिति उत्पन्न भयो भने त्यसबाट मानव जातिका लागि नै कति ठूलो खतरा उत्पन्न हुनेछ ? अन्दाज गर्न मुश्किल पर्दैन। त्यसकारण सबैप्रकारका आणविक हतियार र भट्टिहरू माथि प्रतिवन्ध लगाउन तथा तिनीहरूलाई नष्ट गर्नका लागि विश्वव्यापी रूपमा आवाज उठ्नु पर्ने, आन्दोलन हुनुपर्ने आवश्यकता छ। जापानमा देखापरेको आणविक हतियारको पृष्ठभूमिमा त्यसबारे अन्तर्राष्ट्रिय स्तरमा नै आवाज उठ्न थालेको छ र त्यसले झन् पछि झन् व्यापक र शक्तिशाली रूप लिंदै गइरहेको छ। हाम्रो पार्टीले त्यसप्रकारका आवाज वा आन्दोलनहरूलाई पूरा समर्थन गर्दै आफ्नो तर्फबाट पनि त्यो दिशामा सक्दो योगदान दिने प्रयत्न गर्ने छ।

अन्तमा लिविया माथि भएको साम्राज्यवादी आक्रमणका

विरूद्ध तथा सबैप्रकारका आणविक हतियार र भट्टिहरूलाई नष्ट गर्नको लागि हाम्रो पार्टीले देशका सबै स्वतन्त्रता र शान्तिप्रेमी, राजनीतिक शक्ति, संघ-संस्था र आम जनतासित पनि अपिल गर्दछ ।

## २०६८/१/८
## अध्यक्ष प्रचण्डको जनविद्रोह स्थगित गर्ने प्रस्ताव बारे जारी वक्तव्य

ए.ने.क.पा. (माओवादी)का अध्यक्ष प्रचण्डद्वारा पोलिटव्यूरोको बैठकमा जनविद्रोहको कार्यदिशालाई स्थागित गरेर तत्काल शान्ति र संविधानमा जोड दिने जुन राजनीतिक प्रस्ताव प्रस्तुत गरेका छन्, त्यसलाई ने.क.पा. (मसाल) ले सकारात्मक रूपमा लिन्छ र स्वागत गर्दछ ।

अहिले देशमा विद्यमान अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक अवस्थामा आमूल परिवर्तन नगरिकन पूँजीवादी-प्रजातान्त्रिक क्रान्ति पनि सफल हुन सक्दैन । त्यसका लागि लामो क्रान्तिकारी आन्दोलनको प्रक्रियाबाट जानुपर्ने आवश्यकता भएको कुरा प्रष्ट छ । तैपनि वर्तमान अवस्थामा ०६२-६३ को आन्दोलनका उपलब्धिहरूको रक्षा, गणतन्त्रको सुदृढीकरण र त्यसका लागि संविधानको निर्माण नै ऐतिहासिक र राष्ट्रिय आवश्यकताहरू हुन् । यस प्रकारको अवस्थामा जन विद्रोहमा जोड दिने नीति सिद्धान्ततः सही भएपनि वर्तमान राजनीतिक परिस्थितिमा असान्दर्भिक र गलत हुन जान्छ । त्यसबाट गणतन्त्रलाई संस्थागत गर्ने र संविधानको निर्माणमा बाधा पुग्ने सम्भावना तथा प्रतिगमनलाई नै मद्दत पुग्ने सम्भावना रहने छ ।

त्यस प्रकारको पृष्ठभूमिमा माओवादी अध्यक्ष प्रचण्डको शान्ति र संविधानमा जोड दिने प्रस्तावको प्रगतिशील महत्व भएको कुरा प्रष्ट छ । त्यसैले हाम्रो पार्टीले माओवादीहरूसित भएका आफ्ना मतभेदहरूलाई सुरक्षित राख्दै वा आवश्यकतानुसार तिनीहरूलाई अगाडि बढाउँदै तत्काल शान्ति र संविधानका दिशामा उनीहरूले गर्ने प्रयत्नहरूलाई हाम्रो पार्टीले दृढतापूर्वक समर्थन गर्नेछ ।

## २०६८/०१/20
## लादेनको हत्याका सम्बन्धमा जारी वक्तव्य

संचारमाध्यमहरूले ओसामा विन लादेनको मृत्युको समाचार प्रकाशित गरेका छन्। पहिले पनि उनको मृत्युको समाचार प्रकाशित भएका थिए। तर पछि त्यो गलत सावित भएको थियो । तर अहिले आधिकारिक रूपमा नै त्यो समाचार बाहिर ल्याइएको छ । त्यसले गर्दा उनको मृत्यु नै भएको मान्नका लागि बढी आधार छ ।

लादेनलाई सर्वप्रथम अमेरिकी साम्राज्यवादीहरूले नै आफ्नो स्वार्थपूर्तिका लागि अगाडि ल्याएका थिए । तर पछि उनी अमेरिकी साम्राज्यवादका कट्टर दुश्मनको रूपमा देखापरे । जहाँसम्म साम्राज्यवादविरूद्धको उनको संघर्षको नीतिको प्रश्न छ, त्यो मूलतः सही छ । तर व्यवहारमा उनले अपनाएको आतंकवादी कार्यशैली गलत छ । उनको त्यसप्रकारको आतंकवादी नीति अन्ततः साम्राज्यवादले विश्वव्यापीरूपमा अपनाएको आतंकवादी नीतिको विरूद्धको प्रतिक्रिया हो ।

आज साम्राज्यवादले विश्वव्यापीरूपमा नै आतंकवादी नीति अपनाएको छ । इराक, अफगानिस्तान र हाल लिवियामा समेत त्यसले गरिरहेका आक्रमणकारी कार्वाहीहरू त्यसमा आतंकवादी नीतिका ज्वलन्त उदाहरणहरू हुन् । वास्तवमा साम्राज्यवाद आज विश्व शान्ति र स्वाधीन राष्ट्रहरूको स्वतन्त्रता र सार्वभौमिकताको नम्बर एक दुश्मन बनेको छ र त्यो नै विश्वभरमा देखापरिरहेको आतंकवादको मुख्य स्रोत पनि हो । त्यो अवस्थामा अमेरिकी साम्राज्यवाद विरूद्धको लादेन र उनको संगठन अलकायदाको रोष र संघर्षको स्पीरिट सही छ । त्यसले आजको साम्राज्यवादविरूद्धको विश्वव्यापी आवश्यकताको प्रतिनिधित्व गर्दछ । तर जस्तो कि माथि पनि स्पष्ट गरियो, उनीहरूले अपनाएको आतंकवादी कार्यशैली गलत छ । त्यसका साथै उनीहरूको आतंकवादी नीतिसित जोडिएको कट्टर धार्मिक उन्माद र रूढीवादिता तथा त्यसका आधारमा निर्दोष जनतामाथि समेत उनीहरूले गर्ने आक्रमणको नीति गलत छ ।

विन लादेनको मृत्यु भएपनि तथा उनको आतंकवादी कार्यप्रणाली गलत भएपनि साम्राज्यवादका विरूद्धको उनको सम्झौताहीन संघर्षको नीतिको सकारात्मक महत्व छ र त्यसको एउटा प्रतिकको रूपमा इतिहासमा उनको महत्वपूर्ण स्थान रहनेछ ।

## २०६८/०२/०१
## सरकारले संसद सचिवालयमा संविधानसभाको एकवर्ष म्याद थपको लागि प्रस्ताव दर्ता गराएको सन्दर्भमा जारी वक्तव्य

नेपाल कम्युनिष्ट पार्टी (मसाल)को हिजो, २०६८ बैशाख ३१ गते बसेको केन्द्रीय कार्यालयको बैठकले सरकारले संसदीय सचिवालयमा संविधानसभाको म्याद एकवर्षका लागि थप्नका लागि दर्ता गराएको प्रस्तावबारे तल लेखिएअनुसारको वक्तव्य जारी गर्ने निर्णय गरेको छ ।

सरकारले संविधानसभाको म्याद एक वर्ष बढाउनका लागि संसदीय सचिवालयमा दर्ता गरेको प्रस्तावप्रति ने.क.पा. (मसाल)को गम्भीर आपत्ति र विरोध प्रकट गर्दछ । त्यो प्रस्तावले थपिएको एक वर्षको अवधिमा संविधानको निर्माण गर्न सरकार असफल भएको कुरालाई बताउँछ । सरकारको त्यो असफलता समय नपुगेर होइन, प्रमुख राजनीतिक शक्तिहरूको नीति सम्बन्धी कमजोरी वा दोषपूर्ण कार्यप्रणालीका कारणले नै संविधान बन्न नसकेको हो ।

गतकालमा पहिले दुई वर्षको अवधिमा र पछि थपिएको एक वर्षको अवधिमा पनि धेरैजसो समय सरकार सम्बन्धी विवाद, सत्ताको भागबन्डाको झगडा वा आपसी प्रतिस्पर्धामा नै बितेकाले तोकिएको अवधिमा संविधान बन्न सकेन । अन्य कतिपय कारणहरूबाट पनि त्यो कार्यमा बाधा पुगेको छ, जसमध्ये संघीयता,

माओवादी भित्रको "वामपन्थी" संकीर्णतावादी दृष्टिकोण र शान्ति प्रक्रिया आदि मुख्य छन्। उक्त जुनसुकै कारणहरूले भएपनि संविधानको निर्माण समयमा हुन नसकेमा त्यसबाट पैदा हुने परिस्थितिमा गणतन्त्र कमजोर वा समाप्त हुने, देशमा अशान्ति वा अराजकता पैदा हुने, देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा समेत गम्भीर आँच पुग्ने सम्भावना रहने छ।

राष्ट्रिय जनमोर्चालाई छाडेर अन्य सबै राजनीतिक पार्टी वा संगठनहरूले संघीयतालाई समर्थन गरेको भएपनि त्यसको स्वरूप, प्रादेशिक वा जातीय राज्य, आत्मनिर्णयको अधिकार वा पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रवाद आदिबारे उनीहरूका बीचमा भएका गम्भीर मतभेदका कारणले पनि संविधानको निर्माणमा ढिला भइरहेको छ।

माओवादीभित्रको एउटा पक्षले उच्च क्रान्तिकारी नाराको कुरा उठाएर ०६२-६३ को आन्दोलन, गणतन्त्र र संविधानको निर्माण समेतलाई नकारात्मक दृष्टिले हेर्ने वा तिनीहरूको सफलतामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले बाधा हाल्ने कार्य गर्ने गरेको छ। त्यस प्रकारको सोंचाईले कुनै खास बेलाको ठोस स्थितिको ठोस विश्लेषण गरेर नीति वा कार्यक्रम निश्चित गर्ने मार्क्सवादी-लेनिनवादी चिन्तनप्रणालीसित मेल खान्न र त्यो "वामपन्थी" संकीणतावादी दृष्टिकोण हो। त्यस प्रकारको दोषपूर्ण दृष्टिकोणका कारणले पनि संविधानको निर्माणमा बाधा हाल्ने काम गरेको छ। शान्ति प्रक्रियामा देखापरेको जटिलता पनि संविधानको निर्माणमा ठूलो समस्या बनेको छ।

जुन कारणहरूको परिणामस्वरूप गतकालमा संविधानको निर्माण हुन सकेन ती कारणहरू यथावत रहेमा संविधानसभाको म्याद जतिपल्ट थपेपनि संविधानको निर्माण हुन सक्नेछैन। त्यस सन्दर्भमा यसप्रति पनि हाम्रो पार्टीको गम्भीर ध्यान गएको छ कि, एकातिर, संविधानको निर्माण नगरिकन संविधानसभाको विघटन ठूलो ऐतिहासिक र राजनीतिक क्षति हुनेछ। अर्कातिर, भागबण्डा वा आलोपालो गरेर प्रधानमन्त्री बन्नका लागि नै संविधानसभाको म्याद थप्दै गएमा त्यसको (संविधानसभाको) दुरूपयोग नै हुनेछ।

राजनीतिक शक्तिहरूका उपरोक्त प्रकारका कमजोरी वा दोषहरूलाई देशीय प्रतिगामी शक्तिहरू वा विदेशी साम्राज्यवादी र विस्तारवादी शक्तिहरूले आफ्ना निहित स्वार्थहरू पूरा गर्न उपयोग गरिरहेको वा उनीहरूको प्रभावमा कतिपय राजनीतिक शक्तिहरूले संविधानको निर्माण वा गणतन्त्रको सुदृढीकरणमा विभिन्न बहानामा बाधा पुराइरहेको सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न।

उपरोक्त प्रकारको पृष्ठभूमिमा संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूले सरकार वा सत्ताको भागबण्डामा बढी जोड दिने प्रवृत्ति वा वामपन्थी "संकीर्णवादी" दृष्टिकोणहरूलाई सच्चाएर देशको ऐतिहासिक आवश्यकताअनुसार संविधानको निर्माण र गणतन्त्रलाई संस्थागत गर्ने जिम्मेवारीहरू पूरा गर्नु आजको राष्ट्रिय आवश्यकता हो। त्यसै गरेर संघीयताका कारणले संविधानको निर्माणमा बाधा पुगेको कुरा माथि ध्यान दिंदै त्यसलाई (संघीयतालाई) संविधानमा सामेल गर्ने कार्यलाई छाडेर संविधानको निर्माण गर्ने सहमति कायम गर्नुपर्दछ। शान्ति प्रक्रियाका सन्दर्भमा पनि माओवादी लडाकूहरूलाई नेपाली सेनामा सामेल गर्ने जस्तो कार्यको ठाउँमा उनीहरूको पुनर्स्थापना वा व्यवस्थापन गर्ने कार्यमा जोड दिएर शान्ति प्रक्रियालाई सम्पन्न गर्ने प्रयत्न गर्नुपर्दछ। उक्त विषयहरूमा स्पष्ट दृष्टिकोण अपनाएर संविधानको निर्माणको कार्यलाई पूरा गर्न हामीले सम्बन्धित सबै राजनीतिक शक्तिहरूसित अपील गर्दछौं। तर त्यसका साथै हामीले यो कुरामा पनि विशेष जोड दिन चाहन्छौं कि अन्ततः व्यापक जनदवावद्वारा नै उक्त उद्देश्यहरू, अर्थात् संविधानको निर्माण र गणतन्त्रलाई संस्थागत गर्ने कार्य सम्पन्न हुन सक्नेछन्। त्यसैले त्यसका लागि हामीले सम्पूर्ण जनतासित अपील गर्दछौं।

उपरोक्त सबै कुराहरू माथि ध्यान दिएर नै हामीले संविधानसभाको म्याद थप्न राखिएको प्रस्तावबारे आफ्नो दृष्टिकोण स्पष्ट गर्नुपर्नेछ।

---

**२०६८/०२/१५**

## तीन महिनाका लागि म्याद थपको विषयमा केन्द्रीय कार्यालयको तर्फबाट जारी वक्तव्य

प्रमुख राजनीतिक शक्तिहरूका बीचमा सहमति भएर तीन महिनाका लागि संविधानसभाको म्याद थप्ने व्यवस्थापिका संसदको निर्णयलाई ने.क.पा. (मसाल)ले समर्थन गर्दछ। हामीले आशा गर्दछौं, अहिले गरिएको निर्णयले शान्ति प्रक्रिया र संविधानको निर्माण तथा गणतन्त्रलाई संस्थागत गर्न मद्दत गर्नेछ।

हाम्रो पार्टीको केन्द्रीय समितिको यही १० गते जारी गरिएको वक्तव्यमा भनिएको छ : प्रथम, "अहिले संविधानसभालाई विघटन गर्दा देशमा राजनीतिक संकटको अवस्थाको सिर्जना गर्नेछ।" त्यसकारण त्यो "वांछित" हुनेछैन। द्वितीय, "सरकारको आयु लम्बाउन तथा संविधानसभाको दुरूपयोगका लागि संविधानसभाको म्याद थप्दै गएमा त्यसको कुनै अर्थ हुनेछैन।" उपरोक्त प्रकारको अवस्थामा हाम्रो पार्टी यो निष्कर्षमा पुगेको थियो : "अहिलेको अन्यौलपूर्ण र अनिश्चित प्रकारको राजनीतिक अवस्थामा निकास दिनका लागि हाम्रो पार्टीले संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूसित शान्ति, संविधान र गणतन्त्रको पक्षमा सहमति कायम गरेर ठोस भूमिका खेल्नका लागि अनुरोध गर्दछ।" त्यसरी हाम्रो पार्टीले एकातिर, अहिलेको अवस्थामा निकासका लागि संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूका बीचको सहमतिमा र, अर्कातिर, त्यो सहमति खालि सरकारको भागबण्डाका लागि नभएर शान्ति, संविधान र गणतन्त्रका लागि नै हुनुपर्दछ भन्ने कुरामा जोड दिएको थियो।

अहिले संविधानसभाको म्याद एक वर्षका ठाउँमा तीन महिना मात्र बढाउने निर्णय भएको छ। त्यस सन्दर्भमा तीन प्रमुख राजनीतिक पक्षहरूका बीचमा भएको सहमतिमा "शान्ति प्रक्रियाका मूलभूत काम सम्पन्न गर्ने" तथा "संविधानको पहिलो

मस्यौदा तयार पार्ने" प्रतिवद्धता प्रकट गरिएको छ । संविधानसभाको म्याद तीन महिनाका लागि मात्र थपेर त्यो अवधिमा जुन कार्यहरू पूरा गर्ने प्रतिवद्धता प्रकट गरिएको छ, त्यस अनुसार काम भएमा शान्ति र संविधानको निर्माणमा सकारात्मक योगदान पुग्नेछ भन्ने हामीले आशा गर्दछौं ।

तर पहिले सरकारको नेतृत्व वा सरकारको भागबण्डा सम्बन्धी विवादका कारणले शान्ति र संविधान सम्बन्धी सहमति वा प्रतिवद्धताहरूको कार्यान्वयनमा बारम्बार बाधा पुग्ने गरेको छ । त्यस प्रकारको सिलसिला कायम रहेमा अहिले पनि उक्त कार्यहरू सम्पन्न हुन सक्ने छैनन् । एकातिर, गतकालका गल्तिहरूबाट शिक्षा लिँदै र अर्कातिर, देशलाई प्रतिगमनको खतराबाट बचाउन सम्बन्धित राजनीतिक शक्तिहरूसित आफ्नो प्रतिवद्धता अनुसार तीन महिनाको अवधिमा निर्धारित कार्यहरू पूरा गरेर संविधानको निर्माण तथा गणतन्त्रलाई संस्थागत गर्ने राष्ट्रिय जिम्मेवारी पूरा गर्नका लागि अनुरोध गर्दछौं ।

५ बुँदे सहमतिमा लेखिएका "नेपाली सेनालाई समावेशी बनाउने लगायतका मधेशी मोर्चासंग विगतमा भएका सहमतिहरूको प्रभावशाली कार्यान्वयन गर्ने" बुँदाप्रति पनि हाम्रो पार्टीको गम्भीर ध्यान आकर्षित भएको छ । प्रथम, हाम्रो पार्टीले माओवादी, मधेशीमोर्चा वा अन्य कुनै पक्षका लडाकूहरूलाई समूहगत रूपमा नेपाली सेनामा सामेल गर्ने कार्यको पहिले झै विरोध गर्दछ । द्वितीय, मधेशी मोर्चा वा अन्य कुनै पक्षसित देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा आँच पुग्ने प्रकारका कुनै पनि सहमतिको कार्यान्वयनको हाम्रो पार्टीले जोडदार विरोध गर्दछ ।

शान्ति र संविधान सम्बन्धी सहमतिको सन्दर्भमा अन्य कतिपय कारणहरूले पनि बाधा पुग्ने सम्भावनातिर पनि हाम्रो पार्टीले सम्बन्धित पक्षहरूको ध्यान आकर्षित गर्न चाहन्छ : प्रथम, संघीयता सम्बन्धी मतभेद गतकालमा संविधानको निर्माणमा एउटा मुख्य बाधा बनेर उभिएको थियो र संविधानको पहिलो मस्यौदा बनाउँदा पनि त्यो मतभेद समस्या बन्ने छ । त्यसकारण संघीयतालाई छाडेर संविधान बनाउने प्रयत्न गर्नुपर्दछ । द्वितीय, माओवादीहरू भित्रको "वामपन्थी" संकीर्णतावादी वा उग्र"वामपन्थी" चिन्तनले पनि शान्ति प्रक्रिया र संविधानको निर्माणमा बाधा पुराउने सम्भावना छ । उक्त कारणहरूलाई गम्भीर रूपमा लिँदै तिनीहरूबाट शान्ति प्रक्रिया र संविधानको निर्माणमा बाधा पुग्न नदिन विशेष ध्यान दिनुपर्ने आवश्यकता छ ।

यो कुराप्रति हाम्रो पार्टीको पूरा ध्यान छ कि गतकालमा जुन प्रवृत्ति वा कारणहरूले संविधानको निर्माणमा बाधा पुराए, तिनीहरूमाथि नियन्त्रण वा सुधार नभएमा थपिएको तीन महिनाका लागि ठेगान गरिएका कार्यहरू पनि सम्पन्न हुन सक्ने छैनन् । त्यो अवस्थामा पुन: जेष्ठ १४ गतेको जस्तो अन्यौल र अनिश्चयताको स्थितिको पुनरावृत्ति हुने तथा त्यसबाट देशभित्रका प्रतिगामी शक्ति तथा विदेशी साम्राज्यवादी र विस्तारवादी शक्तिहरूले फाइदा उठाउने सम्भावना रहने छ । त्यस्तो हुन नदिन निर्धारित समयमा शान्ति र संविधानको प्रतिवद्धता वा जिम्मेवारीहरू पूरा गर्न गम्भीर र इमान्दार हुनका लागि संविधानसभा र गणतन्त्र पक्षधर सबै राजनीतिक शक्तिहरूसित हाम्रो पार्टीले अपील गर्दछ । आगामी तीनमहिनाभित्र उक्त दिशामा कहाँसम्म सफलता प्राप्त गरिने छ ? त्यसले संविधानको निर्माण, गणतन्त्रको सुदृढीकरण सहित देशको भावी दिशा र भविष्यलाई निर्धारित गर्नेछ ।

---

**२०६८/३/५**

## सुडान प्रकरण तथा पत्रकार माथि आक्रमण बारे जारी पी.वी.को वक्तव्य

ने.क.पा. (मसाल) को हालै बसेको पी.वी.को बैठकले देशका कतिपय राजनीतिक प्रश्नहरूबारे छलफल गरी आफ्नो दृष्टिकोण स्पष्ट गरेको छ । त्यसबारे प्रकाश हाल्न यो वक्तव्य जारी गरिएको छ ।

संविधानको तीन महिनाको अवधि थप्ने बेलामा त्यो अवधि भित्र शान्ति प्रक्रिया र संविधान बारे जुन प्रतिवद्धता प्रकट गरिएको छ, त्यसबारे अहिलेसम्म ठोस प्रगति भएको छैन । तीन महिनाभित्र त्यस प्रकारको प्रतिवद्धताअनुसार काम हुन नसकेमा संविधानको विघटन हुने, देशमा अनिश्चित र अन्यौलपूर्ण राजनीतिक स्थितिको सिर्जना हुने या देश प्रतिगमनको दिशामा जाने समेत खतरा हुनेछ । त्यसकारण हाम्रो पार्टीले देशलाई अनिश्चित र अन्यौलपूर्ण राजनीतिक अवस्था वा प्रतिगमनको दिशामा जान नदिन संविधानमा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूसित विशेष रूपले गम्भीर र सतर्क भएर आफ्नो जिम्मेवारी पूरा गर्न अपील गर्दछ । हाम्रो पार्टीले माओवादी - अब मधेशवादीहरूको पनि कुरा उठ्न थालेको छ - लडाकूहरूलाई समुहगत रूपमा नेपाली सेनामा सामेल गर्ने वा संघीयता सम्बन्धी आफ्ना मतभिन्नतालाई कायम राख्दै शान्ति र संविधानका पक्षमा उठ्ने सबै सकारात्मक कदमलाई समर्थन दिने छ ।

पी.बी. सुडान प्रकरणबारे छलफल गरी यो निष्कर्षमा पुगेको छ कि अख्तियारले प्रहरी अधिकृतहरूबारे मात्र मुद्दा दर्ता गरी त्यो मुद्दामा मुख्य रूपले जिम्मेवार भएका राजनीतिक नेतृत्वलाई अलग राख्ने जुन कार्य गऱ्यो, त्यसबाट त्यसको (अख्तियारको) निष्पक्षतामा शंका उत्पन्न भएको छ । त्यसकारण हामीले सुडानको भ्रष्टाचारमा मुछिएका सबै राजनीतिक नेताहरू माथि पनि आवश्यक छानवीन गर्नुपर्ने र कारवाही अगाडि बढाउनु पर्ने आवश्यकतामा जोड दिन्छौं ।

विराटनगरका पत्रकार खिलानाथ ढकालमाथि ए.मा.ले.सित सम्बन्धित युथफोर्सका कार्यकर्ताद्वारा भएको सांघातिक र हिंसात्मक आक्रमणप्रति हाम्रो पार्टीको गम्भीर ध्यान आकर्षित भएको छ । यो देशमा बढ्दै गएको दण्डहीनताको चरम रूप हो । खास गरेर अहिले एमालेको नेतृत्वमा नै सरकार भएको बेलामा त्यस प्रकारको घटना घट्नु र दोषिमाथि आवश्यक कारवाही हुन नसक्नु गम्भीर चिन्ताको विषय हो । हाम्रो पार्टीले ढकाल माथि भएको आक्रमणको तीब्र शब्दमा भर्त्सना गर्दै दोषि माथि शीघ्र कारवाही र अपराध अनुसार सजायको माग गर्दछ । त्यसका साथै हामीले त्यसबारे पत्रकारहरूले चलाइरहेको आन्दोलनप्रति पनि आफ्नो ऐक्यवद्धता प्रकट गर्दछौं ।•